सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१६ जेठ २०८३, शनिबार (30 May 2026, Saturday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक ४७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-


अर्थतन्त्र सुधार र पूर्वाधारकेन्द्रित बजेट

७% को उच्च आर्थिक वृद्धिको लक्ष्य र महत्त्वाकांक्षी योजनासहित आगामी आर्थिक वर्षका लागि २१ खर्ब २४ अर्ब ३४ करोड ४४ लाखको बजेट, करका दरहरूमा बृहत् पुनरवलोकनमार्फत मध्यम वर्ग र निजी क्षेत्रलाई प्रोत्साहन गर्दै अर्थतन्त्र चलायमान बनाउने प्रयास

■ बजेट पढ्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले भने-

सेवा प्रवाह, निजी क्षेत्रको आत्मविश्वास र नागरिकको भरोसालाई एकैसाथ उकास्नु बजेटको ध्येय

मुलुक अहिले बृहत् आर्थिक सुधारको निर्णायक मोडमा उभिएको छ। राजनीतिक अस्थिरताको दुष्चक्र समाप्त भएको छ। अधिकांश समष्टिगत आर्थिक परिसूचक सुधारोन्मुख छन्। सुदृढ विदेशी विनिमय सञ्चितिसहित वित्तीय प्रणालीमा पर्याप्त तरलता छ, स्वच्छ ऊर्जा उत्पादन र नयाँ प्रविधिमा विशाल सम्भावना छन् भने युवा जनसांख्यिक शक्ति ठुलो पुँजीका रूपमा उपस्थित छ। यद्यपि, अन्तर्राष्ट्रिय आपूर्ति शृंखलाको अस्थिरता, आन्तरिक बजारको शिथिलता, उत्पादनशील क्षेत्रमा न्यून लगानी तथा सार्वजनिक संस्थाप्रतिको अविश्वास चुनौतीका रूपमा रहेका छन्। यस बजेटको ध्येय ती चुनौतीलाई अवसरमा रूपान्तरण गर्दै राज्यको सेवाप्रदायक क्षमता, निजी क्षेत्रको आत्मविश्वास र नागरिकको भरोसालाई एकैसाथ उकास्नु हुनेछ।



बजेटको स्रोत : राजस्व- १४ खर्ब ५ अर्ब। वैदेशिक अनुदान- ६१ अर्ब ७४ करोड। आन्तरिक ऋण- ४ खर्ब १० अर्ब। वैदेशिक ऋण- २ खर्ब ४७ अर्ब



तस्बिर : अमुल थापा

वित्तीय हस्तान्तरण

प्रदेश
१ खर्ब ९ अर्ब ६४ करोड

स्थानीय तह
३ खर्ब १४ अर्ब ६१ करोड

बजेट हाइलाइट्स्

- आयकर छुटको सीमा १० लाख पुऱ्याइयो, व्यक्तिगत आयकरको अधिकतम दर २९ प्रतिशतमा झारियो
- २७३ प्रकारका कच्चा पदार्थमा भन्सार दर घट्यो, एघार तहको भन्सार दरलाई सात तहमा झारियो
- ३६० वस्तुमा लाग्दै आएको अन्तःशुल्क खारेज, छरिएका करलाई एकीकृत गरी हरित कर सुरु
- विचाराधीन कर विवादका लागि निर्धारित कर रकममा १% थप गरी तोकिएको म्यादमा बुझाए मुद्दा फिर्ता लिई शुल्क, जरिवाना, थप दस्तुर, विलम्ब शुल्क वा ब्याज मिनाहा हुने
- कर्मचारीको बेसिक तलबमा १०% बढ्यो, १०% प्रोत्साहन भत्ता पनि थपियो, महँगी भत्ता यथावत्
- काठमाडौंमा देशकै पहिलो 'सार्वभौम एआई कम्प्युट केन्द्र' स्थापना गरिने
- मधेशमा मिर्गौला रोग उपचार केन्द्र र ट्रमा सेन्टर निर्माण गरिने
- बालबालिकाको क्यान्सर रोगको सरकारी अस्पतालमा निःशुल्क उपचार
- दलित समुदायको मौलिक सिप, कला र पेसाको प्रवर्द्धन गर्न मधेश, कर्णाली र सुदूरपश्चिमका सघन दलित बस्ती लक्षित गरी नमुना होमस्टे सञ्चलन गरिने
- रात्रिकालीन ड्युटीमा खटिने नर्सको भत्ता दोब्बर गरिने। महिला स्वास्थ्य स्वयंसेविकाहरूको यातायात शुल्क दोब्बरले वृद्धि
- ९० प्रतिशत नागरिकलाई स्वास्थ्य बिमामा आबद्ध गराइने
- अटिजम भएका बालबालिकालाई छुट्टै अस्पताल
- पिपिए गरेर निर्माण नभएका परियोजनाको लाइसेन्स रद्द गरिने



भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीलाई एक वर्षमा व्यवस्थापन गरिने

- संघीय सरकारका ३१ निकाय खारेज, ६ निकाय मर्जर, ६ निकाय हस्तान्तरण तथा १८ निकायको पुनर्संरचना
- एकीकृत बचतकर्ता सुरक्षा कोषमार्फत सहकारीका बचतकर्ताको रकम फिर्तालाई निरन्तरता दिइने
- नेपाल वायुसेवा निगमलाई कम्पनीमा रूपान्तरण गरिने
- टेलिकम, राष्ट्रिय जीवन बिमा कम्पनी र विशाल बजार कम्पनीको सेयर सर्वसाधारणका लागि निष्कासन गर्ने
- विद्युत् प्राधिकरणलाई उत्पादन, प्रसारण र वितरण तथा व्यापारका लागि तीन छुट्टाछुट्टै कम्पनीमा विभाजन गरिने
- निजी क्षेत्रलाई अन्तर्राष्ट्रिय बजारमा विद्युत् व्यापार गर्न पाउने व्यवस्था गरिने
- कृषिमा दुई करोडसम्म लगानी गर्नेलाई ४० प्रतिशतसम्म अनुदान
- सरकारले निःशुल्क उपलब्ध गराउने कम्तीमा २५ प्रकारका औषधि नेपाल औषधि लिमिटेडबाट उत्पादन गर्ने
- पाँच वर्षभित्र शतप्रतिशत नागरिकलाई स्वच्छ खानेपानी
- दलित बालबालिकाको बालपोषण भत्ता मासिक एक हजार पुऱ्याइयो
- महिलाहरूको सुरक्षित आवागमनका लागि सिसिक्यामेरासहितको आधुनिक 'ब्लु बस सेवा' सञ्चालन गरिने
- तीन वर्षभित्र कम्तीमा आठ हजार दर्शक क्षमताका दशवटा फुटबल रंगशालालाई फ्लडलाइटसहितको स्तरोन्नति र प्रमुख आठ सहरमा पाँच वर्षभित्र आधुनिक क्रिकेट रंगशाला निर्माण गरिने
- सिराहा र सप्तरीमा आँप तथा सर्लाहीमा गोलभेँडा प्रशोधन केन्द्र स्थापना गरिने। कर्णालीमा स्याउ, ओखरलगायतको फलफूलको जोन सञ्चालन गर्ने र चिस्यान केन्द्र स्थापना गरिने
- विद्युत् प्राधिकरण र निजी क्षेत्रको सहकार्यमा कम्पनी मोडलमा ग्रिन युरिया मल उद्योग सञ्चालन गरिने
- वैदेशिक रोजगारीमा जाँदा शून्य लागतलाई प्रोत्साहन गर्दै सेवा शुल्कलाई श्रमिकमैत्री बनाइने
- कृषि एवं पशुजन्य उद्यम गर्न चाहने एक हजार युवा उद्यमीलाई स्टार्टअप सुविधा दिइने
- सूचना प्रविधि उद्योगलाई राष्ट्रको नयाँ आर्थिक इन्जिनका रूपमा अगाडि बढाउन यस्ता सेवाको निर्यातबाट आर्जित आयमा ५० प्रतिशत कर छुट दिइने
- महानगर र उपमहानगरबाहेकका क्षेत्रमा नयाँ चलचित्र हल स्थापना गर्नेलाई सुरुको दश वर्षसम्म पूर्ण रूपमा आयकर छुट दिइने
- इलेक्ट्रिक सवारीसाधनमा पिकपावर क्षमताको आधारमा लाग्दै आएको भन्सार महसुललाई मूल्यगत आधारमा लगाइने
- चुरोटमा करिब १० प्रतिशतसम्म र मदिरा तथा बियरमा लाग्ने अन्तःशुल्कमा वृद्धि
- सुनको गरगहनामा लगाइएको २% विलासिता शुल्क हट्यो। तर, ०.५% सिप प्रवर्द्धन शुल्क लगाइयो
- १२ सय मेगावाटको बुढीगण्डकी बनाउन अधिकार सम्पन्न प्राधिकरण मोडल बनाइने

निजी क्षेत्र भन्छ- बजेटले मनोबल बढायो
विपक्षी दल भन्छन्- महत्त्वाकांक्षी भयो



● **मनीष झा**, प्रवक्ता, रास्वपा

बजेटले मधेश, कर्णाली र सुदूरपश्चिमलाई निकै प्राथमिकतामा राखेको छ। सडक, पुल, उद्यमी, सूचना प्रविधि, वैदेशिक लगानी, प्रवासी नेपालीलाई प्राथमिकतामा राखेको छ। दलित, दलित बालबालिकालाई खाजा-भत्ता परिकल्पना गरेको छ। हामी उत्साहित र हर्षित छौं।

पवन तिमिल्सिना, कृष्ण रिजाल

संसद्मा सुविधाजनक बहुमत रहेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकारले आर्थिक सुधार, उत्पादन वृद्धि र पूर्वाधार विकासलाई केन्द्रमा राख्दै महत्त्वाकांक्षी बजेट ल्याएको छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले शुक्रबार आगामी आर्थिक वर्ष ०८३/८४ का लागि सात प्रतिशत आर्थिक वृद्धिदरको लक्ष्यसहित २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँको बजेट सार्वजनिक गरेका हुन्। रास्वपाको घोषणापत्र र सरकारको शासकीय सुधारको मार्गचित्रलाई समेत समेटेर बजेट ल्याइएको छ।

अर्थतन्त्रका वर्तमान चुनौतीलाई अवसरमा रूपान्तरण गर्दै राज्यको सेवा प्रवाह क्षमता, निजी क्षेत्रको आत्मविश्वास र नागरिकको भरोसा एकसाथ बढाउने बजेटको प्रमुख उद्देश्य रहेको अर्थमन्त्रीले बताएका छन्। उनले यो बजेटलाई उत्पादनमुखी अर्थतन्त्र, अन्तर्राष्ट्रिय प्रतिष्ठा र प्रविधिमैत्री रूपान्तरणतर्फको महत्त्वपूर्ण नीतिगत कदमका रूपमा प्रस्तुत गरेका छन्।



अंगराज तिमिल्सिना
अर्थशास्त्री

बजेटले सैद्धान्तिक रूपमा नयाँ दिशातर्फको संकेत गरेको छ

तर, अर्थशास्त्री तथा निजी क्षेत्रका प्रतिनिधिहरूले बजेट सकारात्मक भए पनि कार्यान्वयन चुनौतीपूर्ण हुने प्रतिक्रिया दिएका छन्। विपक्षी दलका नेताहरूले भने बजेटलाई महत्त्वाकांक्षी, अवास्तविक तथा लोक-रिझाउने प्रकृतिको भन्दै आलोचना गरेका छन्।

अर्थमन्त्रीले उद्यम-व्यवसायलाई राहत दिने र मध्यम वर्गको विस्तारमार्फत समग्र अर्थतन्त्र गतिशील बनाउने उद्देश्यसहित करका दरहरूमा व्यापक पुनरवलोकन गरेका छन्। बजेटमा सडक यातायात, डिजिटल प्रविधि, सिँचाइ तथा औद्योगिक-व्यापारिक पूर्वाधारलाई तीव्रता दिने नीतिगत तथा कानुनी व्यवस्था पनि घोषणा गरिएको छ।

बजेटमा अर्थमन्त्री वाग्लेले सरकारी निकायको पुनर्संरचना गरी खर्च कटौती गर्ने र सेवा प्रवाह सुधार गर्ने लक्ष्य राखेका छन्। त्यस्तै, कच्चा पदार्थ आयातमा भन्सार दर घटाउने, अन्तःशुल्क खारेज गर्ने तथा बन्द उद्योग पुनः सञ्चालन र क्षमता विस्तारमा सहजीकरण गर्ने नीति पनि अघि सारिएको छ। दलित, मधेश, कर्णालीलगायत पिछडिएका वर्ग तथा क्षेत्रलक्षित कार्यक्रमसमेत बजेटमा समेटिएको छ।

बजेटले सबै क्षेत्रलाई समेट्ने प्रयास गरे पनि स्रोत व्यवस्थापन, कार्यान्वयन क्षमता र आर्थिक यथार्थबिच तालमेल आवश्यक रहेको सरोकारवालाको धारणा छ। तर, अर्थमन्त्री वाग्लेले भने बजेटको इमानदार कार्यान्वयनमार्फत आगामी पाँच वर्षभित्र नेपाललाई सुशासित, समुन्नत र स्वाभिमानी राष्ट्रमा रूपान्तरण गर्दै सोह्रौं योजना तथा दिगो

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

● **अर्जुननरसिंह केसी**, नेता, कांग्रेस

बजेट महत्त्वाकांक्षी छ। १९ खर्ब ८० अर्ब रुपैयाँको सिलिङ पार गर्दै २१ खर्ब २४ अर्बको बजेट ल्याइएको छ। राजस्व २० प्रतिशत वृद्धि गर्ने भनेको छ। आर्थिक वृद्धिदर सात प्रतिशत पुऱ्याउँछु भनेको छ। उच्च आकांक्षाहरू व्यावहारिक रूपले रूपान्तरण हुन्छन्-हुँदैनन् भन्ने आशंका छ।

● **पुष्पराज कँडेल**, एमाले नेता तथा योजना आयोगका पूर्वउपाध्यक्ष

बजेट अनुशासनतिर जाने होला र थिति बसाल्नुहोला भन्ने सोचिएको थियो। तर, कमजोर बजेट आयो। उच्च-मध्यम वर्गलाई प्राथमिकता दिएको छ, तर गरिब र तल्लो वर्गलाई पर्याप्त सम्बोधन गरिएको छैन।

● **वर्षमान पुन**, पूर्वअर्थमन्त्री

बजेट अवास्तविक देखियो। आकार सिलिङभन्दा झन्डै दुई खर्ब ठुलो छ। बढी नै वितरणमुखी छ। उहाँहरू कुनै न कुनै रूपमा स्थानीय तहको चुनावमा लागेजस्तो देखियो। आन्तरिक ऋण असाध्यै धेरै भयो। रोजगारी कसरी, कहाँबाट सिर्जना हुन्छ भन्ने देखिएन। अहिले आवश्यक युवाहरूलाई रोजगारीको हो।

● **आरेन राई**, प्रमुख सचेतक, श्रम संस्कृति

कर्मचारीको तलब बढाउनु राम्रो छ। विदेशी मदिराको कर बढाउने पनि राम्रै हो। स्वदेशी मदिरालाई प्रवर्द्धन गर्ने राम्रो हो। विरोधका लागि विरोध गर्दैनौं। किताबमा लेख्नु र व्यवहारमा उतार्नु फरक कुरा हो, कार्यान्वयनपछि परिणाम देखिनेछ।

● **खुश्बु ओली**, प्रमुख सचेतक, राप्रपा

बजेट महत्त्वाकांक्षी छ, स्रोतमा ठुलो ऋण छ। वैदेशिक ऋणभन्दा आन्तरिक ऋण उठाउने लक्ष्य व्यावहारिक छैन, यसलाई व्यवस्थापन गर्न झन् चुनौतीपूर्ण छ।

● **अञ्जन श्रेष्ठ**, अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ

बजेटले निजी क्षेत्रको मनोबल बढाएको छ, धेरै चासो सम्बोधन गरेको छ। महत्त्वाकांक्षी भए पनि दुईतिहाइको सरकारले इच्छाशक्ति भए कार्यान्वयन गर्न सक्छ। विश्वास गर्न सकिने ठाउँ देखेका छौं। मध्यम वर्गलाई बजेटले समेटेको छ। करका दरहरू घट्दा वस्तुको लागत कम हुन्छ। र, सेवाग्राहीलाई नै लाभ हुन्छ।

● **कमलेश अग्रवाल**, अध्यक्ष, नेपाल चेम्बर अफ कमर्स

बजेटले निजी क्षेत्रको आत्मविश्वास बढाउने वातावरण सिर्जना गरेको छ। अहिले दुईतिहाइको स्थायी सरकार छ। त्यसैले नीति कानुनमा संशोधन गर्न उहाँहरूलाई धेरै सहज छ। निजी क्षेत्रको आत्मविश्वास बढाउन खोज्नुभएको छ, विश्वास बढ्यो भने लक्ष्य पूरा गर्न त्यति असहज हुँदैन। तर, लक्ष्यअनुसारको कार्यान्वयन पक्ष पनि हुनुपर्‍यो। मौद्रिक नीति पनि यहीअनुसार आउनुपर्छ।

● **मोहन कटवाल**, उपाध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासंघ

बजेटले युवा उद्यमशीलता, लघु तथा साना उद्योग, निर्यात प्रवर्द्धन र सिपयुक्त जनशक्ति उत्पादनलाई प्राथमिकता दिएको छ। बजेट सकारात्मक छ। स्टार्टअप, कच्चा पदार्थमा भन्सार सहुलियत, वित्तीय पहुँच विस्तारजस्ता कार्यक्रम सकारात्मक छन्। विगतमा बजेट कार्यान्वयन कमजोर रहे पनि अहिलेको राजनीतिक स्थायित्वले यसपटक कार्यान्वयन हुने अपेक्षा गरिएको छ।

करमा के भयो फेरबदल ?



● दुर्गाप्रसाद ज्ञवाली
(चार्टर्ड एकाउन्टेन्ट)

सरकारले मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र भन्सार महसुललगायतका दर तथा संरचनामा व्यापक हेरफेर गरेको छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले शुक्रबार संघीय संसद्को संयुक्त बैठकमा आगामी आवका लागि बजेटसँगै आर्थिक विधेयक, २०८३ पेस गरेका हुन्। व्यक्तिगत आयकरमा ऐतिहासिक राहत, बहुदर भ्याटको सुरुवात, ट्रान्सफर प्राइसिङमा सेफ हर्बर, एपिएको प्रावधान तथा कर छुट योजना मिलेर नेपालको कर संरचनालाई आधुनिक र व्यवसायमैत्री

» पृष्ठ २ मा क्रमशः

■ घरजग्गा कारोबार

अवस्था	विद्यमान	नयाँ
५ वर्षभन्दा बढी होल्डिङ	५%	७.५%
५ वर्षभन्दा कम होल्डिङ	५%	१०%
सरकारी अनिवार्य अधिग्रहण	५%	२.५%
विकास आयोजनाका लागि सरकारी मूल्यांकन	कर लाग्थ्यो	छुट

■ सेयर कारोबार

होल्डिङ अवधि	विद्यमान	नयाँ
३६५ दिनभन्दा बढी	५%	७.५%
३६५ दिनभन्दा कम	७.५%	१०%

■ व्यक्तिगत आयकरको सीमा र दर

वार्षिक करयोग्य आय (रु.)	स्ल्याब रकम (रु.)	कर दर
०-१०,००,०००	१०,००,०००	१%
१०,००,००१-१५,००,०००	५,००,०००	१०%
१५,००,००१-२५,००,०००	१०,००,०००	२०%
२५,००,००१-४०,००,०००	१५,००,०००	२७%
४०,००,००० भन्दा माथि	असीमित	२९%

■ भ्याट

वस्तु/सेवा	विद्यमान	नयाँ
मासिक ५० युनिटभन्दा बढीमा	-	१३%
डिजिटल भुक्तानीमा	कार्यान्वयन थिएन	१०% छुट

आइटी कर्मचारीको स्वेट इक्विटी : करयोग्य आयमा शतप्रतिशत छुट। नयाँ चलचित्र हल (महानगर/उपमहानगरबाहेक) : सुरुका १० वर्ष आयकर छुट। कृषि प्रशोधन उद्योग : पहिलो १० वर्ष आयकर छुट, कोल्ड स्टोर/प्याकेजिङ मेसिनरीमा भ्याट छुट

विद्युतीय सवारीमा २.५% देखि ११२.५% सम्म कर

सरकारले निर्धारण गरेको नयाँ कर संरचनाअनुसार २० लाख रुपैयाँसम्म भन्सार मूल्य भएका इभीमा २.५ प्रतिशत स्वच्छ पूर्वाधार लगानी शुल्क लाग्नेछ। त्यस्तै, ३० लाखदेखि ४० लाख रुपैयाँसम्मका इभीमा १७.५ प्रतिशत, ४० लाखदेखि ५० लाख रुपैयाँसम्मका गाडीमा ७२.५ प्रतिशत तथा ५० लाख रुपैयाँभन्दा माथिका इभीमा ११२.५ प्रतिशतसम्म कर लाग्ने व्यवस्था गरिएको छ।

● राइड सेयरिङ सेवामा ५ प्रतिशत भ्याट लाग्ने

अर्थतन्त्र सुधार...

पृष्ठ १ बाट क्रमशः

विकासका अधिकांश लक्ष्य हासिल हुने विश्वास व्यक्त गरेका छन् ।

व्यक्तिगत आयकरदेखि उद्योग र व्यवसायसम्म विभिन्न कर छुटका योजनासहित अर्थमन्त्री डा. वाग्लेले बजेट खर्चको ठुलो हिस्सा राजस्वबाटै पूर्ति गर्ने महत्त्वाकांक्षी लक्ष्य राखेका छन् । कुल बजेटको ६६.१५ प्रतिशत अर्थात् १४ खर्ब पाँच अर्ब ३१ करोड रुपैयाँ राजस्वबाट जुटाउने लक्ष्य लिइएको छ ।

तर, हालको अवस्थामा सरकारले उठाउने राजस्वले साधारण खर्चसमेत धान्न कठिन भइरहेको सन्दर्भमा यो लक्ष्य अत्यन्तै महत्त्वाकांक्षी रहेको अर्थशास्त्रीहरूको मूल्यांकन छ । त्यसमाथि कर छुटका व्यापक योजनाले राजस्व संकलनमा थप दबाब सिर्जना गर्ने जोखिम छ । यसैलाई लिएर विपक्षीहरूले बजेटको लक्ष्य हासिलमाथि प्रश्न उठाएका छन् ।

अर्थमन्त्रीले चालू आर्थिक वर्षको संशोधित अनुमानको तुलनामा २५.२ प्रतिशतले बढी हुने गरी बजेट ल्याएका छन् । राष्ट्रिय योजना आयोगले दिएको खर्च र स्रोतको सीमा १८ खर्ब ९० अर्ब रुपैयाँ थियो । तर, सरकारले दुई खर्ब ३३ अर्ब ९० करोड रुपैयाँ (१२.३७ प्रतिशत) बढाएर बजेट ल्याएको छ ।

कुल विनियोजनमध्ये चालूतर्फ १२ खर्ब ७० अर्ब ५८ करोड अर्थात् कुल विनियोजनको ५९.८ प्रतिशत, पुँजीगततर्फ चार खर्ब ३१ अर्ब १० करोड अर्थात् २०.३ प्रतिशत, वित्तीय व्यवस्थातर्फ चार खर्ब २२ अर्ब ६४ करोड अर्थात् १९.९ प्रतिशत रहेको छ । आगामी आवमा वैदेशिक अनुदानबाट ६१ अर्ब ७४ करोड र वैदेशिक ऋणबाट दुई खर्ब ४७ अर्ब २८ करोड र आन्तरिक ऋणबाट चार खर्ब १० अर्ब परिचालन गर्ने लक्ष्य राखिएको छ । आगामी आर्थिक वर्ष दुई खर्ब ४५ अर्ब ८९ करोड आन्तरिक ऋणको साँवा भुक्तानी हुने हुँदा खुद एक खर्ब ६४ अर्ब ११ करोड मात्र आन्तरिक ऋण परिचालन हुने अर्थमन्त्रीले बताए ।

अर्थशास्त्री अंगराज तिमिल्सिनाले बजेटले परम्परागत शैली तोड्दै केही हदसम्म क्रमभंगता गर्ने प्रयास गरेको देखिए पनि राजस्व लक्ष्य अत्यन्तै महत्त्वाकांक्षी रहेको प्रतिक्रिया दिए । उनका अनुसार नेपालमा यसअघि पनि यस्तै उच्च लक्ष्यसहितका बजेट आउने गरेको भए पनि वास्तविक सफलता स्रोत परिचालन र कार्यान्वयन क्षमतामा निर्भर रहने गर्छ ।

'कार्यान्वयन पक्ष चुनौतीपूर्ण भए पनि सैद्धान्तिक रूपमा बजेटले केही नयाँ दिशा समातेको छ । नेपालको पूर्वाधार र आर्टिफिसियल इन्टेलिजेन्स (एआई)बिचको खाडल पूर्ति गर्ने प्रयास गरिएको छ, साथै डिजिटल पूर्वाधारमा पनि जोड दिइएको छ,' उनले भने, 'वास्तविक सफलता स्रोत परिचालन र कार्यान्वयन क्षमतामा निर्भर हुन्छ ।'

तिमिल्सिनाले कर प्रणालीलाई सरलीकृत गरिएको कदमको प्रशंसा गरेका छन् । उनका अनुसार बारम्बार कर नीतिमा हुने परिवर्तनले लगानीकर्तामा अनिश्चितता सिर्जना गर्ने भएकाले राजस्व नीतिमा स्थायित्व आवश्यक छ । 'विभिन्न छरिएका करलाई एकीकृत गर्दै हरित करको अवधारणामा ल्याउनु सकारात्मक छ,' उनी भन्छन्, 'तर, अनौपचारिक अर्थतन्त्रलाई औपचारिक प्रणालीमा ल्याउने स्पष्ट र ठोस कार्यक्रम भने बजेटमा अभाव देखिन्छ ।'

मध्यग वर्ग, निजी क्षेत्र र कर्मचारीलाई प्रोत्साहन

अर्थमन्त्री डा. वाग्लेले बजेटले ऊर्जा, कृषि, वन, उद्योग, पर्यटन, सूचना प्रविधि र मानव पुँजीलाई आगामी दशकको आर्थिक समृद्धिका संवाहक क्षेत्रका रूपमा अघि बढाई अर्थतन्त्रमा संरचनात्मक सुधारको नयाँ चरण प्रारम्भ गरेको उद्घोष गरेका छन् । बजेटमा मध्यम वर्ग, निजी क्षेत्र र कर्मचारीलाई प्रोत्साहनका कार्यक्रम छन् ।

उद्यम व्यवसायलाई राहत तथा मध्यम वर्गको विस्तार गरी समग्र अर्थतन्त्रलाई गतिशील बनाउन भन्दै उनले करका दरमा बृहत् पुनरवलोकन गरेका छन् । 'करको बोझ घटाउन आयकर छुटको सीमा दोब्बर गरी व्यक्तिका लागि १० लाख रुपैयाँ पुऱ्याएको छु । व्यक्तिगत आयकरको अधिकतम दरलाई १० प्रतिशत विन्दुले घटाएको छु,' उनले भने । हाल अविवाहितका हकमा व्यक्तिगत आयकरको न्यूनतम सीमा पाँच लाख रुपैयाँ थियो । त्यस्तै, वार्षिक ५० लाख रुपैयाँभन्दा माथिको आम्दानीमा ३९ प्रतिशत कर लाग्ने गरेको थियो । अब २९ प्रतिशत लाग्ने भएको छ । आगामी साउनदेखि लागू हुने गरी गरिएको कर्मचारीले न्यूनतम मासिक ४० हजार रुपैयाँदेखि अधिकतम तलब एक लाख रुपैयाँ हुने गरी कर्मचारीको तलब वृद्धि गरिएको छ ।

नेपालमा उद्योगमा लगानीको प्रक्रियामा भइरहेको झन्झटलाई मुक्त बनाउने बजेटमा उल्लेख छ । औद्योगिक व्यवसाय ऐन संशोधन गरी उद्योगको क्षमता वृद्धि, स्वामित्व परिवर्तन, पुँजी वृद्धिलगायतका विषयमा उद्योग विभागलाई जानकारी मात्र गराए पुग्ने व्यवस्था गर्ने उल्लेख छ । विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनमा संशोधन गरी लगानी फिर्ताका लागि नेपाल राष्ट्र बैंकको पूर्वस्वीकृति लिनुनपर्ने भनिएको छ ।

वैदेशिक लगानीको स्वचालित स्वीकृति प्रक्रियामा पूर्वस्वीकृतिको व्यवस्था हटाउने भनिएको छ । विदेशमा सेवा शुल्क भुक्तानी, रोयल्टी र प्रविधिबापतको रकम पठाउने प्रक्रिया सरल बनाउने प्रतिबद्धता जनाइएको छ ।

कानुनी अस्पष्टता र करदाताको अज्ञानताका कारण लामो समयदेखि सिर्जित कर विवादलाई निरूपण गरी व्यावसायिक वातावरण तयार गर्न कर छुट तथा सहुलियतसम्बन्धी विशेष योजना ल्याइएको उल्लेख छ । सरकार वा करदाता पक्षबाट अदालत वा न्यायिक निकायमा पुगी विचाराधीन रहेको कर विवाद समाधान गर्न निर्धारित कर रकममा एक प्रतिशत थप गरी तोकिएको म्यादभित्र बुझाएमा मुद्दा फिर्ता लिई शुल्क, जरिवाना, थप दस्तुर, विलम्ब शुल्क वा ब्याज मिनाहा हुने व्यवस्था मिलाइएको छ ।

ग्रिन हाइड्रोजन उत्पादनका लागि आवश्यक पर्ने मेसिन, यन्त्र तथा उपकरण ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको सिफारिसमा आयात गर्दा अन्तःशुल्क छुट दिइने नीति लिइएको छ । नेपालमै पानी र नवीकरणीय ऊर्जाबाट वातावरणमैत्री 'ग्रिन हाइड्रोजन' (इन्धन) उत्पादन गर्ने उद्योग खोल्न चाहनेका लागि सरकारले ठुलो राहत दिएको छ ।

चाउचाउ, पास्ता, म्याकरोनी र स्प्यागेटीजस्ता मैदाजन्य खानेकुरा उत्पादन गर्न नेपालमै खोलिएका उद्योगहरूले यी सामान उत्पादन गर्दा लाग्ने अन्तःशुल्कमा ३५ प्रतिशत छुट पाउनेछन् । यसले गर्दा स्वदेशी चाउचाउ र पास्ता उद्योग बलिया हुनेछन् र बजारमा प्रतिस्पर्धा गर्न सजिलो हुने उल्लेख छ ।

बाह्य क्षेत्रको सुविधा उपयोग गर्ने नीति

सरकारले आगामी आर्थिक वर्षको बजेटमार्फत देशको अर्थतन्त्रलाई आधुनिक र प्रविधिमैत्री दिशामा अघि बढाउन रणनीतिक घोषणा गरेको छ । देशमा विदेशी मुद्राको सञ्चिति सुविधाजनक अवस्थामा रहेको अवसरलाई छोप्दै सरकारले पहिलोपटक 'सोभरेन वेल्थ फन्ड' (सार्वभौम कोष)को अवधारणा अघि सारेको हो । बजेट वक्तव्यअनुसार वैदेशिक मुद्रा सञ्चितिको केही प्रतिशत रकम 'सोभरेन वेल्थ फन्ड'का रूपमा परिचालन गर्ने नीति लिइएको छ । कम्तीमा तीन महिनाको इन्धन भण्डारण क्षमता बढाउन र एआई फ्याक्ट्रीजस्ता रणनीतिक महत्त्वका आयोजनामा लगानी गर्न 'मातृभूमि कोष' स्थापना गरिने भएको छ ।

विदेशी लगानीकर्तालाई आकर्षित गर्न र विदेशी ऋण वा लगानीका आयोजनामा हुने विनिमय जोखिम (डलरको भाउ तलमाथि हुँदा हुने जोखिम) न्यून गर्न आगामी आर्थिक वर्षदेखि उपयुक्त प्रिमियममा हेजिङ सेवा उपलब्ध गराइने बजेटमा उल्लेख छ । यसका साथै नेपालको पहिलो र दोस्रो सार्वभौम क्रेडिट रेटिङको नतिजामा सुधार ल्याउन अनुकूल आर्थिक वातावरण सिर्जना गर्ने र नेपाललाई सम्पत्ति शुद्धीकरणसम्बन्धी ग्रे लिस्टबाट यथाशक्य छिटो हटाउन विशेष पहल गर्ने प्रतिबद्धता सरकारले जनाएको छ ।

नेपाललाई एआई युगमा लैजाने घोषणा, स्युचाटारमा एआई केन्द्र

सरकारले नेपाललाई आर्टिफिसियल इन्टेलिजेन्स (एआई)को युगमा आत्मविश्वासका साथ प्रवेश गराउन विशेष पहल सुरु गरेको छ । यसअन्तर्गत काठमाडौंको स्युचाटारमा देशकै पहिलो 'सार्वभौम एआई कम्प्युट केन्द्र' स्थापना गरिने भएको छ । एआई प्रविधिको विकासका लागि सरकारले हजारौँ एआई प्रोसेसिङ युनिट खरिद गर्ने र एआई उद्यमी तथा स्टार्टअपहरूलाई सहुलियतपूर्ण दरमा कम्प्युट क्षमता उपलब्ध गराउने महत्त्वाकांक्षी योजना अघि सारेको छ । नेपालको स्वच्छ जलविद्युत् ऊर्जालाई उच्च मूल्यको एआई कम्प्युट सेवामा रूपान्तरण गर्दै सिपयुक्त रोजगारी, डिजिटल निर्यात र एआईमा आधारित आर्थिक रूपान्तरणको जग निर्माण गरिने बजेटमा विश्वास व्यक्त गरिएको छ ।

यस क्षेत्रमा बौद्धिक पलायनलाई रोक्न र बिदेसिएका प्रतिभालाई आकर्षित गर्न आगामी आर्थिक वर्ष एआईको क्षेत्रमा अन्तर्राष्ट्रिय ख्याति कमाइरहेका कम्तीमा १५ जना नेपाली शोधकर्तालाई प्रतिष्ठित फेलोसिप प्रदान गरी नेपाल फर्केर योगदान गर्न आमन्त्रण गरिनेछ । एआईको युगमा जग मानिने गणितलगायतका शैक्षिक विधालाई अब उच्च प्राथमिकता दिइने बजेटमा उल्लेख छ । डिजिटल र आधुनिक अर्थतन्त्रको जग बलियो बनाउन समग्र शैक्षिक प्रणालीमै आमूल सुधार (प्रणालीगत पुनर्संरचना) गरिने सरकारको योजना छ ।

जसका लागि राष्ट्रिय विद्यालय नक्सांकन र पूर्वाधार अडिट गरिने उल्लेख छ । शिक्षकहरूको क्षमता परीक्षण गरिने पनि भनिएको छ । त्यस्तै, विद्यालयहरूमा एआई तथा एड-टेक तत्परता मूल्यांकन गरिने भनिएको छ । यिनै सूचकका आधारमा देशैभर नवप्रवर्तन र सिपकेन्द्रित शिक्षा विस्तार गर्न विद्यालय शिक्षामा बजेट तथा लगानी बढाउने घोषणा सरकारले गरेको छ ।

तीन देशमा दूतावास बन्द, दुई महावाणिज्य दूतावाससमेत खारेज

खर्च कटौती र बदलिँदो आर्थिक कूटनीतिक प्राथमिकतालाई आधार बनाउँदै सरकारले ब्राजिल, डेनमार्क र दक्षिण अफ्रिकामा रहेका नेपाली दूतावास खारेज गर्ने निर्णय गरेको छ । साथै, चीनको छेङ्दु र अमेरिकाको सानफ्रान्सिस्कोस्थित नेपाली महावाणिज्य दूतावास पनि बन्द गरिने भएको छ । भारतको दिल्लीस्थित नेपाली दूतावासको बिसाखापटनम शाखा कार्यालयसमेत खारेज गरिएको छ ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बजेट भाषणमार्फत गरेको घोषणासँगै यहाँ तोकिएको कर्मचारी दरबन्दी खारेज भएको छ । यी सबैमा कुल १७ जना कूटनीतिक कर्मचारीको दरबन्दी अब फिर्ता भएको छ । 'बदलिँदो आर्थिक कूटनीतिलाई मध्यनजर गरी डेनमार्क, ब्राजिल र दक्षिण अफ्रिकामा रहेका नेपाली दूतावास र चीनको छेङ्दु, अमेरिकाको सानफ्रान्सिस्को स्थित महावाणिज्य दूतावास तथा भारतको दिल्लीस्थित नेपाली दूतावासको शाखा बिसाखापटनम कार्यालय खारेज गरिएको छ,' अर्थमन्त्री वाग्लेले भने ।

■ बजेटले कर्मचारी उत्साही

बेसिक तलबमा १०% बढ्यो, १०% प्रोत्साहन भत्ता पनि थपियो

सुवास भट्ट/नयाँ पत्रिका

सरकारले राष्ट्रसेवक कर्मचारीहरूको तलब वृद्धि गरेको छ । आगामी साउनदेखि लागू हुने गरी गरिएको नयाँ व्यवस्थाअनुसार अब कर्मचारीहरूले न्यूनतम मासिक ४० हजार रुपैयाँ पारिश्रमिक पाउनेछन् भने अधिकतम तलब एक लाख रुपैयाँभन्दा माथि पुग्नेछ । महालेखा नियन्त्रक कार्यालयका अनुसार हाल ढुकुटीबाट तलब खानेहरूको संख्या ६ लाखको हाराहारीमा छ ।

सरकारले वृद्धि गरेको यो तलब निजामती कर्मचारी, सेना, प्रहरी र शसस्त्रसहित तीनै सुरक्षा अंग, स्वास्थ्य सेवा, संसद् सेवा, सामुदायिक विद्यालयमा कार्यरत शिक्षक र प्रदेश तथा स्थानीय तहका कर्मचारीदेखि संस्थानसहित सबै कर्मचारीका हकमा लागू हुनेछ । यसबाहेक जनप्रतिनिधि र राज्यकोषबाट तलब खाने पदाधिकारीका हकमा पनि लागू हुनेछ । बढेको तलबअनुसार सबैको पारिश्रमिक समायोजन सरकारले गर्नेछ ।

चार वर्षदेखि राष्ट्रसेवक कर्मचारीको तलब वृद्धि नभएको र यस अवधिमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मूल्य वृद्धि १७.३ प्रतिशत भएको अवस्थामा मर्यादित जीवनयापनका लागि पारिश्रमिक सुविधा पुनरावलोकन गरेको अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले प्रस्तुत गरेको बजेट वक्तव्यमा छ । कर्मचारीले हाल प्राप्त गरिरहेको महंगी



भत्तालाई निरन्तरता दिँदै सुरु स्केलमा १० प्रतिशत तलब वृद्धि गरेको घोषणा अर्थमन्त्री वाग्लेले बताए ।

अर्थ मन्त्रालयका सहसचिव टंक प्रसाद पाण्डेयका अनुसार हाल कायम रहेको न्यूनतम तलबस्केलमा तत्काल १० प्रतिशत वृद्धि हुनेछ । यसपछि बढेको तलबस्केलको न्यूनतम तलबमा १० प्रतिशत प्रोत्साहन भत्ता जोडिनेछ । यद्यपि, यसको कानुनी मापदण्ड सरकारले जारी गर्न बाँकी छ । प्रोत्साहन भत्तासहितको तलबमा कर्मचारीले पाउँदै आएको ग्रेड र महंगी भत्तासमेत जोडेर कर्मचारीको कूल पारिश्रमिक कायम हुनेछ ।

कार्यसम्पादनमा आधारित पारिश्रमिक प्रणालीको सुरुवात गर्न नयाँ तलबमानको १० प्रतिशत प्रोत्साहन भत्ताको व्यवस्था गरिएको पनि बजेट वक्तव्यमा छ । 'यसबाट हाल खाईपाई आएको पारिश्रमिकमा करिब २१ प्रतिशत खुद वृद्धि भई ग्रेडसहित न्यूनतम पारिश्रमिक करिब ४० हजारदेखि एक लाखमाथि कायम हुनेछ' बजेट वक्तव्यमा उल्लेख छ ।

निजामती सेवातर्फ हाल सबैभन्दा तल्लो तह कार्यालय सहयोगीको हो । कार्यालय सहयोगीमा प्रथमदेखि पाँचौ स्तरसम्म छ । ०५६ देखि सरकारले कार्यालय सहयोगीमा स्थायी नियुक्ति गरेको छैन । त्यतिखेर कार्यालय सहयोगीको प्रथम स्तरमा नियुक्ति भएकाहरू सबै ०७६ देखि नै पाँचौं स्तरमा पुगिसकेका छन् । कार्यालय सहयोगीको नयाँ नियुक्ति नभएपछि सेवा करार गरेर लिँदै आएको छ ।

हाल स्थायी नियुक्तिमै रहेका कार्यालय सहयोगी पाँचौ स्तरको सुरु तलब स्केल ३२ हजार ८५६ रुपैयाँ छ । यसमा १० प्रतिशत तलब वृद्धि, प्रोत्साहन भत्ता, ग्रेड र महंगीसहित अब ४९ हजार १३५ रुपैयाँ पुग्छ ।

यो प्रत्यक्ष तलब सुविधाबाहेक कर्मचारीलाई अप्रत्यक्ष रुपमा पनि सरकारले अरु सुविधा दिएको छ । प्रत्येक कर्मचारीलाई तलब र ग्रेडसहितको १० प्रतिशत रकम सरकारले संचयकोषमा हालिदिन्छ भने सावधिक जीवनबीमाबापत प्रतिव्यक्ति चार सय रुपैयाँ पनि सरकारले थप गरिदिन्छ ।

९०% लाई स्वास्थ्य बिमामा आबद्ध गराइने

काठमाडौं/ सरकारले आगामी आर्थिक वर्षको बजेटमा शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखेको छ । सरकारले सवा २१ खर्बको बजेट ल्याउँदा शिक्षा र स्वास्थ्यमा तीन खर्ब २० अर्ब विनियोजन गरेको छ । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले शिक्षा क्षेत्रमा दुई खर्ब १८ अर्ब ३० करोड र स्वास्थ्यतर्फ एक खर्ब एक अर्ब ९५ करोड बजेट वियोजन भएको सदनलाई जानकारी दिएका हुन् । सरकारले शिक्षामा चालू आवभन्दा सात अर्ब ३० करोड र स्वास्थ्यमा ६ अर्ब १६ करोड बजेट वृद्धि गरेको हो ।

सामुदायिक विद्यालयको पूर्वाधार म्यापिङ गर्न एक अर्ब छुट्याइएको छ । गेटामा रहेको सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयमा चिकित्सा शिक्षाका चार विधाको पठनपाठन सञ्चालन गरिने भएको छ । त्यस्तै, विद्यालय तहको छात्रवृत्तिका लागि आठ अर्ब ६० करोड विनियोजन गरिएको छ । आगामी आर्थिक वर्षमा त्रिपुरेश्वरमा गुठी रिसर्च प्रतिष्ठान सञ्चालन गरिने बजेटमा उल्लेख छ ।

विदेशमा रहेका नेपालीलाई खुला विश्वविद्यालयमा अध्ययन गर्ने अवसर पनि प्रदान गरिने भएको छ । अनलाइनमार्फत फाराम भर्ने र परीक्षा लिन प्रबन्ध मिलाइने अर्थमन्त्रीले घोषणा गरे । चेपाङलगायत लोपोन्मुख जातिलाई आवासीय विद्यालयको व्यवस्था गरिने भएको छ । त्यस्तै, आगामी आर्थिक वर्षमा सबै विश्वविद्यालयलाई वित्तीय स्वायत्तता प्रदान गरिने भएको छ ।

करमा...

पृष्ठ १ बाट क्रमशः

बनाउने दिशामा महत्त्वपूर्ण योगदान गर्नेछन् ।

मूल्य हस्तान्तरणसम्बन्धी कानुनमा थप सुधार, ट्रान्सफर प्राइसिङ, सेफ हर्बर रुल/एड्भान्स प्राइसिङ एग्रिमेन्ट

गत वर्षबाट लागू भएको मूल्य हस्तान्तरण कानुनमा अन्तर्राष्ट्रियस्तरका थप व्यवस्था आएका छन् । आर्थिक विधेयकले आयकर ऐन, २०५८ मा ट्रान्सफर प्राइसिङसम्बन्धी विस्तृत प्रावधान समावेश गरेको छ । यो नेपालमा अन्तर्राष्ट्रिय सम्बद्ध पक्ष कारोबारमा रहेको अनिश्चितता हटाउने दिशामा एक महत्त्वपूर्ण कदम हो ।

सेफ हर्बर रुल : अन्तर्राष्ट्रिय सम्बद्ध पक्ष कारोबारमा तोकिएका सर्त र सीमा पूरा गर्ने करदातालाई पूर्ण ट्रान्सफर प्राइसिङ कागजातविना नै अर्मुस लेन्थ सिद्धान्त पालना भएको मानिनेछ । यसले साना र मध्यम बहुराष्ट्रिय कम्पनीको अनुपालन बोझ घटाउनेछ ।

एड्भान्स प्राइसिङ एग्रिमेन्ट : करदाताले भविष्यमा हुने सम्बद्ध पक्ष कारोबारको ट्रान्सफर प्राइसिङ पद्धति अग्रिम रूपमा कर अधिकारीसँग सहमति गरी निर्धारण गर्न पाउनेछन् । यसले दीर्घकालीन कर विवाद र अनिश्चितता हटाउनेछ । यी प्रावधान ओइसिडी गाइडलाइनअनुरूप छन् । र, विदेशी लगानीकर्ताको विश्वास बढाउने अपेक्षा गर्न सकिन्छ । सेफ हर्बर र एपिएले बहुराष्ट्रिय कम्पनी र विदेशी लगानीकर्ताको अनिश्चितता घटाउँछ ।

भ्याट प्रशासनमा नयाँ सुधार

भ्याट विवरण पेस गर्दा त्रुटि भएमा दाखिला गरेको मितिले सात दिनभित्र आन्तरिक राजस्व विभागले तोकेको प्रक्रियाबमोजिम संशोधन गर्न पाउने नयाँ व्यवस्था गरिएको छ । आन्तरिक राजस्व कार्यालय नभएका जिल्लाका करदाताले कर विवरण र रकम स्थानीय तह वा जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालयमा महिनाको १५ गतेभित्र बुझाउन पाउने व्यवस्था गरिएको छ । भ्याट फिर्ता प्रणाली पूर्ण स्वचालित बनाइने भनिएको छ । बीजक लटरीजस्ता प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ । बहुदर भ्याटको सान्दर्भिकतामाथि अध्ययन गर्न उच्चस्तरीय सुझाव समिति गठन हुने व्यवस्था गरिएको छ । वार्षिक १० करोडभन्दा माथि कारोबार गरी विद्युतीय बीजक जारी गर्ने सबैलाई केन्द्रीय बीजक अनुगमन प्रणालीमा आबद्ध हुन अनिवार्य व्यवस्था गरिएको छ । भ्याट सातदिने संशोधन सुविधाले व्यावहारिक त्रुटि सुधारको ढोका खुल्छ ।

भन्सार र अन्तःशुल्कमा परिवर्तन, भन्सार संरचना सरलीकरण

सरकारले भन्सार दर तह ११ बाट सातमा झारेर सरलीकरण गरेको छ । २७३ प्रकारका औद्योगिक कच्चा पदार्थ दर कटौती गरिएको छ । पूर्वाधार विकास कर, सडक मर्मत दस्तुरलगायत

छुट योजनाहरूको सारांश तालिका

लक्षित समूह	म्याद	छुट हुने
प्यान नलिई आय आर्जन गरेका	पुस मसान्त २०८३	शुल्क र ब्याज
प्यान भए तर कारोबार नगरेका	पुस मसान्त २०८३	अघिका वर्षको विवरण बुझाउनु नपर्ने
प्यान भई आय बाँकी भएका	पुस मसान्त २०८३	शुल्क र ब्याज
भ्याट दर्ता, कर नतिरेका	पुस मसान्त २०८३	ब्याज, थप दस्तुर, जरिवाना
भ्याट दर्ता, विवरण नबुझाएका	पुस मसान्त २०८३	ब्याज, थप दस्तुर, जरिवाना
अन्तःशुल्क नतिरेका	पुस मसान्त २०८३	विलम्ब शुल्क र जरिवाना
अन्तःशुल्क इजाजत नवीकरण नगरेका	असोज मसान्त २०८३	पछिल्ला वर्षको दस्तुर र जरिवाना
विवरण पेश, कर बाँकी (भ्याट, अन्तशुल्क, डिजिटल)	पुस मसान्त २०८३	शुल्क, जरिवाना, ब्याज, विलम्ब शुल्क
आन्तरिक राजस्व विभाग निर्धारणबाट बक्यौता	पुस मसान्त २०८३	शुल्क, जरिवाना, बाँकी ब्याज (दूरसञ्चार बाहेक)
न्यायिक निकायमा विचाराधीन	पुस मसान्त २०८३	शुल्क, जरिवाना, ब्याज (दूरसञ्चार बाहेक)
कूटनीतिक निकायमा कार्यरत	मंसिर मसान्त २०८३	ब्याज र शुल्क
कम्पनी ऐनमा बक्यौता कम्पनी	असोज मसान्त २०८३	सम्पूर्ण कर, शुल्क, ब्याज, जरिवाना
साल बसाली ऐनमा बक्यौता	मंसिर मसान्त २०८३	जरिवाना, ब्याज, शुल्क
क्यासिनो - इजाजत नवीकरण	आ.व. २०८३/८४	नवीकरण शुल्कको ८५% जरिवाना

छुट्टाछुट्टै कर लाग्दै आएकामा हरित करमा एकीकृत गरिएको छ । ३६० प्रकारका अन्तःशुल्क खारेज भएको छ । अन्तःशुल्क खारेजले उद्योग व्यवसायलाई राहत दिएको छ ।

नयाँ शुल्कहरू : डिपिपिएफ/सिआइआइएफ

आर्थिक विधेयकले दुईवटा नयाँ शुल्क संरचना लागू गरेको छ । जसले आयातकर्ता र लगानीकर्तामा प्रत्यक्ष प्रभाव पार्नेछ । दुध तथा डेरी उत्पादन, कफी, चिया, मरिच, बाँस, काठजन्य सामग्री, फर्निचर, जुत्ताचप्पल, सिरेमिक टायल र पेन्टजस्ता वस्तुको पैठारीमा १० प्रतिशतदेखि १५ प्रतिशतसम्म आन्तरिक उत्पादन प्रवर्द्धन तथा संरक्षण शुल्क (डिपिपिएफ) लाग्नेछ ।

विशेष छुट सुविधा

आर्थिक विधेयक, २०८३ ले आयकर, भ्याट र अन्तःशुल्कसम्बन्धी चारवटा छुट तथा सहुलियत योजना ल्याएको छ । छुट योजनाको लाभ लिनका लागि आगामी पुस मसान्तसम्मको समयसीमा कडाइसाथ पालना गर्नुपर्छ । यो म्याद नाघेपछि पूर्ण ब्याज, शुल्क र जरिवानासहित सम्पूर्ण रकम बुझाउनुपर्नेछ । आफ्नो करदाता अवस्था तत्काल समीक्षा गर्न सिफारिस गरिन्छ । छुट योजनाले पुराना कर विवाद सहजै टुंग्याउने अवसर प्रदान गर्छ ।

लगानी प्रोत्साहन र क्षेत्रगत कर सुविधा

सरकारले सूचना प्रविधिका कर्मचारीको स्वेट इक्विटीको करयोग्य आयमा सय प्रतिशत छुट घोषणा गरेको छ । त्यस्तै, गाउँपालिका र नगरपालिकामा नयाँ चलचित्र हल सञ्चालन गरेमा सुरुका १० वर्ष पूर्ण आयकर छुट दिइएको छ ।


कृषि प्रशोधन उद्योगमा पहिलो १० वर्ष पूर्ण आयकर छुट दिइएको छ भने कोल्ड स्टोर/प्याकेजिङ मेसिनरीमा भ्याट छुट पाइने भएको छ । आवासीय बिमा प्रिमियममा १० हजारसम्मको आयकर प्रयोजनमा कट्टी हुनेछ ।

ध्यान दिनुपर्ने पक्ष : सेयर र घरजग्गा दुवैमा पुँजीगत लाभकर दर बढाइएकाले लगानीकर्ताले कारोबार रणनीति पुनर्विचार गर्नुपर्नेछ । मासिक ५० युनिटभन्दा बढी विद्युत् खपत गर्ने घरधुरीमा अब १३ प्रतिशत भ्याट लाग्ने भएकाले बिजुलीको खर्च बढ्नेछ । सिआइआइएफ र डिपिपएफजस्ता नयाँ शुल्कले केही आयातित वस्तुको मूल्य बढाउन सक्छ । दफा ४७ (क) हटाइएकाले बैंक तथा वित्तीय संस्थाहरूमा पर्ने कर प्रभाव विस्तृत विश्लेषण गर्नु आवश्यक छ । बहुदर भ्याट प्रशासनको जटिलता व्यवस्थापन गर्नु आन्तरिक राजस्व विभागका लागि नयाँ चुनौती हुनेछ ।

करदाताले तत्काल गर्नुपर्ने कार्यहरू : छुट योजना (दफा ४०, ४४, ४५, ४६) अन्तर्गत आफ्नो कर स्थिति तत्काल समीक्षा गर्नुपर्छ । यसको म्याद पुस मसान्त मात्रै छ । सेयर र घरजग्गा लगानीको होल्डिङ अवधि र पुँजीजगत लाभकरको नयाँ दरको प्रकाशमा लगानी रणनीति पुनर्मूल्यांकन गर्नुपर्छ । मासिक ५० युनिटभन्दा बढी विद्युत् खपत हुने व्यवसायहरूले भ्याट दायित्व पहिचान गर्नुपर्छ । राइड सेयरिङ व्यवसायले पाँच प्रतिशत भ्याट र एक प्रतिशत टिडिएसको दायित्व थाहा पाउनुपर्छ । सेफ हर्बल रुल लागू हुने अन्तर्राष्ट्रिय कारोबार भएका करदाताहरूले एपिएको सम्भावना अन्वेषण गर्नुपर्छ । आइटी क्षेत्रमा कार्यरत कम्पनी र व्यक्तिले स्वेट इक्विटी र निर्यात आयकर छुटको लाभ उठाउनुपर्छ ।

यस्तो छ मन्त्रालयगत बजेट

(संघीय सञ्चित कोष हुने व्ययभार)



राष्ट्रपति : १५ करोड ७० लाख । **उपराष्ट्रपति** : ५ करोड ३९ लाख । **प्रदेश प्रमुखहरू** : २१ करोड ४५ लाख । **संघीय संसद्** : १ अर्ब ७३ करोड ४८ लाख । **अदालत** : ९ अर्ब ४९ करोड १६ लाख । **अख्तियार दुरुपयोग अनुसन्धान आयोग** : १ अर्ब ७१ करोड १९ लाख । **महालेखा परीक्षकको कार्यालय** : ७६ करोड ९१ लाख । **लोकसेवा आयोग** : ९५ करोड ८८ लाख । **निर्वाचन आयोग** : ५९ करोड २ लाख । **राष्ट्रिय मानवअधिकार आयोग** : ३० करोड २ लाख । **न्याय परिषद्** : ५ करोड ४८ लाख । **राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग** : ९ करोड ५८ लाख । **राष्ट्रिय महिला आयोग** : ७ करोड ८ लाख । **राष्ट्रिय दलित आयोग** : ३ करोड ९६ लाख । **राष्ट्रिय समावेशी आयोग** : ४ करोड ८ लाख । **आदिवासी जनजाति आयोग** : ३ करोड ६२ लाख । **मधेशी आयोग** : ४ करोड ९ लाख । **थारु आयोग** : ४ करोड २४ लाख । **मुस्लिम आयोग** : ४ करोड १७ लाख । **राष्ट्रिय योजना आयोग** : १८ करोड ७० लाख । **महान्यायाधिवक्ताको कार्यालय** : १ अर्ब ५० करोड ९० लाख ।

अर्थ मन्त्रालय- आन्तरिक ऋण भुक्तानी : ३ खर्ब २८ अर्ब १४ करोड । वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय) : ७२ अर्ब २५ करोड ७० लाख । (द्विपक्षीय) : १७ अर्ब ४९ करोड । कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा : १ खर्ब ६८ अर्ब ८५ करोड । विविध : ९० अर्ब ४२ करोड ९५ लाख

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्याँ नयाँ
शनिबार १६ जेठ ०८३
nayapatrikaofficial @nayapatrika

जसले विश्वलाई देखाए नेपालको अदृश्य कथा

निर्देशक अविनाशविक्रम शाहले विश्वप्रतिष्ठित कान्स फिल्म फेस्टिभलमा अवार्ड जितेर नेपाली सिनेमा इतिहासमा नयाँ उचाइ थपेका छन्

सिनेमा



● पवन बराइली



अविनाशविक्रम शाह

त्यहाँ संसारभरका सिनेकर्मी थिए। हामी भने भुइँमान्छेको कथा बोकेर पुगेका थियौँ। रेड कार्पेटमा कलाकारहरू हिँडिरहँदा मनमा एउटै कुरा खेलिरहेको थियो– किनारामा पारिएकाको संघर्षको कथा पनि विश्वमञ्चसम्म पुग्न सक्ने रहेछ।

सन् २०२६, मे २२ को साँझ। कान्स फिल्म फेस्टिभलको भव्य समापन समारोह। संसारभरबाट आएका सयौँ दर्शक, फिल्मकर्मी र समीक्षकहरूको बाक्लो उपस्थितिले हल भरिएको थियो। त्यहीबिच फिल्म 'इलिफेन्ट इन द फग' ले प्रतिष्ठित 'जुरी प्राइज' जितेको घोषणा गरियो। एउटा नाम उच्चारण भयो- अविनाशविक्रम शाह। हल उत्साहित भयो। ताली गुन्जियो। फिल्मकी मुख्य कलाकार पुष्पा लामाले मञ्चमा अविनाशको गलामा नेपाली भन्डा ओढाइदिइन्। त्यो दृश्यले हलमा उपस्थित धेरै दर्शक भावुक बने। मञ्चमा कलाकारहरूको समूह खुसीमा नाचिरहेका थिए। कसैले ताली बजाइरहेका थिए, कसैले गीत गुनगुनाइरहेका थिए। त्यो क्षण केवल एउटा फिल्मको जित मात्रै थिएन, नेपाली सिनेमाले विश्वमञ्चमा बनाएको नयाँ इतिहासको उत्सव पनि थियो।

रेड कार्पेटमा अदृश्यहरूको कथा

अवार्ड ग्रहण गर्न मञ्चमा पुगेका अविनाश भावुक देखिन्थे। उनले भने- 'यति लामो समयदेखि पिरती, उनका छोरीहरू र पूर्वका एउटा सम्पूर्ण समुदायलाई अदृश्य बनाइएको थियो। हामीले यो कथा यहाँ ल्याएर यो सम्मानमार्फत ती किनारामा पारिएका मानिसहरूमाथि प्रकाश हाल्ने प्रयास गरेका छौँ। अर्थात् हामीले अदृश्यलाई दृश्यमान बनाएका छौँ।'

फिल्मले केवल अवार्ड मात्रै जितेन, ओझेलमा परेका कथालाई विश्वसामु उजागर गऱ्यो। त्यससँगै नेपाली सिनेमाको इतिहासमा नयाँ अध्याय लेखियो। यो फिल्मले 'साउन्ड'मा अर्को अवार्ड पनि जित्यो। कान्सजस्तो विश्वकै प्रतिष्ठित मञ्चमा अवार्ड जित्नु नेपाली चलचित्र उद्योगका लागि अभूतपूर्व क्षण बन्यो। 'एलिफेन्ट्स इन द फग' ले केवल अवार्ड मात्र जितेन, विश्व फिल्म वृत्तमा नेपाली कथाको उपस्थिति र सम्भावनालाई पनि बलियो रूपमा स्थापित गऱ्यो।

त्यो क्षण कान्सको मञ्चमा केवल एउटा अवार्ड घोषणा भएको पल थिएन, वर्षौंको संघर्षले उत्सव मनाएको क्षण थियो। खुसीको त्यो लहर अझै अविनाशको मस्तिष्कमा ताजै छ।

कान्सको रेड कार्पेटमा आफ्नो टिमसँग उभिँदा उनीभित्र अनेक भावना एकसाथ आइरहेका थिए। चम्किला बत्ती, विश्वभरका चर्चित अनुहार र ग्ल्यामरले भरिएको त्यो वातावरणबिच उनी भने बारम्बार आफूले बनाएको फिल्मतर्फ फर्किरहेका थिए। 'त्यहाँ संसारका ग्ल्यामरस मानिस थिए। हामी भने भुइँमान्छेको कथा बोकेर पुगेका थियौँ,' उनी सम्झिन्छन् 'रेड कार्पेटमा कलाकारहरू हिँडिरहँदा मनमा एउटै कुरा खेलिरहेको थियो- किनारामा पारिएकाको संघर्षको कथा पनि विश्वमञ्चसम्म पुग्न सक्ने रहेछ।'

अविनाशले बनाएको फिल्म कुनै विलासी संसारको कथा थिएन। किनारामा पारिएका, कम सुनिएका र कम देखिएका मानिसहरूको कथा थियो। त्यही फिल्मले कान्समा दुई महत्त्वपूर्ण अवार्ड जित्यो। 'जुरी प्राइज'सँगै साउन्ड विधामा समेत फिल्म पुरस्कृत भयो। उनका लागि त्यो केवल अवार्ड थिएन, आफूले भन्न खोजेको कथा संसारले सुनेको क्षण थियो।

तर, सबैभन्दा भावुक क्षण अवार्डभन्दा अघि आएको थियो- फिल्मको प्रिमियरमा। फिल्मले ७ मिनेटसम्म स्ट्यान्डिङ अभिएसन पायो। अविनाश कलाकारहरूलाई बारम्बार नरुनु भनिरहेका थिए। तर, आफू भने आँखाभरि आँसु बनाइरहेका थिए। 'मिहिनेत र दुःख सबै एकैचोटि सम्झिएँ, उनी भन्छन् 'हल तालीले गुन्जिरहेको थियो, हामी सबै भावुक भयौँ।'

कान्सको रेड कार्पेटमा आफ्ना कलाकारहरूलाई हिँडिरहेको देख्दा अविनाशको मनमा अनौठो खुसी छायो। विशेष गरी ट्रान्स समुदायको जीवन र संघर्षलाई फिल्मले विश्वसामु पुऱ्यायो।

नेपाली सिनेमामा लामो समयदेखि 'स्टार'को वरिपरि घुमिरहेको छ। अभिनाश नाम कहलिएका स्टार, करोडौँको प्रचार वा मूलधारले निर्माण गरेको 'स्टारडम'को भरमा कान्स पुगेका थिएनन्। उनले बोकेर लगेका थिए नेपाली समाजको किनारामा धकेलिएका समुदायका कथा, ती आवाज जसलाई मूलधारले सधैँ बेवास्ता गऱ्यो।

अविनाशले त्यो स्थापित मान्यतालाई विश्वकै ठुलो मञ्चमा पुगेर प्रमाणित गरे। यसले नेपाली मूलधार भनिने सिनेमालाई एउटा गम्भीर प्रश्न पनि गरेको छ- आखिर विश्वले कस्तो कथा सुन्न चाहन्छ ? चम्किला पोस्टर र स्टारको भिड कि समाजको गहिराइबाट निस्किएको साँचो कथा ?



कान्स फिल्म फेस्टिभलमा सहभागी 'एलिफेन्ट्स इन द फग'का निर्देशक, निर्माता र कलाकारलगायत।

त्यो उपलब्धि केवल व्यक्तिगत थिएन। अविनाश त्यसलाई नेपाली सिनेमाको इतिहासमा नयाँ अध्यायका रूपमा हेर्छन्। 'नेपालको नाम त्यहाँ सर्धैंका लागि लेखियो,' उनी भन्छन्।

पात्रभित्रको संसारमा पुग्दा...

अविनाशलाई पारलैंगिक महिलाहरूको जीवनको भोगाइले तानिरहेको थियो। समाजको किनारामा राखिएका ती जीवनमा उनले केवल पीडा मात्र देखेनन्, गहिरो मानवीय सम्बन्ध, अपनत्व र संघर्षको अर्को संसार पनि देखेका थिए। उनले पारलैंगिक समुदायको जीवनबारे अनुसन्धान सुरु गरे। सुरुमा त्यो कथा फिचर फिल्म बन्छ कि सर्ट फिल्म, उनलाई थाहा थिएन। तर, उनी बिस्तारै पात्र र उनीहरूको संसारभित्र पस्दै गए। विशेष गरी, आमा-छोरीबिचको सम्बन्धले उनलाई धेरै छोयो। त्यो सम्बन्धको भावनात्मक तह, आपसी सहारा र समुदायभित्र बन्ने पारिवारिक संरचनाले उनलाई गहिरोसँग आकर्षित गऱ्यो।

अनुसन्धानका क्रममा उनले अर्को यथार्थ भेटे- परिवार र समाजबाट बहिष्कृत पारलैंगिक महिलाहरू आफ्नै समुदाय बनाएर बाँच्छन्। आमाछोरीको सम्बन्धजस्तै आत्मीय बन्धनमा उनीहरू नयाँ संसार निर्माण गर्छन्। यही सम्बन्धले उनलाई गहिरोसँग छोयो।

त्यसपछि उनले लामो अध्ययन-अनुसन्धान सुरु गरे। समुदायसँग समय बिताए, उनीहरूको अनुभव सुने, जीवनशैली बुझ्ने प्रयास गरे। त्यो प्रक्रिया छोटो थिएन। वर्षौंसम्म उनले ती पात्रहरूको मनोविज्ञान, दुःख, आत्मीयता र संघर्षलाई बुझ्न समय लगाए।

लेखन यात्रापछि त्यो अनुभूति कथामा रूपान्तरण गर्न उनलाई पाँच वर्ष लाग्यो। उनले समाजको गहिरो र संवेदनशील विषयलाई कथामा उतार्ने आँट गरे। 'बाहिरबाट हेरेर होइन, भित्रैबाट बुझ्ने प्रयास गरौँ,' उनी भन्छन्। कुनै पनि पात्रलाई 'अथेन्टिक' रूपमा प्रस्तुत गर्न निरन्तर सचेत थिएँ,' उनी भन्छन्, 'कथा लेखेपछि विभिन्न फिल्म ल्याब पुगेँ। सन्डान्स, ग्लोबल मिडिया मेकर्सजस्ता ल्याबमा थिएँ। उनीहरूबाट युनिभर्सल कथा बनाउन सहयोग भयो। यो आफैंमा लोकल सब्जेक्ट हो।'

अनिनाशका अनुसार फिल्म केवल व्यक्तिगत कथा होइन, समाजले कसरी केही मानिसलाई 'हामी' र 'तिनीहरू' भनेर विभाजन गर्छ भन्ने प्रश्न पनि हो। उनी भन्छन्,'समाजको नियमभित्र रहे 'हामी' हुन्छौं, तर नियमभन्दा अलिकति फरक हुँदा 'तिनीहरू' बनाइन्छ। यही विभाजन र दृष्टिकोणमाथि फिल्मले प्रश्न उठाउँछ। जसलाई आमाछोरीको सम्बन्धले अझ भावनात्मक र आत्मीय बनाएको छ।'

अविनाशलाई लाग्छ, पारलैंगिक समुदायभित्रको आमाछोरी सम्बन्ध आफैंमा निकै संवेदनशील र गहिरो विषय हो। तर, निर्माण यात्राभरि उनीभित्र एउटा प्रश्न निरन्तर थियो- के म आफ्नै प्रिभिलेजबाट उनीहरूको कथा हेरिरहेको त छैन ? त्यसैले उनले कथाबाहिरबाट होइन, भित्रै प्रवेश गरेर बुझ्ने प्रयास गरे।

पात्रलाई अभिनय गर्नेभन्दा पहिले बाँच्न सिकाउने प्रयास गरौँ। उनका लागि त्यो केवल फिल्म निर्माणको प्रक्रिया थिएन, एउटा समुदायको अनुभवलाई इमानदार ढंगले पर्दामा उतार्ने जिम्मेवारी पनि थियो।

०००

अविनाशले फिल्म कलेजमा गएर सिनेमा सिकेनन्। औपचारिक शिक्षाभन्दा बढी उनले स्वाध्यायनलाई आधार बनाए। फिल्म हेर्दै, पढ्दै र काम गर्दै उनले आफूलाई बिस्तारै सिनेमाको संसारमा घुमाए। तर, उनका लागि फिल्म क्षेत्रमा होमिनु सजिलो थिएन। स्कुल पढ्दै बुबा गुमाउनु पऱ्यो। त्यसपछि जेठो छोरा भएकाले परिवारको सम्पूर्ण जिम्मेवारी उनकै काँधमा थपियो।

भाइबहिनीको पढाइ, आफ्नै कलेज र घरखर्च जुटाउन मुस्किल थियो। त्यसैले उनी कलेज पढ्दै काम गर्न थाले। पढाइसकेपछि केही समय नेपाल पर्यटन बोर्डमा जागिरे भए। त्यहीँ विदेशी फिल्मकर्मीसँगको भेटघाटले उनको ध्यान सिनेमातिर मोडियो। उनीभित्र फिल्मप्रतिको मोह झन् गहिरियो। अन्ततः उनले जागिर छाड्ने निर्णय गरे। उनले निर्देशक नवीन सुब्बा, छिरिङरितार शेर्पा, केसाङ छेतेनहरूको नाम सुनेका थिए।

सन् २००९ तिर कुरा हो। त्यसवेला उनले निर्देशक नवीन सुब्बाको फिल्म 'गुडबाई काठमान्डु'मा सहायक निर्देशकका रूपमा काम गर्ने अवसर पाए। त्यो अवसर उनका लागि केवल एउटा काम थिएन, सिनेमालाई नजिकबाट बुझ्ने पाठशाला बन्यो। उनी सानैदेखि सिनेमा मन पराउँथे। तर, त्यो संसारमा प्रवेश गर्ने बाटो भने अझै प्रस्ट भइसकेको थिएन। संगत बढ्दै गयो। नवीन सुब्बाको संगतले अभिनाशको सिनेमाप्रतिको दृष्टिकोण फराकिलो बन्यो। 'त्यसवेला नवीन दाइसँग काम गर्न पाउनु नै ठुलो कुरा थियो,' उनी सम्झिन्छन्, 'तर सिनेमाको निर्माण प्रक्रियाको पर्याप्त ज्ञान थिएन। 'गुडबाई काठमान्डु'मा काम गरेपछि फिल्म निर्माणको गहिराइ बुझेँ। म काँचो माटोजस्तै थिएँ। नवीनदाइले त्यसलाई आकार दिनुभयो।'

त्यसपछि फिल्म निर्माणमा कथाको तह, पात्रको मनोविज्ञान र सिनेमाको भाषाबारे उनको सोच फराकिलो हुँदै गयो। 'नवीनदाइसँग कलाकारसँग काम गर्ने प्रक्रिया र स्क्रिप्ट विश्लेषण गर्ने तरिका पनि सिकेँ। पात्रको भित्री संसार कसरी बुझ्ने, दृश्यको भाव कसरी निर्माण गर्ने र निर्देशकले कलाकारसँग कसरी काम गर्नुपर्छ भन्ने धेरै कुरा सिकेँ,' उनी सम्झिन्छन्।

फिल्म 'एलिफेन्ट्स इन द फग' बनाउँदा पनि स्क्रिप्ट विश्लेषणको त्यही अभ्यासलाई पछ्याएँ। 'त्यो सिकाइको जग नवीन सुब्बासँग काम गर्दाको अनुभव थियो। गुडबाई काठमान्डु'पछि मेरो आँखा खुल्यो' उनी भन्छन्।

फिल्म बनाउन नसक्दा डिप्रेसन

त्यसपछि पनि अविनाशको सिनेमा यात्रा सहज भएन। उनले फिचर फिल्म 'हाइवे' लेखे। त्यसअघि हाम्रो टिमले टेलिभिजन सिरिज पनि लेखेका थिए। तर, त्यो कामले उनलाई पूर्ण सन्तुष्टि दिन सकेन। त्यतिवेला उनी आफैं ठुलो अन्योलमा थिए। निर्देशक, लेखक वा कलाकार- कुन विधामा आफूलाई खोज्ने भन्ने स्पष्टता थिएन। तर, बिस्तारै उनले महसुस गरे, आफू धेरै बोल्ने मानिस होइन र अभिनय आफ्नो क्षेत्र पनि होइन।

यद्यपि, उनले छोटा फिल्म बनाउने क्रम भने रोकेनन्। उनका सर्ट फिल्म अन्तर्राष्ट्रिय फिल्म महोत्सवसम्म पुग्न थालेका थिए। त्यसमध्ये 'तटिनी' नामक छोटो फिल्म बुसानमा वर्ल्ड प्रिमियर भएको थियो। अन्य थुप्रै फेस्टिभलमा पनि फिल्म प्रदर्शन भयो र प्रशंसासमेत पायो। तर, अविनाश आफैं भने सन्तुष्ट थिएनन्। 'त्यसमा धेरै लगानी र मिहिनेत गरेको थिएँ, तर मैले खोजेजस्तो परिणाम देखिरहेको थिइनँ, उनी सम्झिन्छन्। बिस्तारै उनको मनमा फिल्म निर्देशन छोड्ने सोच आयो। आफू केवल लेखनमै सीमित हुने कि भन्ने अन्तरद्वन्द्वमा उनी पुगे।

त्यतिवेला फिचर चलचित्र 'कालो पोथी' लेखिसकेका थिए। 'हाइवे' र कालो पोथी बर्लिन, भेनिसजस्ता प्रतिष्ठित महोत्सवसम्म पुगे। यी फिल्महरूले अन्तर्राष्ट्रिय प्रतिष्ठा पाइसकेका थिए। तर, उनी आफ्नै स्क्रिप्ट लेखाइप्रति सन्तुष्ट थिएनन्। 'मेरो मुख्य शक्ति लेखाइ हो भन्ने लाग्थ्यो। तर, त्यो वेला लेखाइ पनि मैले खोजेजस्तो भइरहेको थिएन,' उनी भन्छन्।

तर, त्यो समय उनको जीवनमा ठुलो जँघार आयो। उनीभित्र निरन्तर संघर्ष चलिरहेको थियो। फिल्म नै आफ्नो अभिव्यक्तिको माध्यम भएको उनी मान्थे। आफूले लेखेर र सिनेमामार्फत नै आफ्नो कुरा व्यक्त गर्न सक्ने विश्वास थियो। तर, जीवनमा एउटा यस्तो मोड पनि आयो, जहाँ उनलाई फिल्म क्षेत्र नै छोडेर गुमनाम हुन मन लाग्न थाल्यो।

फिल्म बनाउने सपना थियो, तर, लगानी थिएन। आर्थिक रूपमा कुनै स्थायित्व भएन। परिवारको दबाब बढिरहेको थियो। परिवारका सदस्यहरू अस्ट्रेलियामा थिए र उनीमाथि 'पैसा कमाउन नसकेको' गुनासो आउँथ्यो। रातभर जागेर लेख्ने, काम गर्ने, तर परिणाम भने चित्त बुझ्दो थिएन।

त्यहीबिच उनी 'लोरी' नामक छोटो फिल्म बनाइरहेका थिए। हङकङको एउटा कम्पनीले त्यसमा लगानी गर्ने सहमति दिएको थियो। सुरुमा ३५ मिनेटको फिल्म बनाउने योजना थियो। उनले ३५ मिनेटको फिल्म तयार गरे। तर, उक्त कम्पनी अचानक बन्द भयो। फिल्म लामो समय अड्कियो। 'तटिनी'पछि एउटा राम्रो फिल्म बनाएर नयाँ आशा पलाएको थियो। तर 'लोरी' अड्किएपछि उनी साह्रै निराश भए। 'त्यो समय डिप्रेसनमै गएको थिएँ। मेरा लागि निकै सकसपूर्ण समय थियो', उनी भन्छन्।

तर, उनले सर्ट फिल्म 'लोरी'लाई पूर्णता दिने आँट गरे। फिल्मलाई आफैंले सम्पादन गरे। निर्माताले कान्स फिल्म फेस्टिभलमा पठाउने निर्णय गरे। त्यतिवेला उनले मनमनै फिल्म क्षेत्र छोड्ने लगभग निर्णय गरिसकेका थिए। निर्देशक मीन भामको 'शाम्बाला' लेखेपछि फिल्मबाट टाढिने सोचसमेत बनाएका थिए।

तर, त्यही 'लोरी'ले उनको जीवनको मोड बदलिदियो। फिल्म अप्रत्याशित रूपमा सफल भयो। त्यसवेला उनी अमेरिकामा थिए। कान्समा फिल्म छनोट भएको खबर पाउँदा उनी अचम्मित भए। 'त्यो खबर आकाशबाट कसैले बोलाएजस्तो लाग्यो,' उनी सम्झिन्छन्, 'लोरी' कान्समा छनोट नभएको भए, साँच्चिकै फिल्म क्षेत्र छोडिसक्थेँ। लोरीले गुमेको ऊर्जा फेरि जगाइदियो।'

त्यसअघि उनले फिचर फिल्म 'भ्यालिच्चा' लेखे। 'एलिफेन्ट्स इन द फग'को स्क्रिप्टमा पनि काम गरिरहेका थिए। तर, त्यो फिल्म कसरी बनाउने भन्ने अन्योल अझै बाँकी थियो। 'लोरी'ले अवार्ड जितेपछि भने नयाँ ढोका खुल्न थाले। 'इलिफेन्ट इन द फग'को स्क्रिप्ट तयार भयो। त्यसपछि लगानी जुटाउन लागे। नेपाल, जर्मनी र फ्रान्सका निर्माता जोडिए। स्क्रिप्ट विभिन्न अन्तर्राष्ट्रिय ल्याबसम्म पुग्यो। तर यसको स्क्रिप्ट नेपाल चलचित्र विकास बोर्डको स्टोरी बैंकमा भने छनोट हुन सकेन। त्यो अस्वीकृतिले उनलाई झन् निराश बनाएको थियो।

'म निर्देशक होइन कि भन्ने प्रश्न आफैंलाई गरिरहन्थेँ,' उनी भन्छन्, 'तर 'लोरी'पछि उत्तर पाएँ- म निर्देशन गर्न सक्नेरहेछु। लोरीले अवार्ड पाएपछि निभ्न लागेको बत्तीमा तेल थपेजस्तो भयो। कान्सले ऊर्जा दियो।' आज पछाडि फर्केर हेर्दा उनी त्यो समयलाई फरक ढंगले बुझ्छन्। 'त्यो निराशाले नै मलाई तयार गरिरहेको रहेछ,' उनी भन्छन्,'जीवनका उकालो-ओरालो, असफलता र आत्मसंघर्षले नै दृष्टि फराकिलो बनायो।'

अविनाशको बुझाइमा, आजको समयमा फिल्म राम्रो हुनु मात्रै पर्याप्त हुँदैन। फिल्मले के भनिरहेको छ, त्यो अझ महत्त्वपूर्ण हुन्छ। धेरै फिल्म प्राविधिक रूपमा उत्कृष्ट बन्छन्, तर सबैले समयको गहिरो प्रश्न उठाउन सक्दैनन्। उनी भन्छन्, 'फिल्मले दर्शकलाई अन्तिमसम्म बाँधिराख्नुपर्छ। तर, त्यससँगै यसले अहिलेको समाज र समयलाई कति अर्थपूर्ण ढंगले बोलिरहेको छ भन्ने कुरा पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। सायद, 'एलिफेन्ट्स इन द फग'ले यही दुई कुरा एकैसाथ बोकेको थियो।'

तर, उनी फेस्टिभल यात्रालाई अन्तिम लक्ष्य मान्दैनन्। उनका लागि यो केवल यात्राको एउटा चरण हो। 'फेस्टिभलको ट्याग महत्त्वपूर्ण हो,' उनी भन्छन्, 'तर फिल्म धेरैभन्दा धेरै दर्शकसम्म पुग्नु अझ महत्त्वपूर्ण कुरा हो।'

संसारभर नयाँ ढंगले कथा भनिइरहेको वेला नेपाली फिल्म पनि समयसँगै बदलिनुपर्ने उनको धारणा छ। उनी नयाँ पुस्ताका फिल्ममेकरलाई आफ्नै अनुभव र समाजबाट कथा खोज्न आग्रह गर्छन्। उनका अनुसार नेपाली सिनेमाको सबैभन्दा ठुलो शक्ति नै यसको मौलिकता हो। उनी भन्छन्,'हामीले आफ्नै कथा भन्नुपर्छ। किनकि यहाँको कथा हामीले नभने अरू कसैले भन्ने छैन।'

अकाशे तालसँग पहिलो भेट

यात्रा



● भेषबहादुर रावल



जुम्लाको गुठिचौर गाउँपालिकाको क्षेत्रमा पर्ने अकाशे ताल जाने योजनाका साथ शुक्रबार बेलुका करिब ३ बजे साथीहरूसँगै यात्रा सुरु गरियो । रमाइला डाँडा, भिर पखेरा र फाँटहरू छिचोल्दै ठाउँ-ठाउँमा फोटो खिच्दै तीन घण्टाको यात्रापछि चोत्र भन्ने ठाउँमा पुगेर वास बस्ने निधो गरियो ।

दाउरा बालेर चुलोमा पाकेको खाना खाएर रमाइला कुरा गर्दै त्यो रात त्यहीँ बितायौँ । भोलिपल्ट उज्यालोमा ब्यागप्याक बोकेर हिँड्न थाल्यौँ । त्यो बिहान पहाडी बाटोमा खुट्टाले माटो टेक्दा एउटा अजिबको खुसी महसुस भएको थियो । किनकि धेरै लामो समयदेखि योजना बनाएको गन्तव्यमा हामी पुग्दै थियौँ ।

सायदै त्यो खुसीलाई शब्दमा उतार्न सकिएला । आकाशे तालतर्फको यात्रा सुरु हुनेबित्तिकै मनमा एउटा उत्सुकता थियो, कि ३,९०० मिटरको उचाइमा के देख्न पाउने होला ? त्यो ठाउँमा पुग्दा कस्तो होला ? त्यो अग्लो ठाउँबाट अरू कुन ठाउँ देख्न सकिन्छ होला ?

वास बसेको ठाउँबाट करिब तीन घण्टा हिँडेपछि भेटियो बडेमानको उकालो । बाटो सजिलो थिएन । ढुंगामाटोले भरिएको ठाडो उकालो, कहिले माटो झर्ने खालको, कहिले बडेमानको भिर । सास फेर्न बिस्तारै गाह्रो हुँदै गयो । उचाइ बढ्दै जाँदा हावा पातलिन थाल्यो, तर आँखाले देख्ने दृश्यहरू भने झन्झन् विस्तृत हुँदै गए । ठ्याक्कै क्यामेरामा जुम इन गरेर जुम आउट गरेजस्तो ।

उकालो बाटो आधा काट्दा एउटा चट्टानमाथि बसेर पानी पिइयो । खानेकुरा खाइयो । त्यहाँबाट हेर्दा तल बादलको सेतो सागर अनि सानो फाँट देखियो । किनारामा देखिने ती हिमाल सेताम्य थिए । त्यो दृश्य हेरेर लाग्यो, हामी पृथ्वीमा होइन, आकाशको कुनै तहमा हिँडिरहेछौँ । यस उचाइमा उकालो चढ्दा शरीरमा पर्याप्त पानी राख्नु जरुरी रहेछ । हरेक आधा घण्टामा पानी पिउँदै विश्राम गर्दै हामी हिँडिरह्यौँ ।

जब तालको आसपास पुग्यौँ, जतातै हिउँले भरिएको सेताम्य ठाउँ देख्यौँ । जमेको हिउँमा हिँड्न गाह्रो, तर मनै आनन्दित भइरह्यो । फरक-फरक एंगलबाट फोटो खिचियो, भिडियो बनाइयो अनि नांगो आँखाले वरपर धित मरुन्जेल हेरिरह्यौँ ।

जब ताल देखियो, पहिलोपटक मनले एउटा लामो सास फेऱ्यो । आकाशे नीलो रंगको त्यो विशाल जलाशय, वरिपरि हिउँले ढाकिएका चट्टानहरू, माथिबाट आइरहेको सूर्यको प्रकाश । सुनको टुक्राभैँ चम्किरहेका नजिकैका हिमचट्टानहरू । त्यो दृश्य वर्णन गर्न नसकिने खालको थियो । आँखाले देखेँ, मनले अनुभव गऱ्यो, तर शब्दमा व्यक्त गर्न अझै सकिनँ ।

आकाशे तालको किनारमा रहेको एउटा ढुंगामा बसेँ । त्यो चिसो ढुंगाको स्पर्शले थकाइ हराएभैँ लाग्यो । पानीको सतहमा हिमाल र आकाशको उल्टो प्रतिबिम्ब खेलिरहेको थियो । लाग्थ्यो, तालले माथि र तल गरी दुई संसार समेटेको छ, एउटा वास्तविक, अर्को सपनाको ।

लाग्थ्यो, त्यो नीलो तालको पानीमा आकाश झरेको छ वा आकाशले पानी ओढेको छ । आकाशे तालको वरिपरि एउटा गहिरो मौनता थियो । सहरको गुनगुनाहट, मोटरको हर्न, मान्छेको हुलदंगा र होहल्ला सबैबाट मुक्ति मिलेको थियो त्यहाँ । कानले सुन्ने केवल हावाको सुसाइ । वेलावेला हावाको वेगले तालको किनारामा पानी ठोक्किएको हल्का आवाज ।

त्यहाँ समय बितेको पत्तो नै भएन । एकछिनमा घडी हेर्दा पो थाहा भयो । अब त फर्किने वेला पो भएछ । किनकि हामी त्यहाँबाट पुन वास बस्नका लागि त्यही अघिल्लो दिन वास बसेकै ठाउँ चोत्र गाउँमा फर्किनुपर्ने थियो ।

> जब ताल देखियो, पहिलोपटक मनले एउटा लामो सास फेऱ्यो । अकाशे नीलो रंगको त्यो विशाल जलाशय, वरिपरि हिउँले ढाकिएका चट्टान, माथिबाट आइरहेको सूर्यको प्रकाश । सुनको टुक्राभैँ चम्किरहेका नजिकैका हिमचट्टानहरू । त्यो दृश्य वर्णन गर्न नसकिने खालको थियो ।

अकाशे तालमा समय बिताउन पाउनु एउटा अनुपम पल थियो, मनले मानिरहेको थिएन, तर बाध्यताले दोहोऱ्याएकाले हामी त्यहाँबाट फर्किन तयार भयौँ । घाम डुबिसकेको थियो । अनि अघि आएको बाटो ओरालो झर्नुपर्ने थियो । माथि उक्लिँदा जति गाह्रो थियो । पक्कै पनि झर्दा अलि सजिलो नै थियो । तर, मन भारी थियो, साँझ पर्दै थियो अनि वास बस्ने ठाउँमा पुग्ने चटारो उत्तिकै थियो ।

तल झर्दा एकजना साथीलाई टाउको दुख्यो । म हिँड्दै गर्छु भनेर हिँड्नुभएको थियो । उहाँ त बाटो बिराएर खोलाको झन् जटिल र अप्ठ्यारो बाटोमा पो जानु भएछ । अब फेरि अर्को तनाव थपियो । त्यो साथीलाई भेटाउने । बल्लतल्ल हामी उहाँलाई खोज्दै सजिलो बाटोमा आइपुग्यौँ तर उहाँ भेटिनुभएन । साँझ परिसकेको थियो । उहाँलाई हामीले अलि अगाडि बढेपछि मात्र भेट्यौँ । उहाँलाई भेटेपछि हामी खुसी भयौँ ।

त्यहाँबाट साँझको केही समय हिँडेपछि हामी पुनः वास बस्ने ठाउँमा आइपुग्यौँ । वास बस्ने ठाउँमा फोटो, भिडियो हेर्दाहेर्दै खाना पनि पाक्यो । अनि खाना खाएर सुत्न भनेर छुट्टियौँ हामी । यसरी भोलिपल्ट बिहान उठेर जुम्ला बजारतर्फ लाग्यौँ ।

त्यो यात्रामा भेटिएका हिमाली भेगका गाउँले दाई अनि उहाँको खाँटी मुस्कान मनमा अझै ताजा छ । बाटो सम्झाइदिने दाइ अनि मिठो खाना पकाएर खुवाउने ती बुढीआमैको सम्झना आइरहन्छ ।



मीनरत्न बज्राचार्य

एल्बमका पाना पल्टाउँदा...

■ सन्दर्भ : गणतन्त्र दिवस



२४ चैत ०४६ मा काठमाडौंको भद्रकालीमा निकालिएको विशाल जुलुस



०४६ चैतको दोस्रो साता जनआन्दोलनको समर्थनमा पाटनमा निकालिएको जुलुस



०६२/०६३ को जनआन्दोलनपछि खुलामञ्चमा भएको पहिलो आमसभा

> ०४६ को आन्दोलनमा मीनरत्न जोस देख्थे । विश्वास देख्थे । त्याग देख्थे । ०६२/६३ पछि दृश्य फेरिएको पाए । पत्रकार धेरै भए । क्यामेरा धेरै भए । नेताहरू पनि क्यामेरासँग परिचित भइसकेका थिए । उनी भन्छन्, 'कसैले क्यामेरा देख्यो कि मुठी कस्ने । नारालाई अझ चर्को बनाउने । नाटकीय पोज दिने गर्न थाले ।'

पुराना एल्बमका पाना पल्टाउँदा फोटो पत्रकार मीनरत्न बज्राचार्य गणतन्त्रका लागि लडेका ती दिनमा पुग्छन् । कहीँ धुवाँ छ । कहीँ भिड । कहीँ नाराबाजी । कहीँ लाठीचार्ज । ती दृश्य उनले क्यामेरामा कैद गरिरहे ।

एल्बमका पाना पल्टाउँदै मीनरत्न २०४६ को जनआन्दोलनका दिनमा पुग्छन् । त्यस वेला सडक दुई धारमा बाँडिएको थियो । एकातिर पञ्चायती सत्ता, अर्कोतिर परिवर्तन खोज्ने जनता । ती दिन सम्झँदै उनी भन्छन्, 'त्यो वेला अनुभवको कमी थियो । अस्ट्रेलियामा पाएको एक्सपोजरले फोटो पत्रकारिता बुझ्न मद्दत गऱ्यो । आँखा चिम्लेर काममा लागियो ।'



तत्कालीन राजा ज्ञानेन्द्र शाहले 'कू' गरेपछि प्रतिगमनविरुद्ध बागबजारमा निकालिएको रॉके जुलुस ।



०६२/६३ को जनआन्दोलनमा सहभागी आन्दोलनकारीको जुत्ताचप्पल

२०४६ को आन्दोलनका दिनमा घरबाट निस्कँदा कहाँ जाने भन्ने निश्चित हुँदैनथ्यो । साँझ घर आउने टुंगो थिएन । साथीहरूको घरमा रात बित्थ्यो । उनी भन्छन्, 'आन्दोलनको रिपोर्टिङ गर्नु त्यतिवेला अत्यन्त जोखिमपूर्ण काम थियो । फोटो खिच्न सजिलो थिएन । कहिले गल्लीमा लुकेर बस्नुपर्थ्यो । कहिले प्रहरीले लखेट्थ्यो । घरबाट निस्किँदा कतै पत्राउ परिएला कि भन्ने डर भइरहन्थ्यो । त्यो समय प्रहरीले क्यामेरा खोस्ने र फोटो नष्ट गर्ने मुख्य डर हुन्थ्यो ।'

साप्ताहिक राशिफल

१६ जेठ ०८३ (शनिबार)
२२ जेठ ०८३ (शुक्रबार)



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो. : ९८५१०६११२४

मेष

(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

कमजोरी अनुभव हुनेछ । महत्त्वाकांक्षी योजना गोप्य राख्नुमै बुद्धिमानी होला । नजिकका व्यक्तिबाट काममा अवरोध हुने देखिन्छ, काममा चुनौती देखिए पनि प्रतिस्पर्धाबाट लाभ मिल्ने योग छ । मित्रहरू प्रतिकूल भए आउनेछन् । बिहीबारदेखि विचारले धेरैलाई आकर्षण गर्ने समय छ । प्रशंसकहरू बढ्नेछन् । सहयोगीहरूले काममा साथ दिनेछन् । राम्रै फाइदाको योग छ ।

वृष

(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

दिनभरजसो भागदौड र असफल यात्रा भइरहला । बोलीको गलत अर्थ लाग्ने भएकाले सोचेर मात्र बोलेको वेश होला । कमजोर मित्रको कारण प्रतिकूल समयमा समस्या आउला । बिहीबारदेखि व्यापार शुभ फलदायी हुनेछ । दार्शनिक विचारमा मन रहिनेछ । दाम्पत्य सम्बन्धमा पनि केही असमझदारी बढ्न सक्छ ।

मिथुन

(का, कि, कु, घ, ङ, छ, के, को, ह)

सबैतिरबाट शुभलाभ हुने संकेत मिल्नेछ । माया मारेका कामबाट राम्रो प्रतिफल हात पर्नेछ । घरमा अतिथिजनको स्वागत गर्ने अवसर मिल्नेछ । भूमिसम्बन्धी काम गरे सफल हुने योग रहेको छ । परिवारमा मातृभातृत्व सम्बन्ध प्रगाढ रहला । शुक्रबारदेखि अनावश्यक यात्रा हुन सक्छ । आफन्तसँगको सम्बन्धमा सामान्य मनमुटावको स्थिति रहला । व्यापार-व्यवसायमा खासै उन्नति हुन सक्दैन ।

कर्कट

(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

व्यवसायमा लगानी बढाउनुपर्ने समय रहेको छ । आफ्नै कमजोरीले विवादमा परिने योग छ, सचेत रहनुहोला । प्रतिस्पर्धामा पनि केही कमजोर साबित भइएला । आफन्तबाट समेत टाढिनुपर्ने समय छ । वैदेशिक क्षेत्रबाट भने सामान्य लाभ लिन सकिनेछ । सातको अन्त्यमा स्थानान्तरण र टाढाको यात्रा पनि सम्भावना छ ।

सिंह

(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

काममा अधिकारप्राप्तिका लागि प्रतिस्पर्धा गर्नुपर्ने देखिन्छ । शत्रुहरूको चलखेल बढ्नाले केही चुनौती सामना गर्नुपर्नेछ । पैतृक सम्पत्तिको उपयोगबाट थप लाभ हुन सक्छ । नयाँ ज्ञान सिक्ने मौका छ । कृषि तथा पशुपालनमा कम र व्यापारमा प्रशस्त फाइदा हुने देखिन्छ । श्रमको उचित मूल्यांकन हुनेछ । पढाइमा पनि राम्रै प्रगति होला । आकस्मिक खर्चसमेत बढ्ने योग छ ।

कन्या

(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

अरूलाई प्रभावित पारेर काम बनाउने समय छ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । सामाजिक दायित्व बढ्नेछ । भूमि, वाहन र पैतृक सम्पत्तिबाट लाभ मिल्ने योग छ । व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ । कीर्तिमानी काम गर्ने समय रहेको छ । मेसिनरी वस्तुको प्रयोग नगरेकै वेश होला । धार्मिक उदारीकरणमा उल्लेखनीय काम गर्न सकिनेछ ।

तुला

(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

व्यापार-व्यवसाय फस्टाउनेछ । मेसिनरी वस्तुको प्रयोग नगरेकै वेश होला । धार्मिक उदारीकरणमा उल्लेखनीय काम गर्न सकिनेछ । सानातिना काममा महत्त्वपूर्ण समय बित्न सक्छ । सहयोगको आशा देखाउनेहरूले कर्तव्य पूरा नगर्न सक्छन्, सचेत रहनुहोस् । व्यावसायिक काममा खर्च बढ्नेछ । धर्मकर्म र सेवामूलक कामबाट प्रतिष्ठा मिल्नेछ ।

वृश्चिक

(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

प्रियजनसँग भेटघाट र प्रसन्नताको समय छ । विभिन्न उपहारसमेत पाइएला । पार्टी, पिकनिक वा खानपान समारोहमा सहभागी भइएला । तपाईंको विचारलाई धेरैले मन पराउनेछन् । बोलीकै भरमा काम गर्ने समय छ । आतिथ्यपूर्ण सम्मान र सहयोगीहरूबाट साथ पाइनेछ । कर्मयोगमा अभिवृद्धि हुनेछ । पराक्रम बढेर जाला । प्रेम र मित्रताको गाँठो कसिने वेला छ । आम्दानी बढ्नेछ ।

धनु

(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

टाढाको यात्रा सम्भावना छ । शुक्रबारदेखि आफन्तजन भेटिएलान् । शरीरमा आरोग्य एवं स्फूर्ति बढ्नेछ । विशिष्ट व्यक्तित्वसँग भेटघाट गर्ने अवसर जुट्ला । मन पर्ने खानपान, वस्त्र, अलंकार आदिबाट आनन्द मिल्नेछ । बोलीको प्रभावले महत्त्वपूर्ण काम बन्न सक्छ । मानसम्मान पाइनुका साथै प्रशस्त धनआर्जन गर्ने योग छ । सहयोगीहरू जुट्नेछन् र काममा उत्साह बढ्नेछ ।

मकर

(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

आँटेका काममा सहयोगीहरूले साथ दिनेछन् । व्यावसायिक कामबाट राम्रो लाभ होला । श्रमको उचित मूल्यांकन हुनेछ । बिहीबार भने आकस्मिक खर्च बढ्नेछ । छरछिमेकमा असमझदारी पनि बढ्न सक्छ । आरोग्य एवं स्फूर्ति बढ्नेछ । भेटघाटले प्रसन्नता मिल्नेछ । मनपर्ने वस्त्र, अलंकार आदि लाभ होला । नयाँ काम गर्ने मौका आउला । आतिथ्यपूर्ण सम्मान पनि पाइनेछ ।

कुम्भ

(गु, गे, गो, सा, सि, सु, से, सो, द)

नयाँ काम र जिम्मेवारी मिल्ने समय छ । धार्मिक क्रियाकलापमा मन जाला । राजनीति र नोकरीमा उन्नति हुनेछ । व्यवसायबाट सोचेको लाभ मिल्नेछ । विद्यामा प्रगति हुनेछ । अरूको मन जित्न सकिनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । प्रतिनिधिमूलक यात्रा सम्भावना छ । पुराना साथीभाइसँग भेटघाट गर्ने मौका छ । दीर्घकालीन काममा लगानी गर्ने समय छ ।

मीन

(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

तपाईंका विरुद्धमा लाग्नेहरू नासिनेछन् । आफ्नो विचारको कदर हुनेछ । सामाजिक रूपमा गरेका कामको जस मिल्नेछ । विवादित विषयमा हात नहालेकै वेश हुनेछ । अरूको कार्यमा हस्तक्षेप नगरेकै राम्रो हुनेछ । व्यवसायको सिलसिलामा भ्रमण गर्ने मौका आउला । आतिथ्यपूर्ण सम्मान पनि पाइनेछ ।

समीक्षा



● नोरेम

चर्चित साहित्यकार श्रवण मुकारुङको औपन्यासिक सिर्जना 'सलह' पढेपछि मनमा उत्पन्न भएका गहिरा तरंग अझै सेलाएका छैनन् । आख्यानलाई साहित्यको चास्नीमा डुबाएपछिको बेग्लै स्वाद चाख्न पाइन्छ यस उपन्यासमा । आफ्ना आदी पुर्खाहरूको इतिहासलाई प्रस्थानविन्दु बनाएर वर्तमान समयका अनेकौँ घटना, पात्र, चरित्र र परिवेशको रोमाञ्चक कोलाज प्रस्तुत गर्नु यस उपन्यासको आफ्नै विशेषता हो । उपन्यासको शब्द चयन र वाक्य संरचनामा काव्यात्मक अभिव्यञ्जनाको मिठो धुन सुन्न पाइन्छ । समाज, संस्कृति र प्रकृतिबाट टिपिएका उपमा र संवाद अत्यन्तै स्वादिला र चोटिला लाग्छन् । पात्रहरूको चरित्रचित्रण र पृष्ठभूमिको प्रस्तुति यति सशक्त एवम् जीवन्त छ कि उनीहरू सशरीर हाम्रै सामुन्ने हिँडडुल गर्दै आफ्नो भूमिका हामीलाई देखाउन तल्लीन छन् ।





प्रजातन्त्र प्राप्तिपछि खुलामञ्चमा २७ चैत ०४६ मा नेताहरू गणेशमान सिंह (बायाँ) र मनमोहन अधिकारीलगायत

०४६ को जनआन्दोलनमा मीनरत्नले खुलामञ्चतिर बगिरहेको जनसागर पछ्याए। मानिसको भिड कमिलाको लस्करझैं खुलामञ्चतिर अघि बढिरहेको थियो। उनी त्यो भिडसँग हिँड्दै दृश्य कैद गरिरहेका थिए। साँझ ४ बजेदेखि खुलामञ्चमा दलहरूको विजयसभा सुरु भयो। मीनरत्नले कहिले मञ्चतिर लेन्स सोझ्याए, कहिले विशाल जनसागरतिर।





मीनरत्नलाई व्यक्तिले भन्दा 'मास'ले आकर्षक बनाउँथ्यो। उनले नेताको अनुहारभन्दा जनताको ऊर्जा खोजे। ढुंगा फ्याँकिरहेको व्यक्तिको अनुहार होइन, त्यसले बनाएको प्रतिरोधको दृश्य खिच्ने कोसिस गरे। 'म मानिसको अनुहारभन्दा आन्दोलनको भावना खिच्छैं,' उनी भन्छन्।

त्यसैले, उनका धेरैजसो तस्बिरमा भिड छ। मानिसको समुद्र। उत्साह। क्रोध। आशा। कसैको अनुहार अनावश्यक एक्सपोज नहोस् भन्नेमा उनी सचेत थिए। त्यो समयमा सामाजिक सञ्जाल थिएन। भोलिपल्टै तस्बिर भाइरल हुने डर पनि थिएन। तर, राज्यको नजर थियो।

०४६ को फोटो खिच्दा...

२०४६ चैत २४ को आन्दोलन उनको स्मृतिमा अझै ताजा छ। त्यो दिन भक्तपुर र ललितपुरबाट बिहानैदेखि मानिस नाराबाजी गर्दै सडकमा उत्रिएका थिए। उनी सम्झन्छन्, 'दरबार क्षेत्रलाई मात्रै कडा सुरक्षा दिइएको थियो। नारायणहिटी दरबार वरिपरि सेना तैनाथ थियो।'

भक्तपुर र ललितपुरबाट जनसागर दरबारतिर बढिरहेको थियो। दरबार क्षेत्र सैनिक घेराभित्र थियो। तनाव बढ्दै थियो। उनी क्यामेरा बोकेर अगाडि बढ्न खोजिरहेका थिए। त्यही वेला कसैले चेतावनी दियो, 'अगाडि नजाऊ, अवस्था धेरै खतरनाक भइसक्यो।'

त्यो वाक्यले उनी झस्किए। एउटा रातो घरमा चढेर उनले दृश्य खिचे। तल सडकमा भिड थियो। लाठीचार्ज थियो। भागदौड थियो।

चैत २७ गते बिहान काठमाडौंको अवस्था सामान्य थिएन। भित्री गल्ली, चोक र सडक मानिसले भरिएका थिए। रातभरको राजनीतिक हलचलपछि मानिसहरू घरबाट निस्किसकेका थिए। कसैले अबिर छर्किरहेका थिए, कसैले 'जिन्दावाद', 'मुर्दावाद' भनिरहेका थिए। तत्कालीन राजा वीरेन्द्रले बहुदलीय व्यवस्था स्वीकार गरेको घोषणा गरे। तीन दशक लामो पञ्चायती व्यवस्थाविरुद्ध सडकमा उत्रिएका जनताले त्यसलाई आफ्नै विजयका रूपमा लिए। तर, त्यो उत्सव सहज परिस्थितिमा आएको थिएन। देशभर कर्फ्यु जारी नै थियो। आन्दोलन दबाउन सुरक्षाकर्मीले गोली चलाएका थिए, धेरै घाइते भएका थिए, केहीले ज्यान गुमाइसकेका थिए। त्यसैले जनतामा डरभन्दा आक्रोश र उत्साह बढी देखिन्थ्यो। कर्फ्यु तोडेर मानिसहरू सडकमा उत्रिरहेका थिए।

त्यही भिडबिच क्यामेरा बोकेर हिँडिरहेका थिए मीनरत्न। इन्द्रचोकस्थित आफ्नै घरबाट निस्कँदा मीनरत्नको योजना थियो- जनआन्दोलनका कमान्डर गणेशमान सिंहको तस्बिर कैद गर्ने। तर, उनी लागे, ललितपुरको बखुण्डोलतिर। त्यहाँ आन्दोलनका अर्का शीर्ष नेता कृष्णप्रसाद भट्टराईको निवास थियो। बखुन्डोल पुग्दा त्यहाँ पनि बाक्लो भिड थियो। घरभित्र र बाहिर भइरहेका दृश्य उनले खिचे। जब उनी बाहिर निस्किए, काठमाडौंका सडक पूरै मानिसले भरिइसकेका थिए। सडकभर आन्दोलनकारीका तस्बिर खिच्दै उनी वीर अस्पताल पुगे। अस्पताल परिसरमा पत्रकार, राजनीतिक नेता र कार्यकर्ताको बाक्लो भिड थियो। उनले गणेशमान सिंह र मनमोहन अधिकारीको तस्बीर कैद गरे।

खुलामञ्चतिर बगिरहेको जनसागर पछ्याए। मानिसको भिड कमिलाको लस्करझैं खुलामञ्चतिर अघि बढिरहेको थियो। मीनरत्न त्यो भिडसँग हिँड्दै दृश्य कैद गरिरहेका थिए। साँझ ४ बजेदेखि खुलामञ्चमा दलहरूको विजयसभा सुरु भयो। मीनरत्नले कहिले मञ्चतिर लेन्स सोझ्याए, कहिले विशाल जनसागरतिर।

जनसागरमा उफ्रिँदै एउटी युवती बारम्बार चिच्याइरहेकी थिइन्- प्रजातन्त्र जिन्दावाद। उनले युवतीको तस्बिर खिचे। ती युवती थिइन्, दुर्गा थापा। 'दुई-तीन क्लिक मात्रै गर्न पाएँ,' उनी भन्छन्, 'अरूले पनि खिचिरहेका थिए, पछि उनको तस्बिर २०४६ को जनआन्दोलनको आइकोनिक तस्बिर बन्यो। पछि दुर्गा रहिछन् भनेर थाहा भयो।'

त्यो समय उनी कुनै पनि मिडियामा काम गर्दैनथे। फ्रिलान्सर भएर फोटो खिचिरेहका थिए। फोटो कहिले छापिन्छ निश्चित थिएन। 'नेगेटिभ जोगाउनु थियो। किनकि, त्यो केवल तस्बिर थिएन। त्यो प्रमाण थियो। समयको साक्षी थियो।'

०६२/६३ जनआन्दोलनको फोटो खिच्दा

आन्दोलनपछि पनि मीनरत्नले निरन्तर फोटो खिचिरहे। काठमाडौंको टुँडीखेल राजनीतिक इतिहासका धेरै निर्णायक क्षणको साक्षी बनेको छ। ०५२ सालतिर भएको एमालेको विशाल आमसभामा पनि मानिस उर्लिएका थिए। त्यो भिडको बिचमा फेरि क्यामेरा बोकेर उभिएका थिए, उनी।

सभामा पार्टीका झन्डा, नाराबाजी र राजनीतिक उत्साहले भरिएको वातावरण थियो। मीनरत्नले त्यहाँ केवल मञ्चमा उभिएका नेता मात्रै खिचेनन्, आन्दोलनको ऊर्जा बोकेको भिडलाई पनि आफ्नो फ्रेममा समेटे। स्लोगन लेखिएका ब्यानर, हात उठाएर नारा लगाइरहेका जनताको सामूहिकता उनका तस्बिरमा देखिन्छन्।

०५२ सालपछि देशको राजनीति फेरि अस्थिर मोडतिर गयो। आन्दोलन, विरोधसभा र सडक प्रदर्शन राजधानीको नियमित दृश्यजस्तै बन्न थाले। मीनरत्न भने हिँडिनै रहे। राजनीतिक आन्दोलनका क्रममा उनले विभिन्न दलका नेता, विद्यार्थी र कार्यकर्ताका अनेक दृश्य कैद गरे। माधव नेपाल, सुवास नेम्बाङ, ईश्वर पोखरेललगायत नेता आन्दोलनका बिच सडकमा उभिएका दृश्य उनका क्यामेरामा सुरक्षित छन्।

तत्कालीन राजा ज्ञानेन्द्र शाहले 'कु' गरे। 'कु' विरुद्ध संयुक्त आन्दोलन सुरु भयो। त्यो भीडको बीचमा फेरि क्यामेरा बोकेर उभिए, उनी। ०६२ र ६३ को दोस्रो जनआन्दोलनले काठमाडौंलाई फेरि एकपटक विशाल प्रतिरोधको सहरमा बदलिदियो। विशेषगरी, खुलामञ्च आसपास उनले खिचेका तस्बिर अहिले पनि एल्बममा सुरक्षित छन्। सडकमा उत्रिएका प्रदर्शनकारी, सुरक्षाकर्मीको घेराबन्दी, नारा र प्रतिरोधका दृश्यहरू उनका तस्बिरमा जीवन्त छन्।

सडकमा नाराबाजी, भागदौड, सुरक्षाकर्मीको बलप्रयोग र भिडको बेचैनी उनले लेन्समा कैद गरे। 'कहिले विद्यार्थीको साइडबाट खिच्नुपर्थ्यो, कहिले प्रहरीले लाठीचार्ज गरिरहेको ठाउँबाट', उनी सम्झन्छन्। १९ दिने जनआन्दोलनको अन्तिम दिनको दृश्य उनलाई अझै सम्झना छ। काठमाडौंका सडक मानिसले भरिएका थिए। जताततै मानिसको भिड देखिन्थ्यो। त्यो दृश्यलाई उनले क्यामेरामा कैद गरे।

०६२-०६३ को जनआन्दोलन चर्किँदै जाँदा दृश्य पनि फेरिन थाले। मीनरत्न सम्झन्छन्, 'माओवादी कार्यकर्ता आन्दोलनमा आउँदा धेरैजसोले हरियो घाँस बोकेका हुन्थे। त्यो दृश्य केवल दृश्यात्मक प्रतीक मात्र थिएन, राजनीतिक संकेत पनि थियो।'

०४६ को आन्दोलनमा उनी जोस देख्थे। विश्वास देख्थे। त्याग देख्थे। ०६२-६३ पछि दृश्य फेरिएको थियो। पत्रकार धेरै भए। क्यामेरा धेरै भए। नेताहरू पनि क्यामेरासँग परिचित भइसकेका थिए। 'पछि आन्दोलनमा पनि नक्कल गरेजस्तो देखिन्थ्यो,' उनी भन्छन्,' 'कसैले क्यामेरा देख्यो कि मुठी कस्ने। नारालाई अझ चर्को बनाउने। नाटकीय मुद्रा दिने गर्न थाले।'

उनका अनुसार पत्रकार प्रत्यक्ष आक्रमणको जोखिममा पनि परे।

● पवन बराइली

मुस्ताङे आलुको सहर यात्रा

मुस्ताङ आलुलाई सबैभन्दा पहिला खच्चडले बोकेर पोखरा ल्याएका थिए



नेपालका धेरै जिल्लामा आलु फल्छ, तर हिमालपारिको जिल्ला मुस्ताङको आलु छुट्टै स्वादका कारण चर्चित छ। आममानिसले रुचाएका छन्। होटेल, रेस्टुराँ र तरकारी बजारमा पुग्नेबित्तिकै ग्राहकले सोधिहाल्छन्, मुस्ताङको आलु छ ?

बर्खा बर्खा सकिएपछि मुस्ताङका खेत फेरि ब्युँझिन्छन्। खेतीपातीमा रौसिएका किसान बिहानै हलो, कोदालो र डोको बोकेर खेतातिर लाग्छन्। यो वेला किसान कतै माटो पल्टाइरहेका हुन्छन्, कतै बिउ छरिरहेका हुन्छन्। त्यसको प्रतिफल कात्तिक-मंसिरतिर देखिन थाल्छ। त्यसवेला आलु बिस्तारै जमिनमाथि निस्किएर फैलिन थाल्छ।

जाडो बढ्दै जाँदा खेतमा आलुका हरिया बोट हुर्किन्छन्। फूल फुलेपछि किसानहरूको आँखामा आशाका किरण छाउँछन्। उनीहरूलाई थाहा हुन्छ, माटोभित्र भविष्य पलाइरहेको छ। आलु खन्ने समयमा परिवार, छिमेकी र साथीहरू सबै खेतमा जम्मा हुन्छन्। माटो खोतल्दा निस्किने ताजा आलुको सुगन्धले वातावरण भरिन्छ। किसानमा हर्ष बढ्छ। यही मेसोमा कसैले आलुले डोको भर्छन्, कसैले घाममा सुकाउँछन्।

हिमाली क्षेत्रमा आलु फलाउन मौसमसँग लड्नुपर्छ, पानी जोगाउनुपर्छ। कहिलेकाहीं कठिन हिमपातसँग सम्झौता गर्नुपर्छ। त्यही आलु ट्रक चढेर पोखरा, काठमाडौं र देशका अन्य बजारसम्म पुग्छ। तर, यो यात्रामा चुनौती पनि कम छैन। सडक अवरोध, मौसम परिवर्तन, मलको अभाव र बजारको अस्थिर मूल्यले किसानसँग हरेक वर्ष परीक्षा लिन्छ। तैपनि, मुस्ताङका खेत खाली हुँदैनन्। किनकि, मुस्ताङीलाई थाहा छ, 'माटो छोडे हिमाली जमिन पनि रित्तिन्छ। त्यसैले हरेक वर्ष फेरि आलु रोपिन्छ, फेरि सपना उम्रिन्छ र फैलिन्छ।'

मुस्ताङको आलु केवल खाद्य बाली होइन। यो हिमालीको धैर्य हो। किसानको संघर्ष हो। हिमालको फरक स्वाद बोकेको कथा हो।

चिसो हावापानी, विनारासायनिक मल र हिमाली पानीले गर्दा यसको फरक स्वाद हुन्छ। त्यसैले बजारमा मुस्ताङी आलु भन्नेबित्तिकै मानिसको जिब्रो रसाउँछ। नेपालका धेरै जिल्लामा आलु फल्छ, तर हिमालपारिको जिल्ला मुस्ताङको आलु छुट्टै स्वादका कारण चर्चित छ। आममानिसले रुचाएका छन्। होटल, रेस्टुराँ र तरकारी बजारमा पुग्नेबित्तिकै ग्राहकले सोधिहाल्छन्, मुस्ताङको आलु छ ? अहिले मुस्ताङको आलु सामान्य होटेलदेखि तारे होटेसम्मको मेनुमा समावेश हुने गरेको छ। आलुले अनेक यात्रा पार गरेर हिमालको काखबाट उपभोक्ताको भान्सासम्म पुग्छ।

■ ५० वर्षको यात्रा

धौलागिरि र निलगिरि दुई अग्ला हिमालको बिचमा रहेको मुस्ताङमा आलु, उवा, जौ, फापरजस्ता खाद्यवस्तु उत्पादन हुन्छन्। यी खाद्यवस्तुबारे धेरै नेपालीलाई जानकारी छ। त्यसमध्ये आलुले पाँचतारे होटेलसम्म प्रवेश पाउनु चानचुने कुरा होइन। यसले झरी, हिमताप, ठन्डीका बाबजुद आलु फलाउन किसानले अहोरात्र मिहिनेत गर्छन्।

कुनै समय मुस्ताङीको खाजा, तरकारीमा मात्र सीमित आलु करिब ३० वर्षअघि काठमाडौंका होटलमा आइपुगेको होटेल व्यवसायी अन्जु गौचन बताउँछिन्। होटेलमा एकपटक मुस्ताङ आलुको स्वाद चाखेका ग्राहकले फेरि उही आलु माग गर्न थाले। करिब दुई दशकदेखि त्रिपुरेश्वरस्थित थकाली भान्साघरको भान्सा सम्हालिरहेकी अन्जु गौचनका अनुसार चिसो ठाउँको खाना र बनाउने तरिका पनि फरक भएकाले आलु धेरैको रोजाइ बन्यो। 'आलु धोएर खुर्काउने, थोरै घिउ राखेर एक सिट्ठी लगाएपछि खानका लागि उपयुक्त हुन्छ। आलुसँग टिमुर र लसुनको छोप खाँदा अझै धेरै मिठो हुन्छ,' अन्जुले भनिन्, 'अहिले त्यही तरिकाले एक सिट्ठी लगाइएको आलुलाई लसुन, टिमुर र खुर्सानी राखेर फ्राई गरिन्छ। तैपनि, मुस्ताङ आलुको स्वाद अरू आलुको भन्दा फरक हुने भएकाले माग बढेको छ।' उनका अनुसार आफ्नो भान्साघरमा पनि धेरै ग्राहकको पहिलो रोजाइ थकाली खानापछि मुस्ताङ आलु नै हुने गरेको छ। 'कहिलेकाहीं अरू आलु नै मुस्ताङ आलुजस्तै बनाएर उपलब्ध गराउँछौं। हामीले उक्त कुरा ग्राहकलाई जानकारी गराउँछौं। कतिपय ठाउँमा मुस्ताङ आलु भनेर अरू ठाउँको आलु बनाएर बिक्री गरिएकोसमेत सुनिन्छ। यो राम्रो होइन,' उनले भनिन्।

थकाली भान्साघरका सचिव टिकप्रसाद गौचन कुनै वेला मुस्ताङीको खाजाका रूपमा मात्र सीमित आलु नेपालभर नै परिचित हुनुको कारण यसको स्वाद प्रमुख भएको बताउँछन्। 'अन्तको आलु तीन महिनामै तयार भएर बजार पुग्छ। मुस्ताङको आलुलाई बजार पुग्न कम्तीमा ६ महिना लाग्छ। चिसो ठाउँमा उत्पादन भएको कारण यसको फरक स्वाद हुन्छ। त्यसैले धान्न गाह्रो हुने गरी माग बढेको हो,' सचिव गौचनले भने। उनी मुस्ताङको आलु ब्रान्डमा परिणत भएसँगै आलु उत्पादन गर्ने किसानले पनि सही मूल्य पाउनुपर्ने बताउँछन्।

थकाली सेवा समिति काठमाडौंका सचिव विश्वकिरण गौचन मुस्ताङको आलु थकालीहरूको भट्टीसँगै सुरुवात भएको मत गर्छन्। थकाली समुदायले हिउँदको समय पोखरा, बाग्लुङ, म्याग्दीमा अस्थायी व्यवसायको रूपमा भट्टी चलाउने क्रममा आफ्नो भान्सामा जे पाक्थ्यो, त्यही भट्टीमा बिक्री गर्न थाले। सोही क्रममा उनीहरूले खाजाका रूपमा दैनिक प्रयोग गर्ने आलु पनि बिक्री गर्न थाले। बिस्तारै आलु काठमाडौंसम्म फैलियो। यसको स्वादका कारण तारे होटेलसम्म स्थान पाउन थाल्यो।

विश्वकिरणका अनुसार करिब ५० वर्षअघि यातायातको साधनका रूपमा खच्चड प्रयोग हुन्थ्यो। पोखराजस्ता सहरबाट चामल, चिनीलगायत सामग्री मुस्ताङ लगिन्थ्यो। मुस्ताङबाट खच्चड फर्काउने क्रममा रित्ते फर्कनुभन्दा आलु लिएर व्यापारी फर्कन्थे। अन्य खाद्यान्नको तुलनामा आलु सहज बिक्री हुने अवस्था हुन्थ्यो। सोही कारण खच्चड आलु लिएर फर्कन्थ्यो। सोही आलु विभिन्न ठाउँमा बिक्री हुन्थ्यो। 'खच्चडमा स्याउ पनि ल्याउन सकिन्थ्यो। स्याउ पोखरासम्म पनि सही रूपमा पुग्न सक्दैनथ्यो। व्यवस्थित रूपमा लैजानका लागि थप महँगो पर्थ्यो। त्यसैले, व्यापारीले आलु नै रोजे,' उनले भने।

मुस्ताङ आलुलाई जसरी रुचाइएको छ, त्यसरी नै यसको उत्पादनमा समेत वृद्धि भइरहेको छ। मुस्ताङले गत वर्ष ६२ करोड ८२ लाख रुपैयाँबराबरको आलु उत्पादन गरेको थियो। कृषि ज्ञान केन्द्र मुस्ताङका अनुसार गत वर्ष मुस्ताङका पाँच स्थानीय तहको ४७८ हेक्टर क्षेत्रमा नौ हजार ६६५ मेट्रिक टन आलु उत्पादन भएको थियो। आलु उत्पादन ०८१ को तुलनामा ११ करोड ८४ लाख ७५ हजार रुपैयाँले बढेको हो। उत्पादन बढेसँगै ६० रुपैयाँबाट बढेर ६५ रुपैयाँ केजी भएको छ।

माथिल्लो मुस्ताङ, मध्यमुस्ताङ र तल्लो मुस्ताङलाई तीन क्षेत्रमा विभाजन गरी आलु उत्पादन गर्ने किसानको खेतबारीमा पुगेर धेरै फल्ने, मध्यम फल्ने र कम फल्ने आलुको उत्पादन तथ्यांक संकलन गरी औसत उत्पादनको मापन गरिएको केन्द्रले जनाएको छ। मुस्ताङका पाँच स्थानीय तहमा उत्पादन भएको आलुमध्ये ६० प्रतिशत जिल्लाबाहिर, ३० प्रतिशत जिल्लाभित्रै र १० प्रतिशत बिउ प्रयोजनका रूपमा खपत भएको पाइन्छ। घरायसी प्रयोजन र होटेल रेस्टुरेन्टमा एकतिहाइ आलु खपत हुने गरेको छ। जिल्लामा स्याउबालीभित्र अन्तरबालीका रूपमा पनि आलुखेती गर्ने गरिएको केन्द्रले जनाएको छ।

● शान्ति तामाङ

'सलह'माथि एक टिप्पणी

विषयवस्तुको नवीनता र कल्पनाशिलताका दृष्टिले उपन्यास अब्बल छ



भनिन्छ, कुनै पनि उपन्यास यथार्थ र कल्पनाको संयुक्त उपज हो। तिनलाई चित्ताकर्षक ढंगले प्रस्तुत गर्ने उपन्यासकारको खुबीले नै पाठकका मनमा त्यस कथाले गहिरो प्रभाव छोड्ने हो। कथामा देखापर्ने विविध पृष्ठभूमिका अनेकौं पात्रसँग लेखकको अन्तर्संवाद, तिनको मनोसंरचनाको अध्ययन र इतिहास, संस्कृति र समग्र समाजको गहिरो अनुसन्धानमा आधारित लेखनले उपन्यासको कथालाई सशक्त र अब्बल बनाउने हो। यसरी हेर्दा, गहिरो शोधबाट प्रचुर सामग्री नजुटाई यत्तिको उपन्यास लेख्न असम्भव छ।

पूर्वी पहाडको राई गाउँ, त्यहाँको समाज, जीवनशैली, बोलीव्यवहार, मेलापर्व, मेलापात, मायापिरती, गाउँमा पस्दै गरेको माओवादी राजनीति र त्यसका प्रभावको सूक्ष्म विश्लेषणले उपन्यासको उठानलाई कौतुहलपूर्ण बनाएको छ। बिसँदै गएका गाउँहरू फेरि जीवन्त भएका छन्। तर, गाउँमा बस्न अप्ट्यारो हुँदै गएजस्तो छनक पाइन्छ।

राई गाँउमा जन्मिएकी उपन्यासको केन्द्रीय कथानक नायुमाको जीवन भोगाइको भेल र भंगालोमा वर्तमान समय र समाजका अरू अनेकौं चरित्र र घटनाहरू मिसिन आइपुग्छन्। काठमाडौंको बैकुन्ठ कोलोनी त्यस कथानकसँग गाँसिएको त्यही शृंखलाको एउटा अंश हो। वैकुण्ठ कोलोनीभित्रका दृश्य र घटनाहरूले वर्तमान सहरिया जीवनशैलीका अनेकौं आयामलाई सतहमा ल्याइदिएका छन्। यस्तो लाग्छ, समग्र समाज नै वैकुण्ठ कोलोनीमा प्रतिध्वनित भइरहेको छ।

यस कोलोनीमा सेवा निवृत्त जीवन विताइरहेका सरकारी हाकिम, प्रोफेसर, ब्रिटिस लाहुरे र रेस्टुरेन्ट व्यवसायी काठमाडौंका रैथानेहरूको आफ्नै दुनियाँ छ। उनीहरू कोलोनीभित्र र देश दुनियाँका घटनाहरूमाथि आफ्नै धुनमा तासको पत्ती फिट्दै घत लाग्दा तर्कवितर्क र वादप्रतिवाद गर्छन्। बोतलहरू रित्याउँछन्। कोलोनीभित्र बेलाबखत उत्पन्न हुने आपसी झगडा मिलाउँछन्। प्रोफेसर माथेमाको कुरा गर्ने शैली र संवाद सुन्दा उनलाई कतै देखेजस्तो, सुनेजस्तो लागिरहन्छ। बौद्धिक तर्कका धनी प्रोफेसर माथेमा पाठकको मनमा उत्सुकता जगाइरहने एकजना रमाइला पात्र हुन्, जसलाई सहजै बिर्सन सकिँदैन।

कोलोनीभित्र फरक संस्कृति र व्यावसायिक पृष्ठभूमि भएका विविध स्वभावका मानिस र परिवारका आ-आफ्नै कथाव्यथाहरू छन्, जसले पाठकलाई एकोहोरो बनाएर निरन्तर डोऱ्याइरहन्छ। वैकुण्ठ कोलोनी परित्याग गरेपछि सुरु हुन्छ नायुमाको विचित्रको जीवनयात्रा। अनेकौ प्रतिकूलतासँग जुझिरहने नायुमाको साहस भने सम्झनलायक छ।

उपन्यासको आरम्भमा नै मृत्युपछि अनेकौं जुनी फेर्दै सलहको जुनी पाएका होङ वंशकी राजकुमारीसँग लेखक स्वयंको संवाद र लेखककै हातबाट आफू मारिएर छिट्टै फेरि मानव जुनी प्राप्त गर्ने लालसाको प्रस्तुति निकै रोमाञ्चपूर्ण छ। उपन्यासमा केही पात्रहरू आश्चर्यलाग्दो मनोदशामा देखिन्छन्। सामाजिक व्यवहारका प्रतिकूल ठाउँठाउँमा तिनीहरू निकै बहकिन्छन्। लाग्छ, घटनालाई अलिक फरक रङमा रंग्याएर पाठकलाई वेग्लै मनोरञ्जन दिलाउने लेखकीय प्रयत्न होला त्यो। उपन्यासको अन्त्य जसरी गरिएको छ, त्यसमाथि विचार गर्दा अन्तिम अध्यायको लेखनमा उपन्यासकार निकै घोत्लिएको र केही असमन्जसमा परेको प्रतीत हुन्छ।

विषयवस्तुको नवीनता र कल्पनाशिलताका दृष्टिले उपन्यास अब्बल छ। आजसम्म कसैले उठान नगरेका नितान्त नौलो आश्चर्यलाग्दा घटनाहरू र प्रस्तुतिकरणको चित्ताकर्षक शैलीले उपन्यासलाई समृद्ध बनाएका छन्। आगामी लेखनका लागि सम्भावनाका अजस्र ढोकाहरू उघ्रिएका छन्।

झ्याप्पै !



रवि मिश्र
@rabimishra



तिरस्कारले टेकायो सगरमाथा शिखर

नेपालको इतिहासमा पहिलोपटक ट्रान्स वुमन निलम पौडेल सगरमाथाको चुचुरोमा पुगेकी छिन्





यौनिक तथा लैंगिक अल्पसंख्यकलाई हरेक पाइलामा अपशब्द बोल्छन्। कहिल्यै मान्छेको रूपमा लिँदैनन्। केही गर्छु भन्दा विश्वास गर्दैनन्। त्यसैले, सगरमाथा आरोहण गर्नभन्दा यो समाजसँग संघर्ष गर्न धेरै कठिन लाग्छ।

निलम पौडेल

आरोहण



● शान्ति तामाङ

सधैं एउटै रंगको झन्डा देखेको सगरमाथाको शिखरले यसपटक इन्द्रेणी रंगको झन्डा देख्यो। त्यो झन्डा चुचुरोसम्म पुऱ्याउने साहस गरेकी थिइन्, यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायकी निलम पौडेलले। सगरमाथा आरोहणको सात दशकको यात्रामा पहिलोपटक निलमले यौनिक तथा लैंगिक अल्पसंख्यकको प्रतिनिधित्व गरेकी हुन्।

जेठ ९ गते शनिबार बिहान सात बजेको थियो, निलमको टोलीले सगरमाथाको चुचुरो टेक्यो। जब सगरमाथाको चुचुरो पुगिन्, उनी स्तब्ध भइन्। विश्वासै गर्न सकिनन्। उनीसँगै गएको साथीले झक्झकाएपछि उनलाई साँच्चै सगरमाथाको चुचुरोमा पुगें भन्ने लाग्यो। त्यसपछि उनी चिच्याइन्, कराइन्, रोइन्। आँखाबाट बर्बर हर्षको आँसु झारिन्। 'यहाँसम्म पुऱ्याउन सहयोग गर्ने साथी, समुदाय र परिवार सम्झिएँ। मलाई होच्याए, गिज्याए भनेको शब्दहरू सम्झेर धेरै रोएँ,' आँसुसँगै उनले सम्झिइन्, 'मेरो समुदायको झन्डा शिखरमा फर्फराइहँदा हामीलाई विभेद गर्नेहरूलाई झापड हान्न सकैं भन्ने लाग्यो।'

निलमले शिखरमै बारम्बार समाजको विभेद सहन नसकेर ज्यान फाल्ने साथीहरूलाई सम्झिइन्। मृत्युवरण गरेका ती साथीमाथि भएको अपमान, तिरस्कार सम्झिरहैं, जसले कलिलै उमेरमा मृत्यु रोजेका थिए।

सगरमाथा आरोहणका लागि अप्रिल १९ मा काठमाडौंबाट निलमको टोली हिँडेको थियो। सोही दिन लुक्लाबाट टोली अगाडि बढ्यो। आठौं दिनमा उनीहरू नाम्चे हुँदै आधार शिविर पुगे। उनको टोलीले १७ मे होमोफोबिया दिवसको दिन नै शिखर पुग्ने योजना बनाएको थियो। प्राविधिक कारण उनको टोलीले सो दिन शिखर चुम्न सकेन। मे १७ मा होमोफोबिया, बाइफोबिया र ट्रान्सफोबियाविरुद्धको अन्तर्राष्ट्रिय दिवस मनाउने गरिन्छ। १७ मे १९९० मा समलैंगिकतालाई मानसिक रोगको सूचीबाट हटाएको ऐतिहासिक दिनलाई होमोफोबिया दिवसका रूपमा मनाउन थालिएको हो। आधार शिविरबाट उनको टोली क्याप १, २, ३, ४ हुँदै शनिबार सगरमाथाको चुचुरोमा पुगेको थियो।

■ कठिन तर सुरक्षित यात्रा

निलमको टिम क्याम्प ३ र ४ मा रातभरि हिँड्यो। उनी जति अगाडि बढ्थिन्, त्यति गाह्रो हुँदै थियो। आरोहणकै क्रममा अगाडि बढ्न नसकेर कोही रोकिएको देखिन्। कोही मृत्युको मुखमा पुगेको पनि देखिन्। तर, उनले यात्रा रोकिनन्। यात्राका क्रममा उनले सहरले नदिएको माया पाइन्। सम्मान पाइन्। सुरक्षित महसुस गरिन्। उनले त्यहाँ आफ्नो पहिचानबारे कसैलाई भन्न परेन। आफ्नो लिंग र समुदायबारे उनीहरूमाझ चिनाउनु परेन। विभेदका शब्दले झटारो हानेनन्। 'आरोहणका क्रममा मैले एकदमै सुरक्षित फिल गरैं। मलाई मेरो लैंगिकताभन्दा व्यक्तिको रूपमा हेरियो,' उनले भनिन्।

यात्रामा ज-जसलाई भेटिन्, उनीहरू सबैले निलमको तारिफ गरे। उनको सफल आरोहणका लागि प्रार्थना गरे। 'म मेरो परिवारलाई समेत नभनी आरोहणका लागि गएको थिएँ। तर, त्यहाँ मेरो बारेमा सबैलाई जानकारी थियो। यसले मलाई अगाडि बढ्न हौसला दिइरह्यो,' उनले भनिन्।

क्याम्प ३ देखि ४ सम्म जाने वेला उनलाई सबैभन्दा गाह्रो भयो। यात्रालाई यही टुंग्याउनैपर्ने अवस्था आउला जस्तो भयो। किनभने, स्तन प्रत्यारोपण गर्दा चिरिएको शरीर चिसो र छिटोछिटो हात चलाउनुपर्ने अवस्थाका कारण निकै कष्टकर बनेको थियो। तर, उनले आफूलाई सम्हालिन्। अगाडि बढिन्। 'मैले आफ्नो मनलाई सम्हालैं। मैले यति दुखाइ पनि सहन सकिनँ भने दुःख गरेको के काम भयो भनेर अगाडि बढैं,' ती दिनका दुखाइ सम्झँदै उनले भनिन्।

शिखरबाट फर्किँदै गर्दा क्याम्प ४ मा फेरि निलमले अर्को कठिन क्षण पार गर्नुपर्ने भयो। बेस्सरी हावा चल्यो। मान्छे हिँड्न त के टेन्ट नै उडाउला जस्तो भयो। फर्किंदा बेस्सरी हुरी चल्यो। खानेकुरा सकियो। निदाउन सकिनन्। 'त्यही वेला मलाई भित्रैबाट ल म मरैं भन्ने विचारसमेत आएको थियो। भित्रैबाट कमजोर भएको थिएँ। मेरो साथीहरूले अगाडि बढ्न हौसला दिइरहे। बिस्तारै रुँदै तल झर्न सफल भएँ।'

क्याम्प ३ पुग्दा केहीबेर अगाडि बढ्न सकिनन्। टेन्टको बाहिरै लडिदिइन्। त्यहाँ केहीबेर आराम गरिन्। केही खानेकुरा खाइन्। त्यसपछि उनमा केही साहस आयो। ती कठिन अवस्था पार गर्न सकेकाले उनको आँखाबाट आँसु भने बगि नै रह्यो। घिम्रिँदै भए पनि फर्कन सकैं भन्ने उनीलाई लागिरह्यो। चार घण्टाको त्यो बाटो सात घण्टामा पार गरिन्।

■ पहिचान मुख्य बाधक

काठमाडौंमा संघर्ष गरिरहेकी उनलाई सगरमाथाको चुचुरोसम्म पुग्छु भन्ने कहिल्यै लागेको थिएन। किनभने, यो समाजले उनलाई बाँच्न नै कठिन बनाइरहेको थियो। सहरमा बाँच्नका लागि उनले विभिन्न क्षेत्रमा संघर्ष गरिन्। तैपनि, एउटा ज्यान पाल्नै धौधौ थियो। पत्रपत्रिकाको विज्ञापनमा देखिएको 'रोजगारीको अवसर' भन्ने ठाउँमा खोजतलास गरेर पुग्दा उनलाई भनिन्थ्यो, 'तिमीजस्तोका लागि यो काम होइन।'

तिरस्कारहरूले उनलाई सरगरमाथा आरोहण गर्ने प्रण थपिदियो। निलमले मनमनै योजना बनाइन्, यिनीहरूलाई देखाउनै भए पनि सगरमाथा शिखरमा पुगिछाड्छु। शिखरमा पुग्न सजिलो थिएन। संयोगवश उनले जुन कम्पनीबाट आरोहण गरिन्, त्यही कम्पनीका एकजनासँगको भेटले आरोहण गर्ने आँट भऱ्यो। उनले नै निलमको सपना साकार पार्न सहयोग गर्ने वचन दिए। आरोहणका लागि आवश्यक विभिन्न काममा सघाए। त्यसपछि उनले विभिन्न तालिम लिइन्। शारीरिक र मानसिक रूपमा आफूलाई तयार गरिन्।

गत अगस्टमा ६ हजार ४७६ उचाइको मेरो पिक आरोहण गरिन्। यो हिमाल आरोहण गर्ने पनि उनी यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायबाट पहिलो नेपाली बनेकी थिइन्। त्यो आरोहणसँगै उनमा जोस थपियो। गरे हुने रहेछ भन्ने भयो। अनि सगरमाथा आरोहणका लागि आर्थिक सहयोग जुटाउन लागिन्।

यहाँ पनि निलमको पहिचान मुख्य बाधक भयो। उनी ट्रान्स वुमन भएकै कारण सहयोगका लागि धेरैजना सहमत भएनन्। जुन उत्साहका साथ अरूलाई आर्थिक सहयोग प्राप्त हुन्छ, त्यो सहयोग उनलाई प्राप्त हुन सकेन। 'आर्थिक सहयोगका लागि प्रपोजल बोकेर हिँड्दा तपाईंहरूजस्तोलाई समाजमा हेर्ने दृष्टिकोण राम्रो छैन। हामी सहयोग गर्न सक्दैनौं भने,' उनले भनिन्। यस्तै वाक्य बोकेर उनी धेरै ठाउँबाट खाली हात फर्किइन्।

तैपनि, निलमले हिम्मत हारिनन्। उनले आफूसँग भएको केही गरगहना, केही बचत र केही सम्पत्तिबाट पुग-नपुग रकम जम्मा गरिन्। सगरमाथाको शिखरमा पुग्नका लागि उनी आर्थिक रूपमा शून्यमै झरिन्। उनलाई कुल खर्चको करिब १५ प्रतिशत मात्र आर्थिक सहयोग प्राप्त भएको थियो।


■ अनि पहिचान खुलाइन्

मोरङमा जन्मिएकी उनी बिहान खाए बेलुका के खाऊँ भन्ने परिवारमा जन्मिन्। सुकुम्बासी बस्तीमा उनको घर थियो। उनको चार दाजुभाइ र चार दिदीबहिनी छन्। सानैदेखि उनलाई नाचगान गर्ने, केटीले प्रयोग गर्नेजस्तै सामग्री मन पर्थ्यो। अन्य छोराछोरीभन्दा चलाख पनि थिइन्। यही कारण उनको बुबाले उनलाई पढाउने जुक्ति निकाले। आफूले पढाउन नसकेपछि छोराले पढोस् भनेर बाल श्रमिकको रूपमा एउटा घरमा राखिदिए। बाल श्रमिककै रूपमा काम गर्दै उनले विद्यालय शिक्षा पढिन्। कक्षा आठ पढ्दैताका उनले आफू फरक भएको चाल पाइन्। तर, कसैलाई यसबारे भन्न सकेकी थिइनन्। एसएलसी पास गरेपछि भने घर गएर परिवारमा आफूलाई छोरा नभई छोरीको रूपमा स्विकार्न भनिन्। त्यति भनेर फनक्क फर्किइन्। आफ्ना बारेमा बताएको दिन उनी घर जान सकिनन्। हप्ता दिनसम्म विभिन्न ठाउँमा आश्रय लिएर बसिन्।

हप्ता दिनपछि केटीको पाइन्ट लगाएर मेकअप गरी घर गइन्। त्यो दिन उनलाई बुबाले केही भनेनन्। केही नभन्नुको अर्थ समर्थन पाएँ भन्ने उनले बुझिन्। सहर फर्कने दिनमा भने उनको बुबा बोले, 'तिमी जे गर्छौं राम्रो गर। अरूले औंला उठाउने काम नगर। म जहिल्यै तिम्रो साथमा हुनेछु।' काठमाडौं फर्केपछि उनले आफूजस्तै साथीहरू भेटिन्। विभिन्न संघर्षका बाबजुद विभिन्न काम गरिन्। वैदेशिक रोजगारीका लागि कतार, दुबई गइन्। दुबईमा कमाएको पैसाले स्तन प्रत्यारोपण गरिन्। बुबाले अन्तिम घडीमा उनलाई 'छोरी' शब्द प्रयोग गरे। उनलाई उडान भरेको अनुभव भयो। तर, त्यसपछि उनका लागि झन् कठिन समय अगाडि उभियो। आफू र आफ्नो समुदायको कठिन अवस्थामा केही सुधार ल्याउन सकिन्छ कि भनेर नेपालमै बसेर केही गर्ने तर फरक गर्ने प्रण गरिन्। त्यसैको नजिता हो, सगरमाथा आरोहण।

'सगरमाथा चढ्न र समाजसँग संघर्ष गर्न कुन चाहिँ गाह्रो ?' प्रश्न सुनेर उनले तुरुन्तै भनिन्, 'समाजसँग।' उनले थपिन्, 'हरेक पाइलामा अपशब्द बोल्छन्। कहिल्यै मान्छेको रूपमा लिँदैनन्। केही गर्छु भन्दा विश्वास गर्दैनन्। त्यसैले, सगरमाथा आरोहण गर्नभन्दा यो समाजसँग संघर्ष गर्न धेरै कठिन लाग्छ।'

परिवारका सदस्यलाई समेत जानकारी नदिई आरोहणका लागि हिँडेकी निलमले काठमाडौंबाट हिँड्ने क्रममा तीनवटा चिठी लेखेकी थिइन्। फर्किन्न होला भन्ने लागेर उनले चिठी लेखेकी थिइन्। अन्तिम भनी लेखेको चिठी पढ्दा हर्षविभोर हुन्छन्। 'मेरो यो सफलताले समाज र राज्यलाई कस्तो सन्देश गयो भन्न सक्दिनँ,' उनले भनिन्, 'हामीले धेरै अगाडिदेखि राम्रो काम गर्दै आयौं। तर, हामीलाई कहिल्यै सम्मानजनक व्यवहार भएन। त्यसैले, मेरो समुदायलाई हामी पनि कम छैनौं, हामी पनि गर्न सक्छौं भन्ने सन्देशचाहिँ पक्कै गएको छ।'



सोलिड-स्टेट ब्याट्री आज प्रयोगमा रहेको लिथियम-आयन ब्याट्रीभन्दा सस्तो, छिटो चार्ज हुने र सुरक्षित हुनेछन्। यसले गर्दा विद्युतीय वाहनको मूल्य घट्नेछ र नेट जिरो कार्बन उत्सर्जनको लक्ष्य हासिल गर्ने गरी कारको अवलम्बन बढ्न सक्छ।

■ सोलिड-स्टेट ब्याट्रीमा तीव्र प्रगति

ल्याउनेछ विद्युतीय वाहनको युग

● द इकोनोमिस्ट

आज प्रयोग हुने स्मार्टफोनदेखि इलेक्ट्रिक कार र ड्रोनसम्म मुख्यतः 'लिथियम-आयन ब्याट्री'को प्रयोग हुन्छ। विगतका दशकमा यस ब्याट्रीको ऊर्जा घनत्वदेखि कार्यसम्पादनमा सुधार गर्न यसको डिजाइन अनगिन्ती परिवर्तन गरिए। केही वैज्ञानिकहरूले यिनमा थप सुधारको सम्भावना कम भएको बताउँन थालेका छन्। यसैले यसको विकल्पको खोजी बढेको छ।

'लिथियम-आयन' ब्याट्रीका उत्कृष्ट मोडेलहरू पनि धेरै चिसो वातावरणमा काम गर्दैनन्। त्यसमाथि कहिलेकाहीं यी ब्याट्रीमा आफैं आगो लाग्ने गर्छ। यी दुवै समस्या तरल अवस्थाका ब्याट्रीमा प्रयोग हुने तरल इलेक्ट्रोलाइटले सिर्जना भएको हो। परम्परागत लिथियम-आयन ब्याट्री चार्ज गरिँदा सिर्जना हुने 'आयन' 'क्याथोड'बाट 'एनोड'तर्फ सर्दछ। डिस्चार्ज हुँदा फेरि आयन पुरानै अवस्थामा फर्कन्छन्। 'आयन'हरू प्रसार सहज बनाउन प्रयोग गरिने माध्यमलाई 'इलेक्ट्रोलाइट' भनिन्छ। हाल प्रचलनमा रहेका तरल अवस्थाका ब्याट्रीमा ज्वलनशील, जैविक घोलकलाई यस्तो इलेक्ट्रोलाइटको रूपमा प्रयोग गरिन्छ।

त्यसैको समाधानका रूपमा इलेफ्ट्रोलाइटमा ठोस पदार्थ प्रयोग गरिने विकल्पका रूपमा 'सोलिड-स्टेट'(ठोस अवस्था) ब्याट्री अघि सारिएको हो। सोलिड-स्टेट ब्याट्रीहरूमा भने एनोड, क्याथोड र इलेक्ट्रोलाइटहरू 'स्ल्याब'को रूपमा एकसाथ राखिन्छ। यसले गर्दा त्यस्ता ब्याट्रीमा प्रतिकिलोग्राम ५०० वाट घण्टा (वाट-घन्टा/केजी) सम्मको ऊर्जा घनत्व भण्डारण गर्न सकिन्छ। जबकि लिथियम-आयनमा प्रयोग हुने तरल इलेक्ट्रोलाइटमा यो करिब ३०० वाट-घन्टा/केजीको मात्र ऊर्जा घनत्व हुन्छ। त्यसमाथि तरल इलेक्ट्रोलाइटको तुलनामा सोलिड-स्टेट ब्याट्री जल्ने सम्भावना पनि कम हुन्छ।

सोलिड-स्टेट ब्याट्री निर्माणका लागि दसकौंदेखि अध्ययन भइरहेको छ। तर, हालसम्म शरीरभित्र राखिने चिकित्सकीय 'इम्प्लान्ट'जस्ता साना उपकरणमा मात्र यसको सफल प्रयोग हुँदै आएको छ। यी ब्याट्रीको मुख्य समस्या यसको टिकाउपनमा थियो। यी ब्याट्री चार्ज वा डिस्चार्ज गर्दा ब्याट्री फुल्ने र खुम्चने गर्छ। यसले समयक्रममा भित्री-सामग्रीबिचमा खाली ठाउँ सिर्जना गर्छ र समयअघि नै चिरा पर्ने र भाँचिन सक्छ। नभाँचिएको अवस्थामा पनि छिट्टै आयनको बहाव ढिलो हुन्छ र ब्याट्रीको कार्यसम्पादन कमजोर बन्छ।

जनवरीमा चिनियाँ विज्ञान प्रतिष्ठानको एक एकाइ 'सेन्जेन इन्स्टिच्युट अफ एडभान्स्ड टेक्नोलोजी'का अनुसन्धानकर्ताहरूले सोलिड-स्टेट ब्याट्रीको उल्लिखित समस्या समाधान गर्ने दिशामा ठुलो सफलता हासिल गरे। तिनले १-१०० नानोमिटर मोटाइको सेरामिक्सको निकै पातलो पत्र र उस्तै पातलो पोलिमरको पत्रलाई एकपछि अर्को जोड्दै अत्यन्त प्रभावशाली ठोस 'इलेक्ट्रोलाइट' बनाउन सफल भए। यी दुई पदार्थको संयोजनबाट बनेको पदार्थले ठोस अवस्थाका कुनै पनि इलेक्ट्रोलाइटमा भन्दा आयनको राम्रो प्रवाह गरेको देखियो, त्यो पनि चिरा पर्ने प्रवृत्ति धेरै कम गरेर।

सोलिड-स्टेट(ठोस-अवस्था)का इलेक्ट्रोलाइट्सको एउटा उल्लेखनीय फाइदा, तिनले लिथियमबाहेकका अन्य सामग्रीहरूका लागि ढोका खोल्लेछन्। लिथियम-आयनको विकल्पमा अहिले सोडियम-आयन ब्याट्रीप्रति विशेष आकर्षण छ, जहाँ क्याथोडमा लिथियमको स्थानमा सोडियम राखिन्छ। सोडियम तत्त्व लिथियमभन्दा सस्तो र स्थिर त हुन्छ नै, साथमा यो प्रकृतिमा प्रचुर मात्रामा पाइन्छ। पृथ्वीको सतहमा लिथियभन्दा सोडियम १,००० गुणा बढी पाइन्छ।

दुर्भाग्यवश सोडियम परमाणु लिथियमको तुलनामा ठुलो र भारी हुन्छन्। त्यस्तै, यो सोडियम परम्परागत ग्रेफाइट इलेक्ट्रोडहरूमा सम्मिलित गर्न कठिन हुन्छ। परिणामस्वरूप अहिले बनेका सोडियम हायन ब्याट्री भारी हुन्छन् र तिनले कम ऊर्जा भण्डारण गर्न सक्छ। यद्यपि, राम्रो इलेक्ट्रोडको चयन गर्न सके स्थिति सुधारिन सक्छ। एउटा विकल्प कडा कार्बन हो। यसको 'स्पन्ज'जस्तो संरचनाले सहजै सोडियम आयन अवशोषित गर्न सक्छ। अझ यसले ग्रेफाइटले भन्दा राम्रो प्रदर्शन गर्दछ।

ठोस अवस्थामा रहने सोडियम-आयन ब्याट्रीको क्षमता सुधार गर्न अनुसन्धानकर्ताहरूले एनोडलाई नै पूर्ण रूपमा हटाउने दिशामा पनि प्रयोग गरिरहेका छन्। एनोड हटाउन सकियो भने ब्याट्रीमा बाक्लो क्याथोड राख्ने ठाउँ सिर्जना हुन्छ। फलस्वरूप ब्याट्रीको ऊर्जा भण्डारण क्षमता बढ्न सक्छ। पछिल्लो समय सोलिड-स्टेट ब्याट्रीको विकासमा भएको तीव्र प्रगति सस्तो, किफायती ब्याट्री विकास गर्ने विश्वव्यापी प्रतिस्पर्धाको प्रतिफल हो। यस प्रतिस्पर्धाले ब्याट्रीहरू निर्माण गर्ने तरिकामा पनि क्रान्तिकारी परिवर्तन ल्याउन सक्छ।

परीक्षणले सुक्खा पाउडरको प्रयोगले ब्याट्रीहरूले गर्ने ऊर्जा प्रयोग लगभग आधा घट्ने र उत्पादन लागत झन्डै २० प्रतिशतले घट्ने देखाएको छ। यसले समग्र कार्यसम्पादन बढाउँछ। अहिले अमेरिकी विद्युतीय वाहन(इभी) तथा ब्याट्री निर्माता टेस्ला र दक्षिण कोरियाली ब्याट्री निर्माता कम्पनी एलजी इनर्जी सोलुसनसहित धेरै कम्पनीले यस क्षेत्रमा पहिलो हुन प्रतिस्पर्धा गरिरहेका छन्।

पछिल्ला विकासक्रमले महत्त्वाकांक्षी वाचाहरू पूरा गर्न सक्ने सम्भावना देखाएको छ। विश्वको सबैभन्दा ठुलो ब्याट्री निर्माता कम्पनी चीनको कन्टेम्पोरारी एम्पेरेक्स टेक्नोलोजी (सिएटिएल)ले सन् २०२७ सम्ममा सोलिड-स्टेट ब्याट्रीको ठुलो स्तरको उत्पादन गर्ने योजना बनाएको छ। कम्पनीले यही वर्षको मध्यसम्ममा विद्युतीय कारमा प्रयोग हुने केही सोडियम-आयन ब्याट्री निर्माण गरिसक्ने वाचा गरेको छ।

दक्षिण कोरियाली इलेक्ट्रोनिक्स कम्पनी सामसुङले पनि सन् २०२७ सम्ममा यस्तै ब्याट्री ठुलो परिणाममा उत्पादन गर्ने बताएको छ। उता जापानी कार निर्माता टोयोटाले पनि यस्तै प्रतिबद्धता जनाएको छ। अमेरिकी कार निर्माता फोर्ड मोटर्सले यसै महिना सोलिड-स्टेट ब्याट्री बनाउने एकाइ सुरु गरेको छ। सो कम्पनीले अर्को वर्षसम्ममा डाटा सेन्टर र औद्योगिक व्यवसायहरूका लागि ठुलो मात्रामा ब्याट्री डेलिभर सुरु गर्ने योजना बनाएको छ। समग्रमा सोलिड-स्टेट ब्याट्री सस्तो, छिटो चार्ज हुने र सुरक्षित हुनेछन्। यसले गर्दा विद्युतीय वाहनको मूल्य घट्नेछ। र, नेट जिरो कार्बन उत्सर्जनको लक्ष्य हासिल गर्ने गरी कारको अवलम्बन बढ्न सक्छ। यी विकासक्रमले स्वच्छ विद्युतीकरणतर्फ आशा जगाएको छ।

अनुवाद : *श्रवण उप्रेती*

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार १६ जेठ ०८३

पिपिए गरेर निर्माण नभएका परियोजनाको लाइसेन्स रद्द गरिने

निजी क्षेत्रलाई अन्तर्राष्ट्रिय विद्युत् व्यापारको अनुमति दिने

नयाँ पत्रिका

नेपाल विद्युत् प्राधिकरणसँग विद्युत् खरिद सम्झौता (पिपिए) गरेर निर्माण सुरु गर्न नसकेका परियोजनाको लाइसेन्स रद्द गरिने भएको छ। प्राधिकरणको १ भदौसम्मको तथ्यांकअनुसार ४२ सय तीन मेगावाटको एक सय ४८ परियोजनाले पिपिए गरेर पनि लगानी जुटाउन सकेका छैनन्। अब त्यस्ता परियोजनाको लाइसेन्स रद्द गरेर टेक अर पे मोडेलमा नयाँ पिपिए गरिने अर्थमन्त्री स्वर्णिम वाग्लेले आगामी आवको बजेट प्रस्तुत गर्दै घोषणा गरेका हुन्। 'विद्युत् खरिद सम्झौता भएका, तर निर्माण सुरु नगरेका आयोजनाको अनुमतिपत्र खारेज गरी टेक अर पे विधिमा नयाँ पिपिए गर्ने प्रबन्ध गर्नेछौं,' बजेटमा भनिएको छ। १० मेगावाटभन्दा कम क्षमताका आयोजनाको भने तत्काल पिपिए गरिने बताइएको छ। आगामी आवमा ८५ अर्ब ५४ करोड बजेट विनियोजन ऊर्जा मन्त्रालयअन्तर्गत प्रसारणलाइन तथा सबस्टेसन निर्माण सम्पन्न गर्न मात्रै ७० अर्ब विनियोजन गरिएको छ।

सरकारले निजी क्षेत्रलाई अन्तर्राष्ट्रिय बजारमा विद्युत् व्यापार गर्न लाइसेन्स दिने नीति ल्याएको छ। ठुला तथा जलाशययुक्त आयोजनाको विकासका लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्ने पनि बताइएको छ। प्रवर्द्धकले शतप्रतिशत रकम जलाशययुक्त आयोजनामा लगानी गर्ने सुनिश्चित गरेमा पहिलो वर्ष नै ४० प्रतिशतसम्म सेयर सर्वसाधारणलाई बिक्री गर्न दिने बजेटमा उल्लेख छ।

ऊर्जा व्यवसायी प्रकाश दुलाललले ऊर्जाका लागि राम्रो बजेट आए पनि केही विषय छुटेको बताए। '१० वर्षमा ३० हजार मेगावट निर्माणको विषय बजेटमा देखिएन। सुक्खा ऊर्जा मात्र खरिद गर्ने ग्यारेन्टी गरे पनि त्यो घटाघटमा गर्ने भनिएको छ,' उनले भने, 'अब निजी क्षेत्रले व्यापार गर्न पाइने भएकाले वर्षाको ऊर्जा बजार आफैं खोज्नुपर्ने देखियो। साथै, १० मेगावाटभन्दा ठुला, लामो समयदेखि पिपिए रोकिएका आयोजनाबारे अब के हुन्छ ? त्यसमा थप अन्योल भयो।' आगामी आवमा प्रणालीमा एक हजार ४० मेगावाट विद्युत् थपिने देखिएको छ। 'जलविद्युत् आयोजनाबाट ६ सय ७० मेगावाट र सौर्य आयोजनाबाट तीन सय ७० मेगावाट गरी १,०४० मेगावाट राष्ट्रिय प्रसारण प्रणालीमा आबद्ध हुँदा कुल जडित क्षमता ५,५३५ मेगावाट पुग्नेछ,' बजेटमा उल्लेख छ।

सरकारले ठुला विद्युत् आयोजनाको पनि निर्माण सुरु गर्ने बताएको छ। एक हजार ६१ मेगावाटको माथिल्लो अरुण, आठ सय २८ मेगावाटको उत्तरगंगा, दुई सय १० मेगावाटको चैनपुर सेती, ९९ मेगावाटको तामाकोशी-५ र ७७ मेगावाटको घुन्साखोला आयोजनाको वित्तीय व्यवस्थापन गरी ठेक्का प्रक्रिया सुरु गर्ने बजेटमा उल्लेख छ। यस्तै, चार सय १७ मेगावाटको नलगाड, चार सय ९० मेगावाटको अरुण-४ र दुई सय ८१ मेगावाटको नौमुरै आयोजनाको अध्ययन प्रक्रिया अगाडि बढाउने बजेटमा उल्लेख छ। चार सय ३९ मेगावाटको बेतन कर्णाली जलविद्युत् आयोजना निर्माणका लागि ठेक्का प्रक्रिया सुरु बताइएको छ।

बुढीगण्डकी बनाउन प्राधिकरण मोडेल

१२ सय मेगावाटको बुढीगण्डकी जलविद्युत् प्राधिकरण मोडेलमा बनाउने घोषणा गरिएको छ। 'एक हजार दुई सय मेगावाटको बुढीगण्डकी जलाशययुक्त आयोजना निर्माणका लागि अधिकारसम्पन्न प्राधिकरण मोडेलमा निर्माण कार्य अघि बढाउनेछौं,' बजेटमा भनिएको छ, '६ सय ७० मेगावाटको दुधकोशी जलाशययुक्त आयोजनाको फाइनान्सियल क्लोजर सम्पन्न गरी ठेक्का प्रक्रिया सुरु गर्नेछौं।' यस्तै, नौ सय मेगावाटको अरुण तेस्रो, ६ सय ६९ मेगावाटको तल्लो अरुणलगायत लगानी बोर्डमार्फत निर्माणकार्य अगाडि बढाइएका करिब तीन हजार मेगावाट क्षमताका आयोजना विकास गर्न आवश्यक सहजीकरण गरिने बताइएको छ।



कृषिमा दुई करोड लगानी गर्नेलाई ४० प्रतिशत अनुदान

काठमाडौं/ कृषि क्षेत्रमा कम्तीमा दुई करोड रुपैयाँ लगानी गर्ने कृषि उद्यमीलाई ४० प्रतिशत अनुदान दिने गरी अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आगामी आर्थिक वर्ष ०८३/८४ को बजेट सार्वजनिक गरेका छन्। सरकारले दिने अनुदान रकम चार वर्षसम्म प्रतिवर्ष १० प्रतिशतका दरले शोधभर्ना उपलब्ध गराइनेछ। त्यस्तै, कृषि बाली तथा पशुधनको बिमा प्रिमियममा यसअघि देखि दिइरहेको ८० प्रतिशत अनुदानलाई निरन्तरता दिइएको छ भने कृषितर्फ वितरण भएका अन्य अनुदान भने क्रमशः खारेज गर्दै लगिने नीति लिइएको छ। कृषि बिमाको अनुदानका लागि दुई अर्ब १९ करोड बजेट छुट्याइएको छ। कृषितर्फका कार्यक्रम सञ्चालन गर्न ४६ अर्ब ९२ करोड बजेट छुट्याइएको छ।

रासायनिक मल खरिद गर्न ३२ अर्ब ४६ करोड रुपैयाँ विनियोजन भएको छ। उक्त रकम कृषि मन्त्रालयले प्रस्ताव गरेको २८ अर्ब रुपैयाँभन्दा चार अर्ब ४६ करोड बढी हो। रासायनिक मल आपूर्तिको क्यालेन्डर तयार गरेर मुख्य बालीको समयमा अभाव नहुने गरी मल वितरण गर्ने कार्ययोजना पनि बनाइने बजेटमा उल्लेख छ।

त्यस्तै, राष्ट्रिय कृषि आधुनिकीकरण परियोजनाका लागि दुई अर्ब ७३ करोड विनियोजन गरिएको छ। सिराहा र सप्तरीमा आँप प्रशोधन केन्द्र र सर्लाहीमा गोलभेँडा प्रशोधन केन्द्र निर्माण गरिने भएको छ। प्रांगारिक मल र हरियो मल उत्पादन गर्ने स्थानीय तहलाई ससर्त अनुदान दिन ३६ करोड विनियोजन गरिएको छ। ग्रिन युरिया कारखाना खोल्न चाहने निजी क्षेत्रलाई बिजुलीको महसुलमा छुट दिइने पनि उल्लेख छ।

आगामी आवमा १५ हजार आठ सय हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा विस्तार गरी खेतीयोग्य सिञ्चित जमिनको अनुपात ६४ प्रतिशत पुऱ्याउने लक्ष्य लिइएको छ।

■ सडकमा रूपान्तरणकारी बजेट

ठुला परियोजनालाई उच्च प्राथमिकता

कर्णालीमा सहित ६ सुरुङमार्गको अध्ययन गरिने, धुलो र खाल्टामुक्त सडक

मिलन विश्वकर्मा/नयाँ पत्रिका

राष्ट्रिय स्वतन्त्र पार्टीको एकल बहुमतमा बनेको बालेन्द्र शाह नेतृत्वको सरकारले सडक पूर्वाधारतर्फ रूपान्तरणकारी बजेट ल्याएको छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले शुक्रबार संघीय संसद्मा प्रस्तुत गरेको बजेटले पूर्वाधार विकासलाई उच्च प्राथमिकतामा राखेको छ।

साबिकको भौतिक पूर्वाधार तथा यातायात, सहरी विकास र खानेपानी मन्त्रालयलाई गाभेर बनाएको पूर्वाधार विकास मन्त्रालयलाई मात्रै तीन खर्ब २३ अर्ब ६५ करोड बजेट विनियोजन गरिएको छ। त्यसमध्ये पनि सडक तथा सहरी पूर्वाधार विकासका लागि मात्रै दुई खर्ब ८६ अर्ब ४८ करोड छुट्याइएको छ।

विगतमा सडक तथा भौतिक पूर्वाधार निर्माणमा प्रधानमन्त्री, मन्त्रीसहित राजनीतिक पहुँच भएका व्यक्तिको निर्वाचन क्षेत्र तथा जिल्लामा अनावश्यक रूपमा उच्च बजेट विनियोजन गर्ने प्रवृत्ति थियो। तर, यसपालि त्यस्तो प्रवृत्ति तोडिएको पूर्वाधार विकास मन्त्रालयका सचिव गोपाल सिग्देलले बताए। 'यसपालि बजेट छरिएको छैन। आवश्यकताका आधारमा विनियोजन गरिएको छ। विगतमा सालीदेखि जेठानसम्मको घरसम्म सडक बनाउनुपर्नेजस्ता कुरा आउँथे। यसपालि त्यो प्रवृत्ति तोडिएको छ,' उनले भने, 'आवश्यकताका आधारमा बजेट विनियोजन गरिएको छ। सायद यसपालि निश्चित जिल्ला तथा निर्वाचन क्षेत्रमा बजेट अनावश्यक रूपमा विनियोजन भएको देखिनेछैन। यस्तै, नयाँ परियोजनाभन्दा पनि निर्माणाधीन परियोजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न जोड दिइएको छ।' पूर्व-पश्चिम राजमार्ग, उत्तर-दक्षिण करिडोर, कर्णाली करिडोर, पुल निर्माण र सडक सुरक्षालाई पनि विशेष प्राथमिकतामा राखिएको उनले बताए।

● पूर्व-पश्चिम राजमार्गलाई चार लेनमा स्तरोन्नति गर्ने कार्यका लागि ३७ अर्ब ४६ करोड बजेट विनियोजन गरिएको छ। साथै, पाँच वर्षमा उक्त कार्य सक्ने लक्ष्य लिइएको छ। परियोजनाअन्तर्गत आगामी आवमा कमला-कञ्चनपुर र नारायणगढ-बुटवल सडकखण्ड स्तरोन्नति कार्य सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

● सरकारले काठमाडौं-तराई मधेश द्रुतमार्गका लागि १७ अर्ब ६४ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ। उक्त परियोजनामा आगामी आवमा ४० पुल र ५.४ किलोमिटर सुरुङ निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

● हुलाकी राजमार्गका लागि भने चार अर्ब ६५ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ। आगामी तीन वर्षभित्र सम्पन्न गर्ने लक्ष्य लिइएको सो राजमार्गअन्तर्गत आठ पुल निर्माण सम्पन्न गर्ने लक्ष्य लिइएको छ।

● कर्णाली राजमार्गअन्तर्गत सुर्खेत-जुम्ला-गमगढी सडकको स्तरोन्नतिका लागि एक अर्ब बजेट विनियोजन गरिएको छ।

● पुष्पलाल मध्यपहाडी लोकमार्गलाई दुई अर्ब १६ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ। आगामी आवमा यसअन्तर्गत ६५ किलोमिटर सडक स्तरोन्नति र पाँचवटा पुल निर्माण सम्पन्न गर्ने लक्ष्य छ। परियोजनाको निर्माण भने आगामी तीन वर्षभित्र सम्पन्न गर्ने भनिएको छ।



● सरकारले मदन भण्डारी राजमार्गअन्तर्गत २५ किलोमिटर सडक कालोपत्रे गर्न र पुल निर्माण गर्न एक अर्ब ४६ करोड बजेट विनियोजन गरेको छ।

● सरकारले आगामी तीन वर्षभित्र मुख्य राजमार्ग तथा रणनीतिक सडकमा निर्माणाधीन पुल सम्पन्न गर्ने लक्ष्य लिएको छ। आगामी आवमा राष्ट्रिय राजमार्गमा पर्ने ४० वटा ठुला पुल निर्माण तथा स्तरोन्नति गरिने कार्यक्रम छ। त्यसका लागि नौ अर्ब ८७ करोड बजेट विनियोजन गरिएको छ।

● सरकारले तीन उत्तर-दक्षिण करिडोरलाई ६ अर्ब २५ करोड बजेट विनियोजन गरेको छ। 'कर्णाली कोरिडोरको ३१ किलोमिटर कालोपत्रे एवं ग्राभेल गर्नेछौं। त्यस्तै, कालीगण्डकी कोरिडोरको २१ किलोमिटर कालोपत्रे हुनेछ। कोशी कोरिडोरको उत्तरीखण्डको १५ किलोमिटर कालोपत्रे गर्नेछौं,' बजेटमार्फत अर्थमन्त्री वाग्लेले भनेका छन्, 'यी तीनवटा करिडोरका लागि ६ अर्ब २५ करोड विनियोजन गरेको छु।'

● सरकारले सिद्धार्थ राजमार्गको बुटवल-पोखरा खण्डलाई द्रुतमार्गका रूपमा निर्माण गर्ने घोषणा गरेको छ। 'सिद्धार्थ राजमार्गको बुटवल-पोखरा खण्ड द्रुतमार्गका रूपमा निर्माणकार्य प्रारम्भ गर्नेछौं,' बजेटमा भनिएको छ, 'आगामी आर्थिक वर्षभित्र सिद्धबाबा सुरुङमार्ग सम्पन्न हुनेछ।'

● सरकारले ६ सुरुङमार्गको विस्तृत सम्भाव्यता अध्ययन गर्ने भएको छ। टोखा-छहरे सुरुङमार्गको विस्तृत सम्भाव्यता अध्ययन गरिने बताइएको छ। यसैगरी, कर्णालीको जनजीवनलाई सहज गर्न जाजरकोटको मुलसामदेखि जुम्लाको टोपला सुरुङमार्गको सम्भाव्यता अध्ययन गरिने पनि बजेटमा उल्लेख छ। 'खुर्कोट-चियाबारी, थानकोट-चिल्लाङ, मफ्किमटार-शक्तिखोर र चिसापानी-बबई सुरुङ निर्माणसम्बन्धी अध्ययन गर्नेछौं,' बजेटमा भनिएको छ।

● सरकारले सडक सुरक्षालाई प्राथमिकतामा राख्दै दुई अर्ब ४६ करोड बजेट विनियोजन गरेको छ।

● सरकारले सडकको खाल्टाखुल्टी पुर्न, धुलोमुक्त बनाउनलगायतका काममा साढे २८ अर्ब बजेट विनियोजन गरेको छ।

● सरकारले राजमार्गमा जाने पहिरो रोक्न स्थायी समाधान खोज्ने भएको छ। अहिले देशभरका राजमार्गमा दुई सय ५० ठाउँमा स्थायी पहिरो पहिचान भएको छ। 'पहिरोका कारण राजमार्गमा हुने अवरोधलाई तत्काल हटाई सेवा सुचारु गर्न तीन अर्ब १७ करोड विनियोजन गरिएको छ,' बजेटमा भनिएको छ।

● पृथ्वी राजमार्गअन्तर्गत तनहुँको आँबुखैरेनीदेखि पोखरासम्मको चार लेन सडक निर्माण सम्पन्न गर्ने लक्ष्य लिइएको छ। मुग्लिङ-आँबुखैरेनी खण्डको निर्माणकार्य पनि सुरु गर्ने बजेटमा उल्लेख छ। नागढुंगा-मुग्लिन खण्डअन्तर्गत भने ४० किलोमिटर सडक स्तरोन्नति गरिने लक्ष्य छ। यी सडकखण्डका लागि ६ अर्ब ५५ करोड बजेट विनियोजन गरिएको छ। साउनदेखि नागढुंगा सुरुङमार्ग सञ्चालन गरिने पनि बजेटमा उल्लेख छ।

● काठमाडौं चक्रपथ विस्तारअन्तर्गत कलंकी-वसुन्धरा खण्डको निर्माणकार्य सुरु गरिने बताइएको छ। यस्तै, वसुन्धरा-चाबहिल-कोटेश्वर खण्डको डिजाइन सम्पन्न गरिने पनि बजेटमा उल्लेख छ।

● यस्तै, बर्दीबासदेखि काठमाडौं-तराई मधेश द्रुत मार्ग प्रस्थान विन्दुसम्मको रेलमार्ग निर्माणकार्य अगाडि बढाउने पनि बताइएको छ। निर्माणाधीन बथनाहा-विराटनगर तथा जनकपुर-जयनगर-बर्दीबास रेलमार्गको बाँकी कार्य सम्पन्न गरिने पनि बजेटमा उल्लेख छ।

● सरकारले मध्यपहाडी लोकमार्गआसपासका १२ स्थानमा पहिचानयुक्त सहर निर्माणसम्बन्धी परियोजनालाई निरन्तरता दिन एक अर्ब ८३ करोड विनियोजन गरेको छ। प्रमुख सहरहरूमा एकीकृत फोहोरमैला व्यवस्थापन, ढलमुक्त नदी अभियान र नदी किनारामा हरियाली प्रवर्द्धनका लागि चार अर्ब १९ करोड विनियोजन गरिएको छ।

● जेन-जी आन्दोलनका क्रममा क्षति भएका सरकारी भवनको प्रबलीकरण तथा पुनर्निर्माण कार्यलाई प्राथमिकता दिने बजेटमा उल्लेख छ।

कृषिमा उद्यम गर्न चाहने एक हजार युवाले 'स्टार्टअप' सुविधा पाउने

युवालाई २५ लाखसम्म सहुलियतपूर्ण ऋण दिने व्यवस्था

नयाँ पत्रिका

सरकारले कृषि एवं पशुजन्य उद्यम गर्न चाहने एक हजार युवा उद्यमीलाई स्टार्टअप सुविधा उपलब्ध गराउने भएको छ। आगामी आर्थिक वर्ष ०८३/८४ को बजेटमार्फत यस्तो घोषणा गरिएको हो। अहिले युवालाई स्टार्टअपमा सहयोग गर्न सहुलियत ब्याजदरमा सरकारले अधिकतम २५ लाख रुपैयाँसम्म ऋण दिँदै आएको छ।



अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले सार्वजनिक गरेका बजेटमा नवउद्यम (स्टार्ट-अप), नवप्रवर्तन र उद्यमशीलतालाई आर्थिक रूपान्तरणको मुख्य आधार बनाउने उल्लेख छ। 'नवउद्यमलाई पहिचान, सिप, बजार र वित्तीय पहुँचसँग अनुकूलित गर्दै नाफा-आबद्ध कर सहुलियत, सार्वजनिक खरिदमा प्राथमिक पहुँच, डिजिटल दर्ता तथा नियामकीय सहजीकरणमार्फत नवउद्यम सञ्चालन प्रणालीलाई सुदृढ बनाउनेछौं,' बजेट वक्तव्यमा भनिएको छ।

स्टार्टअप र साना तथा मझौला उद्यमलाई राष्ट्रिय उद्यम इकोसिस्टममा आबद्ध गर्ने प्लाटफर्मका रूपमा नेपाल इन्टरप्राइज फसिलिटी स्थापना गरिने भएको छ। प्लाटफर्मले उद्यमसम्बन्धी नीतिगत व्यवस्था, नवीन वित्तीय उपरकरणको पहिचान र पँहुच, इन्क्युवेसनसहितको सहयोग सञ्जाल र स्वदेशी उद्यम अभियानलाई एकीकृत रूपमा अघि बढाउने अर्थमन्त्री वाग्लेले जानकारी दिएका छन्। युवा वैज्ञानिकलाई स्वदेशमै अनुसन्धानको अवसर प्रदान गर्ने कार्यक्रम सञ्चालन गर्ने तथा खगोलीय पर्यटन प्रवर्द्धन गर्न सगरमाथा आधार शिविरमा 'अब्जर्भेटरी केन्द्र' स्थापना गरिने भएको छ।

सेयरको पुँजीगत लाभकर ५०%ले बढ्यो

अल्पकालीन सेयर बिक्रीमा १० प्रतिशत र दीर्घकालीनमा ७.५ प्रतिशत पुँजीगत लाभकर लागू हुने



● नेपाल ब्रोकर्स एसोसिएसनका अध्यक्ष सागर ढकाल भन्छन्–

बजेटले पुँजी बजारलाई राष्ट्रिय अर्थतन्त्रको विकास साझेदारका रूपमा स्वीकार गरेको छ



आगामी आवको बजेटले पुँजी बजारलाई केवल सेयर कारोबार मात्रै नभई राष्ट्रिय अर्थतन्त्रको विकास साझेदारका रूपमा स्वीकार गरेको देखिन्छ। सरकारले पुँजी बजार सुधारलाई प्राथमिकतामा राख्दै आधुनिक वित्तीय उपकरण, लगानीकर्ता संरक्षण तथा बजार विस्तारलाई जोड दिनु सकारात्मक हो।

मीनराज बसन्त/नयाँ पत्रिका

सेयर बजारको पुँजीगत लाभकर ५० प्रतिशतले बढाइएको छ। सरकारले आगामी आर्थिक वर्ष ०८३/८४ को बजेटमार्फत सेयर बजारमा हुने पुँजीगत लाभकर ५० प्रतिशतले बढाएको हो। हाल लगानीकर्तालेआयकर ऐन, २०८२ को दफा ९५, 'क'अनुसार एक वर्षभन्दा कम अवधि होल्ड भएका (अल्पकालीन) ७.५ र सोभन्दा बढी होल्ड भएमा (दीर्घकालीन) सेयरको बिक्रीमा पाँच प्रतिशत लाभकर तिर्दै आएका छन्। तर, नयाँ बजेटले पाँच प्रतिशत रहेको लाभकरलाई ७.५ र ७.५ प्रतिशत रहेको लाभकरलाई बढाएर १० प्रतिशत पुऱ्याएको छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले यो पुँजीगत लाभकर नै अन्तिम हुने बताएका छन्। लगानीकर्ताले पुँजीगत लाभकरलाई नै अन्तिम मान्ने व्यवस्था लागू गर्न विगतका वर्षदेखि नै माग गर्दै आएका थिए।

धितोपत्रबाट हुने आम्दानीमा दोहोरो-तेहरोसम्म कर लाग्दै आएकोमा अहिले पुँजीगत लाभकरलाई अन्तिम मान्ने व्यवस्था गरिनु स्वागतयोग्य भएको नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी सदस्य एवं सूचीकृत कम्पनीको सेयर बिक्रीमा लाग्ने पुँजीगत लाभकरलाई अन्तिम कर बनाउने निर्णयले लगानीकर्तामा रहेको करसम्बन्धी अन्योल हट्ने नेपाल ब्रोकर्स एसोसिएसनका अध्यक्ष सागर ढकालको भनाइ छ।

बजेटले पुँजी बजारलाई मर्यादित र लगानीमैत्री बनाउने योजना प्रस्तुत गरेको छ। लगानीमैत्री पुँजी बजार निर्माणमा नियामकीय क्षमता अभिवृद्धि गर्नुका साथै प्रविधि कारोबार प्रणाली र लगानीकर्ता संरक्षण संयन्त्र सुदृढ गरिने बताइएको छ।

अर्थमन्त्री वाग्लेका अनुसार पुँजी बजार सुधारमा नेपाल स्टक एक्सचेन्ज (नेप्से) लाई पुनर्संरचना गर्दै चरणबद्ध रूपमा इन्ट्रा डे कारोबार, सर्ट सेलिङ र डेरिभेटिभजस्ता उपकरण प्रयोग गरिनेछ। यसैगरी, सेयर कर्नरिङ, इन्साइडर ट्रेडिङजस्ता पुँजी बजारमा हुने अवाञ्छित गतिविधिविरुद्ध सरकारले शून्य सहनशीलता अपनाउने उनले बताए। प्रस्तुत बजेटले धितोपत्र बजारमा सूचीकृत कम्पनीलाई तोकिएको प्रक्रिया पूरा गरी विदेशी धितोपत्र बजारमा सूचीकृत हुने गरी ग्लोबल डिपोजिटरी रिसिट जारी गर्न सक्ने व्यवस्थासमेत गरेको छ।

सरकारले गैरआवासीय नेपालीलाई दोस्रो बजारमा सहभागी गराउन विदेशी लगानी स्वीकृति, लगानीको लेखांकन, नाफा फिर्ता र पुँजीगत लाभकरसम्बन्धी कानुनसमेत परिमार्जन गर्ने भएको छ। 'विश्वभर रहेका नेपालीको पुँजी, अनुभव र विश्वासलाई नेपालको पुँजी बजारमा आकर्षित गर्न सके बजारको आकार, गहिराइ र स्थायित्व उल्लेखनीय रूपमा बढ्नेछ,' ढकालले भने।

जीर्ण संस्थानको सबलीकरण गरिने

कमजोर सार्वजनिक संस्थानलाई बलियो बनाउन पुँजी वृद्धि तथा सेयर बिक्री गर्ने रणनीति

अजित अधिकारी/नयाँ पत्रिका

आर्थिक रूपमा कमजोर सार्वजनिक संस्थानलाई बलियो बनाउन पुँजी वृद्धि तथा सेयर बिक्री गर्ने रणनीति अख्तियार गरिने भएको छ। आगामी आर्थिक वर्ष ०८३/८४ को बजेटमार्फत अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले राष्ट्रिय वाणिज्य बैंकमा सरकारको पुँजी वृद्धि गर्ने प्रस्ताव गरेका छन्। त्यस्तै, वायुसेवा निगमलाई कम्पनीमा रूपान्तरण गरी व्यवस्थापन सुधार तथा रणनीतिक साझेदारीको उपयुक्त विधि पहिचान गरिने भएको छ। निगम सबैभन्दा घाटामा सञ्चालित संस्थान हो।

राष्ट्रिय जीवन बिमा कम्पनी र विशाल बजार कम्पनीको सेयर सर्वसाधारणमा निष्कासन गरिने भएको छ। जलविद्युत् लगानी तथा विकास कम्पनी लिमिटेडलाई उद्देश्य मिल्ने वित्तीय संस्थासँग गाभी पूर्वाधार क्षेत्रको विशिष्टीकृत निकाय बनाइने भएको छ। गोरखकाली रबर उद्योगलगायत सातवटा सार्वजनिक संस्थानको सम्पत्ति तथा दायित्व मूल्यांकन गरी निजी-सार्वजनिक साझेदारी मोडेलमा लगानी व्यवस्थापनको काम अगाडि बढाइने भएको छ। धौबादी फलाम उद्योगमा रहेको सरकारको सेयर अंश घटाई सार्वजनिक-निजी साझेदारी मोडेलमा सञ्चालन गर्ने कार्य अघि बढाइने भएको छ।

सरकारले दूरसञ्चार सेवाप्रदायक कम्पनी नेपाल टेलिकमको सेयर सर्वसाधारणमा बिक्री गर्ने भएको छ। बजेटमार्फत टेलिकमको ६६ प्रतिशत सेयर कायम राखी बाँकी सेयर पुस मसान्तभित्र सर्वसाधारणमा बिक्री गर्ने लक्ष्य लिइएको छ। सेयर बिक्रीबाट प्राप्त रकम नेपाललाई 'टेक हब' बनाउन प्रयोग गरिने बजेटमा उल्लेख छ।

■ प्राधिकरणलाई तीन कम्पनीमा विभाजन गरिने



विद्युत् प्राधिकरणलाई विद्युत् उत्पादन, प्रसारण र वितरण तथा व्यापारका लागि तीन छुट्टाछुट्टै कम्पनीमा विभाजन गर्ने गरी पुनर्संरचना गरिने भएको छ। विद्युत् खरिद सम्झौता भएका, तर निर्माण सुरु नगरेका आयोजनाको अनुमतिपत्र खारेज गरी 'टेक अर पे' विधिमा नयाँ पिपिए गरिने भएको छ। दश मेगावाटभन्दा कम क्षमताका विद्युत् आयोजनाको तत्काल पिपिए गर्ने तथा सुक्खा याममा घटाघटमा विद्युत् खरिद दर निर्धारण गरी खरिद सम्झौता गर्ने व्यवस्था पनि मिलाइने भएको छ।

■ वैदेशिक रोजगार श्रमिकमैत्री सेवा शुल्कलाई प्रोत्साहन

सरकारले शून्य लागतमा वैदेशिक रोजगारीमा जाने प्रणालीलाई प्रोत्साहन गर्ने नीति लिएको छ। आगामी आर्थिक वर्ष ०८३/८४ को बजेटमार्फत वैदेशिक रोजगारीमा जाँदा शून्य लागतलाई प्रोत्साहन गर्दै सेवा शुल्कलाई श्रमिकमैत्री बनाउने नीति अख्तियार गरिएको हो।

त्यस्तै, श्रम क्षेत्रमा लिखित सम्झौता, न्यूनतम ज्याला, बिमा, कार्यस्थल सुरक्षा मापदण्ड तथा बैंकमार्फत पारिश्रमिक भुक्तानी अनिवार्य गरिने भएको छ। कार्यस्थल दुर्घटनामा अनिवार्य क्षतिपूर्ति र बिमा दाबी प्रणाली थप प्रभावकारी बनाइने, पुस मसान्तभित्र श्रम न्यायाधिकरणमार्फत श्रम विवादको समाधान गर्ने र सम्झौता उल्लंघन, ज्याला ठगी तथा श्रम शोषणलाई आर्थिक अपराधसरह कानुनी दायरामा ल्याउने प्रणाली विकास गरिने उल्लेख छ।

'रिभर्स प्रवासन'लाई प्रोत्साहन गर्दै विप्रेषणलाई उपभोगबाट उत्पादनशील प्रयोजनमा रूपान्तरण गर्न 'विप्रेषण-लगानी मिलान कोष' सञ्चालन गर्ने घोषणा गरिएको छ। सिपयुक्त युवालाई रोजगारीमा पठाउन प्रोत्साहन गर्ने, नयाँ गन्तव्यमा श्रम सम्झौता गर्ने र रेमिट्यान्स आप्रवाह बढाउन हरेक रिसिटमा आधारित लट्री कार्यक्रम सञ्चालन गरिने भएको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई तीन अर्ब ६३ करोड विनियोजन गरिएको छ।

शनिबार १६ जेठ ०८३
www.nayapatrikadaily.com
का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०
नयाँ पत्रिका

खेलकुद पूर्वाधार बजेटको प्राथमिकतामा

खेलकुदमा चार अर्ब तीन करोड बजेट विनियोजन, तीन वर्षभित्र फ्लडलाइटसहित कम्तीमा आठ हजार दर्शक क्षमताका १० फुटबल रंगशालाको स्तरोन्नति, पाँच वर्षभित्र प्रमुख आठ सहरमा आधुनिक क्रिकेट रंगशाला निर्माण गरिने

रमेश सुवेदी / नयाँ पत्रिका

सरकारले खेलकुदको पूर्वाधारतर्फ ध्यानकेन्द्रित गर्दै आगामी आर्थिक वर्ष ०८३/८४ को बजेट घोषणा गरेको छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले शुक्रबार दुवै सदनलाई सम्बोधन गर्दै खेलकुदतर्फ चार अर्ब तीन करोड बजेट विनियोजन गरेका हुन्। गत वर्षको खेलकुदमा कम बजेट विनिययोजन गरे पनि सरकार पूर्वाधारकेन्द्रित देखिन्छ। चालू आर्थिक वर्षमा तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले ६ अर्ब आठ करोड बजेट विनियोजन गरेका थिए। तर, यो बजेट युवासहित थियो।

गत वर्षको तुलनामा यसपटक दुई अर्ब पाँच करोड रुपैयाँ बजेट कम देखिन्छ। गत वर्षको तुलनामा यसपटक खेलकुदमा छुट्याइएको बजेट ३३ प्रतिशतले कम हो। अर्थमन्त्री वाग्लेले बजेट भाषणमा क्रिकेट र फुटबलको भौतिक पूर्वाधारमा जोड गरेका छन्। उनले पाँच वर्षभित्र देशका प्रमुख आठ सहरमा आधुनिक क्रिकेट रंगशाला निर्माण हुने जनाए। 'प्रमुख आठ सहरमा पाँच वर्षभित्र आधुनिक क्रिकेट रंगशाला निर्माण गरिनेछ,' वाग्लेले भने।

उनले क्रिकेटसँगै फुटबलमा देशभर रहेका १० फुटबल रंगशालामा आठ हजार दर्शक क्षमताको मैदानमा स्तरोन्नति गर्ने जनाए। यसका साथै तीनवटा रंगशालामा फ्लडलाइट जडान गर्ने घोषणा सरकारले गरेको छ। यो तीन वर्षभित्र सम्पन्न गरिनेछ। 'खेल पूर्वाधारलाई युवा विकास र स्थानीय अर्थतन्त्रसँगै जोड्न आगामी तीन वर्षमा फ्लडलाइटसहितको रंगशाला स्तरोन्नति गरिनेछ,' बजेट भाषणमा अर्थमन्त्री वाग्लेले भने।

नेपालमा फुटबलका देशैभर दुई दर्जनभन्दा बढी रंगशाला रहे पनि दशरथ रंगशालामा मात्रै अन्तर्राष्ट्रिय मान्यता प्राप्त रहेको छ। तर, यस मैदानको गुणस्तर र मापदण्डमाथि प्रश्न उठ्दा अन्तर्राष्ट्रिय खेलका लागि अयोग्य घोषणा हुँदै आएको छ। जसका कारण नेपालले 'होम म्याच'समेत विपक्षीको मैदानमा गएर खेल्दै बाध्य हुँदै आएको छ।

दशरथ रंगशालाको माटोको सतह, दुबो र पूर्वाधारकै गुणस्तरमा अन्तर्राष्ट्रिय संस्था एसियन फुटबल महासंघ (एएफसी)ले प्रश्न गर्दै आएको छ। क्रिकेटतर्फ पनि देशैभर एक दर्जनभन्दा धेरै मैदानमा राष्ट्रिय प्रतियोगिता हुँदै आएका छन्। मूलपानी माथिल्लो मैदान र त्रिवि मैदानले मात्रै अन्तर्राष्ट्रिय मान्यता पाएका छन्। सरकारको यो निर्णयसँगै नेपालमा थप अन्तर्राष्ट्रियस्तरका मैदान हुनेमा खेलकुदवृत्त खुसी देखिएको छ।

राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव रामचरित्र मेहताले सरकारको बजेटलाई सकारात्मक रूपमा लिएको नयाँ पत्रिकालाई बताए। 'मैले यस खेलकुदमा छुट्याइएको बजेटलाई सकारात्मक रूपमा लिएको छु। हामी यसअनुसार अगाडि बढ्छौं,' मेहताले भने, 'मुख्य गरी दसौं राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्नुपर्नेछ।'

नेपालका क्रिकेट संघ (क्यान)का अध्यक्ष चतुरबहादुर चन्दले सरकारले क्रिकेटलाई प्राथमिकतामा राखेर बजेट ल्याएको बताए। 'सरसरी हेर्दा यो बजेटमा क्रिकेटलाई प्राथमिकतामा राखेको देखिन्छ,' चन्दले भने, 'यसले हामीले आगामी दिनमा अहिलेको भन्दा राम्रो नतिजा निकाल्न सक्छौं।' यसैगरी, नेपाल फुटबल संघका अध्यक्ष पंकजविक्रम नेम्वाङले आगामी वर्षका लागि सरकारबाट राम्रो बजेट आएको बताए।

'सरकारले अन्तर्राष्ट्रियस्तरको रंगशाला बनाउने भनेको छ। यो निकै सकारात्मक पक्ष हो,' नेम्वाङले भने, 'हामीलाई काठमाडौंमै दशरथ रंगशालाभन्दा पनि राम्रो अन्तर्राष्ट्रियस्तरको रंगशाला आवश्यक भइसकेको छ। सरकारले यसमा ध्यान दिँदा थप राम्रो हुने थियो।'

- **तीन वर्षभित्र विराटनगर, लहान, काठमाडौं, पोखरा, बुटवल, सुर्खेत र धनगढीको फाप्लामा कम्तीमा २ हजार क्षमताका इन्डोर बहुउद्देश्यीय स्टेडियम निर्माण**
- **२ हजार क्षमताको इन्डोर मल्टिपल कभर्डहल आगामी तीन वर्षभित्र बनाउने घोषणा**
- **कर्णालीमा १०औं राष्ट्रिय खेलकुद र मधेशमा ११औं राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्न आवश्यक पूर्वाधार निर्माण गरिने**
- **खेलकुदमा विशेष रुचि र क्षमता भएका विद्यार्थीलाई विद्यालयको आधारभूत तहदेखि छनोट गरी आवासीय सुविधासहित तालिम दिने व्यवस्था**



खेलकुदको बजेटलाई सकारात्मक रूपमा लिएको छु



● **रामचरित्र मेहता**, सदस्यसचिव, राखेप

खेलकुदमा कुन-कुन शीर्षमा कति बजेट छ भनेर हेर्न पाएको छैन। तर, यसलाई मैले सकारात्मक रूपमा लिएको छु। हामी भनेको सरकारको निर्देशन पालना गर्ने संस्था हो। जसरी बजेट विनियोजन भएको छ, त्यसैअनुसारका काम गर्छौं। सरकारले १०औं र ११औं राष्ट्रिय खेलकुद प्रतियोगिताको सन्दर्भ उठाएको छ। त्यसको तयारी पनि गर्नुपर्नेछ।

क्रिकेटलाई प्राथमिकतामा राखेको देखिन्छ



● **चतुरबहादुर चन्द**, अध्यक्ष, क्यान

मैले रातो किताब हेर्न पाएको छैन। तर, यसपटकको बजेटमा सरकारले क्रिकेटलाई विशेष प्राथमिकतामा राखेको देखिन्छ। वास्तवमा क्रिकेटको भौतिक पूर्वाधारमा कति बजेट छ भन्ने थाहा छैन। बजेट भाषणमा जति आधुनिक क्रिकेट रंगशाला बनाउने भनिएको छ। मैले बारम्बार भन्ने गरेको थिएँ, हामीलाई देशका विभिन्न स्थानमा अन्तर्राष्ट्रियस्तरको क्रिकेट चाहिएको छ। त्यो अब पूरा हुने देखिन्छ।

यसपटक फुटबलमा राम्रो बजेट आएको छ



● **पंकजविक्रम नेम्वाङ**, अध्यक्ष, एन्फा

सरसरी हेर्दा फुटबलमा राम्रो बजेट आएको जस्तो देखिन्छ। फुटबलमा लगानीसँगै पूर्वाधार विकास हुँदा यसको विकास हुन्छ। यसपटकको बजेटमा यस्तो देखिएको छ। सरकारले फुटबल मैदान बनाउने भनेको छ। पक्कै पनि आगामी दिनमा फुटबल अगाडि बढ्नेछ। यद्यपि, हामीलाई काठमाडौंमै दशरथ रंगशालाजस्तै अर्को अन्तर्राष्ट्रिय रंगशालाको खाँचो छ। सरकारले यसमा ध्यान दिनुपर्छजस्तो लाग्छ।

अन्तर्राष्ट्रिय पदक विजेता खेलाडीलाई निःशुल्क स्वास्थ्योपचार



सरकारले अन्तर्राष्ट्रिय पदक जितेर खेलाडीलाई अवकाशपछि आजीवन निःशुल्क स्वास्थ्य उपचार गर्ने घोषणा गरेको छ। अर्थमन्त्री वाग्लेले भने, 'अन्तर्राष्ट्रिय पदक जितेर खेलाडीलाई अवकाश जीवनपछि सम्मानजनक जीवन जिउन सकेर गरी आजीवन निःशुल्क स्वास्थ्य सेवाको व्यवस्था गरेको छ।' यसैगरी, सरकारले खेलकुदमा विशेष रुचि र क्षमता भएका विद्यार्थीलाई विद्यालयको आधारभूत तहदेखि छनोट गरी आवासीय सुविधासहित तालिम दिने व्यवस्था गर्ने प्रतिबद्धता गरेको छ।

तीन वर्षभित्र १० फुटबल रंगशालाको स्तरोन्नति

सरकारले आगामी तीन वर्षभित्र फ्लडलाइटसहित कम्तीमा आठ हजार दर्शक क्षमताका १० फुटबल रंगशालाको स्तरोन्नति गर्ने जनाएको छ। अर्थमन्त्री डा. वाग्लेले बजेट भाषणमार्फत यस्तो प्रतिबद्धता जनाएका हुन्। यसैगरी, 'खेल पूर्वाधारलाई युवा विकास र स्थानीय अर्थतन्त्रसँग जोड्दै आगामी तीन वर्षभित्र कम्तीमा आठ हजार दर्शक क्षमताका १० वटा फुटबल रंगशालालाई फ्लडलाइटसहितको स्तरोन्नति गरिनेछ,' बजेट भाषणमा उनले भने।

आठ सहरमा आधुनिक क्रिकेट रंगशाला निर्माण गरिने

सरकारले आगामी पाँच वर्षभित्र देशका प्रमुख आठ सहरमा आधुनिक क्रिकेट रंगशाला निर्माण गर्ने प्रतिबद्धता जनाएको छ। अर्थमन्त्री डा. वाग्लेले आगामी आर्थिक वर्षको बजेट भाषणमार्फत यस्तो प्रतिबद्धता जनाएका हुन्। 'प्रमुख आठ सहरमा पाँच वर्षभित्र आधुनिक क्रिकेट रंगशाला निर्माण गरिनेछ,' उनले भने। आगामी तीन वर्षभित्र विराटनगर, लहान, काठमाडौं, पोखरा, बुटवल, सुर्खेत र धनगढीको फाप्लामा कम्तीमा दुई हजार क्षमताका इन्डोर बहुउद्देश्यीय स्टेडियम निर्माण गरिनेछ। क्यानका अध्यक्ष चन्दले क्रिकेटमा लगानी हुनुपर्ने बताएको कुरा पूरा हुन लागेको बताए। 'मैले बारम्बार भनिरहेको थिएँ, क्रिकेटमा राम्रो लगानी हुनुपर्छ। हामीले त्रिवि क्रिकेट मैदानजस्तै रंगशाला देशका विभिन्न स्थानमा हुनुपर्छ भनेका थियौं,' उनले भने, 'अहिलेको बजेटले अब क्रिकेटमा व्यापक परिवर्तन आउनेछ।'

प्रमुख सात सहरमा कभर्डहल

देशका प्रमुख सहर (विराटनगर, काठमाडौं, सुर्खेत, बुटवल, लहान, पोखरा र धनगढीको फाप्लामा दुई हजार क्षमताको इन्डोर मल्टिपल कभर्डहल आगामी तीन वर्षभित्र बनाउने घोषणा छ। कर्णालीमा आयोजना हुने १०औं राष्ट्रिय खेलकुद र मधेश प्रदेशमा हुने ११औं राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजनाका लागि आवश्यक पूर्वाधार निर्माण गर्न रकम सरकारले बजेट विनियोजन गर्ने बताएको छ।

तीनवटा रंगशालाको डिजाइन पुनरावलोकन हुने

सरकारले देशका विभिन्न स्थानमा रहेका तीनवटा क्रिकेट रंगशालाको डिजाइन पुनरावलोकन हुने जनाएको छ। काठमाडौंको मूलपानी रंगशाला तथा एकेडेमी, गिरिजाप्रसाद क्रिकेट र कैलालीको फाप्ला क्रिकेट रंगशालाका लागि डिजाइन पुनरावलोकन गरी लगानी मोडालिटी तय गर्ने अर्थमन्त्री वाग्लेले बताए।

मेसीसहित अर्जेन्टिनाको अन्तिम टोली घोषणा

एजेन्सी



अर्जेन्टिनाका प्रशिक्षक लिओनल स्कालोनीले कप्तान लियोनल मेसीसहित अधिकांश विश्वकप विजेता खेलाडी आगामी २०२६ विश्वकप टोलीमा रहने जनाएका छन्। चार वर्षअघि कतारमा विश्वकप उपाधि जितेको अर्जेन्टिनाले च्याम्पियन खेलाडीकै साथमा उपाधि रक्षा गर्ने प्रशिक्षक स्कालोनीले बताएका हुन्। 'हामी यसपटक पनि च्याम्पियन खेलाडीकै साथमा विश्वकप खेल्छौं। उत्कृष्ट प्रदर्शन गरी उपाधि जित्छौं,' उनले भने।

अर्जेन्टिनी फुटबल संघले बिहीबार राति चोटग्रस्त कप्तान मेसीसहित २६ सदस्यीय टोली घोषणा गरेको हो। प्रशिक्षक स्कालोनीले छनोट गरेको २६ मध्ये १७ खेलाडी चार वर्षअघि कतार विश्वकप खेलेका हुन्। अर्जेन्टिनाले फाइनलमा फ्रान्सलाई हराउँदै उपाधि हात पारेको थियो। यसै साता अमेरिकन सकर लिगमा चोट बोकेका मेसी फिट छैनन्। तर, उनी विश्वकपअगाडि नै फिट हुने अनुमान गरिएको छ। फिफाले १ जुनसम्म अन्तिम टोली बुझाउन समय दिएको थियो। मेसी स्वयं बायाँ ह्यामस्ट्रिङको मांसपेशी थकान र तनावबाट पीडित छन्।

यही समस्याका कारण उनले गत आइतबार इन्टर मियामीबाट पूरै समय खेल्न सकेनन्। चोट मुक्त हुँदै विश्वकपमा सहभागी हुँदा मेसीको छैटौं सहभागिता हुनेछ। उनले २००६ को जर्मनी, २०१० को दक्षिण अफ्रिका, ०१४ को ब्राजिल, ०१८ को रसिया र २०२२ को कतार विश्वकप खेलेका थिए। यसैगरी, गत संस्करणमा उत्कृष्ट गोलकिपिङ गरेका गोलरक्षक एमिलियानो मार्टिनेज पनि टोलीमा छन्। उनले गत साता युरोपा लिग फाइनलमा एस्टन भिल्लाबाट खेलेका थिए। यद्यपि, उनी पनि चोटग्रस्त छन्। सो फाइनलमा उनको दायाँ हातको औंला भाँचिएको थियो।

तीनपटकको विश्वकप विजेता

अर्जेन्टिना सन् १९७८, १९८६ र २०२२ मा विश्वकप जितेको थियो। अर्जेन्टिनाले १६ जुनमा अल्जेरियाविरुद्ध खेल्दै समूह 'जे'अन्तर्गत विश्वकप यात्रा सुरु गर्नेछ। यस समूहमा अस्ट्रिया र जोर्डन पनि छन्। जोर्डन पहिलोपटक विश्वकपमा सहभागी भएको एसियाली राष्ट्र हो।

प्रशिक्षक स्कालोनीले टोटेनह्यामका डिफेन्डर क्रिस्टियन रोमेरोलाई पनि टोलीमा राखेका छन्। उनी अप्रिलको मध्यतिर दाहिने घुँडाको लिगामेन्ट चोटबाट पुनरागमनको क्रममा छन्। डिफेन्डर नाहुएल मोलिना र गोन्जालो मोन्टियल पनि टोलीमा छन्। अर्जेन्टिनी टोली शनिबार विश्वकप बेस क्याम्पका लागि क्यान्सस सिटी प्रस्थान गर्ने भएको छ, जहाँ अर्जेन्टिनाले होन्डुरस र आइसल्यान्डसँग मैत्रीपूर्ण खेल खेल्नेछ।

यू-१६ इन्टर स्कुलमा २४ टोली सहभागी

काठमाडौं / काठमाडौं जिल्ला क्रिकेट संघको आयोजनामा तेम्रो एसियन जयकुमारनाथ शाह मेमोरियल यू-१६ इन्टर स्कुल क्रिकेट प्रतियोगिता आयोजना गरिने भएको छ। प्रतियोगिता १९ जेठबाट सुरु हुनेछ। २५ जेठसम्म चल्ने प्रतियोगिता तल्लो मूलपानी, माथिल्लो मूलपानी तथा त्रिवि क्रिकेट मैदानमा सञ्चालन हुने संघका अध्यक्ष दिवाकर घलेले जानकारी दिए। उनका अनुसार सहभागी २४ टोलीलाई आठ समूहमा विभाजन गरिएको छ। समूहको शीर्ष टोलीले क्वार्टरफाइनलमा स्थान बनाउनेछन्। विजेतालाई एक लाख ५० हजार र उपविजेतालाई ७५ हजार रुपैयाँ प्राप्त गर्ने संघका सचिव किरण राणाले जानकारी दिए। सबै खेल टी-२० फर्म्याटमा हुने टेक्निकल डाइरेक्टर रवीन्द्र गुप्ताले बताए। विधागत उत्कृष्ट खेलाडीलाई लकर रुमको तर्फबाट आकर्षक उपहार प्रदान गरिने उनले जानकारी दिए। प्रतियोगिताको मुख्य प्रायोजक एसियन ई-लर्निङ सेन्टर रहेको छ।

महामञ्जुश्री 'ए' प्रिक्वार्टरफाइनलमा

काठमाडौं / आयोजक महामञ्जुश्री 'ए' दोस्रो महामञ्जुश्री कप अन्तरविद्यालय श्री बाई श्री बास्केटबल प्रतियोगिताको सिनियर पुरुषतर्फ प्रिक्वार्टरफाइनलमा पुगेको छ। महामञ्जुश्री समूह 'ए'को विजेताका रूपमा अन्तिम १६ मा पुगेको हो। स्किब्स, एलआरआई, फ्लोरिडा, मनास्लु, नवीन ज्योति र ज्ञानचक्षु पनि प्रिक्वार्टरफाइनलमा पुगेका छन्। प्रतियोगितामा विभिन्न तीन विधामा ४४ विद्यालयका ७२ टिम सहभागी छन्। सिनियर पुरुषमा सर्वाधिक ३२ टोली छन्। जुनियर पुरुष र सिनियर महिलामा समान २० टोली छन्।

सद्भाव र तारालै जिते एमेच्योर गल्फ उपाधि



नयाँ पत्रिका

नेपालका सद्भाव आचार्यले भारतका भिभान उभायकारलाई पराजित गर्दै १२औं नेपाल अन्तर्राष्ट्रिय एमेच्योर गल्फ च्याम्पियनसिपको उपाधि रक्षा गरेका छन्। महिलातर्फ नेपालकी तारा कार्की चित्रकारले समग्रमा दुई सय ४१ स्कोरका साथ स्वर्ण पदक प्राप्त गरिन्। प्रतियोगितामा नेपालले सर्वाधिक तीन स्वर्ण, एक रजत र एक कांस्यसहित कुल पाँच पदक प्राप्त गरेको छ। सद्भावले समग्रमा नौ अन्डर दुई सय सातको स्कोर निकाली भिभानलाई चार स्ट्रोकले हराउँदै उपाधि रक्षा गरेका हुन्।

उनले टिम र व्यक्तिगततर्फ दुई स्वर्ण जित्न सफल रहे। गत संस्करण पनि उनले दुई स्वर्ण जितेका थिए। पाँच अन्डर दुई सय ११ स्कोरका साथ भिभान दोस्रो भए। नेपालका राहुल विश्वकर्मा समग्रमा तीन अन्डर दुई सय १३ स्कोर गरी तेस्रो भए। सद्भावले तेस्रो, छैटौं र सातौं होलमा बर्डी प्रहार गर्दा आठौं होलमा एक सट खेर फाले।

उनले फ्रन्ट नाइन दुई अन्डर ३४ स्कोर गरेका थिए। त्यसपछि १०औं, ११औं र १७औं होलमा बोगी खेप्दा १५औं होलको बर्डीको सहायताले उनले ब्याक नाइन दुई ओभर ३८ मा सकाए। भिभानले सातौं र नवौं होलमा बर्डी प्रहार गर्दा आठौं होलमा एक सट खेर फाले। उनी फ्रन्ट नाइन एक अन्डर ३५ स्कोरमा रोकिए। बोगीरहित ब्याक नाइन खेलेका उनले १३औं होलमा बर्डी प्रहार गर्दै ब्याक नाइन एक अन्डर ३५ स्कोर गरे। राहुलले तेस्रो होलमा बर्डी प्रहार गरेका थिए। पहिलो र आठौं होलमा बोगी प्रहार गर्दा उनले फ्रन्ट नाइन एक ओभर ३७ स्कोर गरेका थिए। उनले बाँकी नौ होलमा पार जोगाउँदै ब्याक नाइन इभन पार ३६ स्कोर गरेका थिए।

तारालाई १४ स्ट्रोकको अग्रता

महिलातर्फ नेपालकी तारा समग्रमा २५ ओभर दुई सय ४१ सहित शीर्ष स्थानमा रहिन्। उपविजेता सम्झना खत्रीलाई १४ स्ट्रोकले हराउँदै उनले स्वर्ण जितेकी हुन्। समग्रमा दुई सय ५५ स्कोर जोडेकी सम्झनाले रजत पदक प्राप्त गरिन्। भारतकी नयोनिका कपुरले काउन्ट ब्याकमा दुई सय ६० सहित कांस्य हात पारिन्। उनले अन्तिम दिन १३ ओभर ८५ मा खेल पूरा गरिन्। यू-१७ तर्फ भारतका भिभान समग्रमा पाँच अन्डर दुई सय ११ सहित भारतका निलोफर शिवमूर्तिलाई सात स्ट्रोकले हराउँदै उपाधि जित्न सफल रहे। एक अन्डर ७१ को स्कोर बनाएका निलोफर समग्रमा दुई ओभर दुई सय १८ सहित दोस्रो भए।

साबिक विजेता सद्भाव आचार्य र राहुल विश्वकर्माको जोडीले १३ अन्डर दुई सय ७५ को उत्कृष्ट स्कोरमा भारतको तरुण सरदेशाई एकेडेमीलाई १९ स्ट्रोकको फराकिलो अन्तरमा हराउँदै उपाधिको जिते। ५४ होलको तीन दिनसम्म चलेको प्रतियोगितामा नेपाल, भारत, श्रीलंका, बंगलादेश र भुटान गरी पाँच दक्षिण एसियाली राष्ट्रका ५२ खेलाडीको सहभागिता रहेको थियो।

इरान काभा भलिबलको च्याम्पियन

इरानले उपाधि रक्षा गर्दा घरेलु टोली नेपाल चौथो स्थानमा सीमित

नयाँ पत्रिका

साबिक विजेता इरानले काजकिस्तानलाई ३-१ को सेटमा हराउँदै सेन्ट्रल एसिया भलिबल एसोसिएसन (काभा) महिला भलिबल च्याम्पियनसिपको उपाधि रक्षा गरेको छ। इरान लगातार दोस्रोपटक च्याम्पियन बनेको हो। राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा इरानले पहिलो सेट २५-१८ ले आफ्नो पक्षमा पाऱ्यो। पहिलो सेट गुमाएको काजकिस्तानले दोस्रो सेटमा पुनरागमन गरेको थियो। काजकिस्तानले दोस्रो सेट २५-१९ ले जित्दै इरानमाथि दबाब बढाएको थियो।

अग्ला खेलाडी तथा प्रावधिक रूपमा उत्कृष्ट इरानले तेस्रो सेटमा रणनीति परिवर्तन गऱ्यो। उसले आफ्नो बलियो पक्ष ब्लक र सिरिभमा सुधार गऱ्यो। जसका कारण काजकिस्तान तेस्रो तथा चौथो सेटमा कमजोर देखियो। इरान तेस्रो सेट २५-१५ ले चौथो सेटमा समेत दबदबा कायम राख्दै २५-२१ ले विजयी भयो। यसअघि बिहीबार सेमिफाइनलमा इरानले नेपाललाई हराउँदै लगातार दोस्रोपटक फाइनल पुगेको थियो। काजकिस्तानले दक्षिण एसियाली राष्ट्र भारतमाथि सहज जित निकालेर उपाधिनजिक पुगेको थियो।

इरान र काजकिस्तान एकै समूहबाट



सेमिफाइनल पुगेका थिए। समूह चरणमा इरानले काजकिस्तानलाई ३-० ले हराएको थियो। समूह चरणको तुलनामा काजकिस्तानले फाइनलमा सुधारिएको खेल प्रदर्शन गरेको थियो।

नेपाल काभामा पदकविहीन

हामीले सोचेको जस्तो प्रदर्शन गर्न सकेनौं



● **जगदीश भट्ट**, प्रशिक्षक, नेपाल

हामीले सुरुमा प्रतियोगिता जित्ने लक्ष्य बनाएका थियौं। लक्ष्यअनुसार सेमिफाइनल पनि पुर्‍यौं। तर, इरान र काजकिस्तानजस्तो टिमलाई हराउन मुस्किल हो। तेस्रो स्थानमा हामीले भारतसँग प्रतिस्पर्धा गरेका थियौं। तर, यही खेलमा पनि हामी कमजोर भयौं। भारतरविरुद्ध मुख्य खेलाडी चलेनन्। भारत अघिल्लो खेलभन्दा राम्रो प्रदर्शन पनि गर्न सफल भयो।

नेपाली राष्ट्रिय महिला भलिबल टोली काभा महिला भलिबल च्याम्पियनसिपमा पहिलोपटक पदकविहीन भएको छ। यसअघि काठमाडौंमा आयोजना भएका तीनवटा काभा च्याम्पियनसिपमा पदकविहीन भयो। सन् २०२४ मा भारतसँगै पराजित नेपालले रजत हात पारेको थियो। गत संस्करणमा नेपाल कांस्य पदकमा सीमित भयो। यसपटक तेस्रो स्थानका लागि भएको खेलमा नेपाल चिरपरिचित प्रतिद्वन्द्वी भारतसँग ३-१ ले पराजित भयो।

भारतले नेपाललाई २५-२२, २५-२३,१५-२५ र २५-२२ ले हरायो। सेमिफाइनलमा टोलीले निराशाजनक प्रदर्शन गरेपछि भारत र नेपालबिच तेस्रो स्थानका लागि खेल भएको थियो। यसअघि नेपाल र भारत एउटै समूहबाट अन्तिम चारमा पुगेका थिए। लिग चरणमा भारतले नेपाललाई ३-२ ले हराएको थियो। अन्तिम तथा निर्णायक सेटमा कमजोर प्रदर्शन गरेपछि नेपाल पराजित भएको थियो। तेस्रो स्थानका लागि भएको खेलमा भारतले पहिलो सेट २५-२२ ले आफ्नो पक्षमा पारेको थियो। दोस्रो सेटमा पनि भारतले २५-२३ ले विजयी भयो। तेस्रो सेटमा भने रिमा कुँवर र सुमित्रा रेग्मीले सानदार प्रदर्शन गरेपछि नेपाल २५-१५ को जित निकाल्न सफल भयो। चौथो सेटमा नेपालले संघर्ष गरे पनि २५-२२ ले पराजित हुन पुग्यो। ८ जेठबाट सुरु भएको काभा महिला भलिबल च्याम्पियनसिपमा नेपाल, भारत, इरान र काजकिस्तानसहित माल्दिभ्स, किर्गिस्तान, श्रीलंका र माल्दिभ्स सहभागी भएका थिए।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com